सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# नयाँ पत्रिका

nayapatrikadaily.com

२ पुस २०८२, बुधबार (17 Dec 2025, Wednesday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक २३७ ■ पृष्ठ ८    nayapatrikaofficial    @NAYA_PATRIKA    मूल्य रु. १०/-

## अबौँ लगानी भएका २० विमानस्थल बेवारिसे

आवश्यकताको अध्ययन नै नगरी हवाई नीतिसमेत उल्लंघन गरेर जथाभावी विमानस्थल निर्माण गर्दा राज्यकोषको अबौँ लगानी बालुवामा पानीसरह भएको छ, उडानयोग्य रहेर पनि बन्द केही विमानस्थलका नाममा अहिले पनि हुन्छ नियमित खर्च

### ■ पाटन विमानस्थल चार वर्षदेखि उडानविहीन



बैतडीमा **लोकेश साउद**

०३६ मा निर्माण भएको बैतडीको पाटन विमानस्थल ०५१ मा बन्द भएको थियो। कालोपत्रे गरेपछि १७ असोज ०७७ मा पुनः सञ्चालनमा आयो। सुरुमा हप्तामा दुई र त्यसपछि हप्तामा एक उडान गरेको समिट एयरले ०७८ पुसपछि उडान बन्द गरेको छ।

### ■ सुनथराली एयरपोर्टमा आएन जहाज



जुम्लाबाट **मानदत्त रावल**

०४२ मा बनेको र ३७ वर्षपछि कालोपत्रे गरिएको कालीकोटको कोटबाडास्थित सुनथराली विमानस्थल ०७३ देखि ठप्प छ। धावनमार्ग कालोपत्रे भएपछि तत्कालीन पर्यटनमन्त्री जीवनबहादुर शाहीले परीक्षण उडान गरेका थिए। त्यसपछि जहाज अवतरण भएको छैन।

### ■ लामीडाँडा विमानस्थल जहाजको प्रतीक्षामा



खोटाङमा **केदार लाफा**

०२८ मा निर्माण गरिएको खोटाङको लामीडाँडा विमानस्थल कालोपत्रे गरेर ३ असार ०७६ मा परीक्षण उडान भएयता जहाज आएको छैन। उडान ठप्प भएपछि कर्मचारी र उपकरणसमेत उठाएर अन्यत्र लगिएको स्थानीय बासिन्दाले बताएका छन्।

**सुवास भट्ट**/नयाँ पत्रिका

आवश्यकता, कानुन र विधि प्रक्रिया मिचेर बदनियत राखी भक्तपुरको नलिन्चोकमा हेलिपोर्ट बनाउँदा साढे १३ करोड हिनामिना भएको भन्दै हालै अख्तियारले नागरिक उड्डयन प्राधिकरणका महानिर्देशकसहित ६ विरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ। नलिन्चोक हेलिपोर्टजस्तै आवश्यकताको अध्ययन नै नगरी देशभर अबौँ लगानीमा निर्माण गरिएका २० विमानस्थल बेवारिसे छन्, केही सञ्चालनमै आएनन्, केही चल्दाचल्दै बन्द भएका छन्। सञ्चालनयोग्य दुर्गमका कतिपय विमानस्थलमा विमान सेवा कम्पनीहरू आकर्षित भइरहेका छैनन्। वैदेशिक ऋणमा चलेको देशका लागि यो निकै ठुलो आर्थिक क्षति हो।

महालेखा परीक्षकको कार्यालयले नै

» पृष्ठ २ मा क्रमशः

### ■ यी हुन् विमान नजाने विमानस्थल

नागरिक उड्डयन प्राधिकरणको वार्षिक प्रतिवेदन 'क्यान रिपोर्ट, २०२४' अनुसार देशभर ५५ विमानस्थल रहेकामा ३५ मात्रै सञ्चालनमा छन्। २० आन्तरिक विमानस्थल बन्द छन्। बलेवा (बागलुङ), चौरजहारी (रुकुम), दार्चुला, ढोरपाटन (बागलुङ), पालुङटार (गोरखा), जिरी (दोलखा), कालीकोट, कमल बजार (अछाम), काँगेलडाँडा (सोलुखुम्बु), खिजी चण्डेश्वरी (ओखलढुंगा), लाङटाङ (रसुवा), लामीडाँडा (खोटाङ), महेन्द्रनगर (कञ्चनपुर), मनाङ, मसिनेचौर (डोल्पा), मेघौली (चितवन), रोल्पा, रुम्जाटार (ओखलढुंगा), स्याङ्बोचे (सोलुखुम्बु) र टीकापुर (कैलाली) विमानस्थल सञ्चालनमा छैनन्। यीमध्ये नौ विमानस्थलको धावनमार्ग उडानका लागि योग्य छैनन्। जुन दार्चुला, ढोरपाटन, पालुङटार, जिरी, खिजी चण्डेश्वरी, लाङटाङ, महेन्द्रनगर, रोल्पा र स्याङ्बोचे हुन्। उडानयोग्य भएर पनि उडान नभएका विमानस्थलका नाममा सरकारले नियमित खर्च पनि गरिरहेको छ। सञ्चालनमा नरहेका केही विमानस्थललाई भने सरकारले निजी क्षेत्रको सहकार्यमा प्याराग्लाइडिङ, प्यारासुट, स्काई डाइभिङ, अल्ट्रालाइटजस्ता मनोरञ्जनात्मक तथा साहसिक पर्यटनका लागि उपयोग गर्ने घोषणा गरे पनि योसमेत कार्यान्वयन नभएकोमा महालेखाले प्रश्न गरेको छ।



■ पूर्वपर्यटनसचिव एवं पूर्वाधारविज्ञ किशोर थापा भन्छन्-

### जथाभावी विमानस्थल बन्नु चुनावी राजनीतिको परिणाम हो

बहुदलीय प्रजातन्त्र पुनर्स्थापनापछि चुनावमा हरेक राजनीतिक दलले घोषणापत्र र उम्मेदवारले भाषणमा आफ्नो निर्वाचन क्षेत्रमा विमानस्थल बनाउने आश्वासन दिए। जो पर्यटनमन्त्री बने पनि आफ्नो निर्वाचन क्षेत्रमा विमानस्थल लैजाने होडबाजी चल्यो। सरकार हाँकेको दल र आन्दोलनबाट आएका नेताले भनेपछि कर्मचारीले रोक्न सक्ने अवस्था रहेन। उसले विमानस्थल आवश्यक छ कि छैन भनेर प्रश्न गर्न सक्दैन, मात्र प्रक्रिया पूरा गरिदिने भयो। म आफैँ पर्यटनसचिव हुँदा यस्ता दबाब झेलेको हुँ। जनसंख्याको अनुपातमा कति विमानस्थल चाहिन्छ भन्ने नीति र विचार नगरी अनावश्यक पूर्वाधार बनाइयो। सारमा, विमानस्थल पूर्वाधार निर्माणमा चुनावी राजनीति हाबी भएको हो।

### पोखरा विमानस्थलका प्रमुखसँग साढे दुई करोड अकुत सम्पत्ति

**विशेष अदालतमा मुद्दा दायर**

नेपाल नागरिक उड्डयन प्राधिकरणका प्रबन्धक बिनेश मुनकर्मीविरुद्ध अकुत सम्पत्ति आर्जनको अभियोगमा भ्रष्टाचार मुद्दा दायर भएको छ। अख्तियारले उनीविरुद्ध मुद्दा दायर गरेको हो। उनीसँग दुई करोड ५० लाख ३४ हजार ५१७ रुपैयाँ स्रोत नखुलेको गैरकानुनी सम्पत्ति भेटिएकाले सोहीबराबरको बिगो कायम गरी मुद्दा दायर गरिएको आयोगले जनाएको छ। उनीसँग ६ करोड २४ लाखबराबरको सम्पत्ति भेटिएकोमा त्यसमध्ये साढे दुई करोड भ्रष्टाचारबाट आर्जन गरेको अख्तियारको अभियोग छ। सम्पत्ति जफतको प्रयोजनका लागि आयोगले उनकी श्रीमती पूर्णकुमारी गोसाईंविरुद्धसमेत मुद्दा दायर गरेको छ। मुनकर्मी पछिल्लो समय पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको आयोजना प्रमुख थिए।



### रसुवागढीमा मितेरी पुल निर्माण

**एक सातापछि नाका सञ्चालनको तयारी**



● रसुवाका प्रमुख जिल्ला अधिकारी **राजेश पन्थी** भन्छन्-

पुल निर्माणको काम सकिएको र प्राविधिक परीक्षण चलिरहेको जानकारी पाएका छौँ। चिनियाँ पक्षले पुलबारे आधिकारिक जानकारी दिइसकेको छैन, एक सातापछि नाका सञ्चालनमा आउने हाम्रो अपेक्षा छ।

(विस्तृत पृष्ठ २)

### जाँचबुझ आयोगको म्याद थप्ने तयारी



जेन-जी आन्दोलनमा भएको दमन र क्षतिबारे छानबिन गर्न पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको अध्यक्षतामा गठन भएको जाँचबुझ आयोगको म्याद एक साता मात्र बाँकी रहँदा अझै सकिएको छैन बयान

### क्रमसंख्याविनाका क्रियाशील सदस्यता फाराम वितरणपछि कांग्रेसमा विवाद

महामन्त्री गगन थापा नेतृत्वको क्रियाशील सदस्यता व्यवस्थापन समितिले जिल्ला पठाएका चार लाख फाराम रद्द, नयाँ पठाइने

ज्योति विकास बैंकका कर्मचारीमाथि कुटपिट प्रकरण



### सप्तकोशीकी उपमेयर फरार, पति पक्राउ

(विस्तृत



### बजेट रोक्काले विकासे मन्त्रालय प्रभावित

**पुँजीगत खर्चमा १७ प्रतिशत गिरावट**

(विस्तृत

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

## फौजदारी अभियोग लागेकालाई रोक्न निर्वाचन आयोगको गृहकार्य

**फौजदारी कसुर र भ्रष्टाचार मुद्दा लागेको भए उम्मेदवारी दिँदा स्वघोषणा गर्नुपर्ने, स्वघोषणाले अभियोगबारे मतदाताले जानकारी पाउने र उम्मेदवारी दिनेलाई नैतिक जिम्मेवार बनाउने आयोगको बुझाइ**



● **रामप्रसाद भण्डारी**

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त

उम्मेदवारी दिँदा मुद्दा लागेको वा फरार भएको किन नहेरेको भन्ने प्रश्न आउँछ। यसलाई व्यवस्थित गर्न हामीले एकीकृत निर्वाचन विधेयकमा पनि प्रस्ताव गरेका थियौँ, तर त्यो अघि बढेन। अब आयोगले आफ्नो स्वायत्त अधिकार प्रयोग गरी स्वघोषणामार्फत उम्मेदवारलाई जवाफदेही बनाउँछ।

**कमलराज भट्ट**/नयाँ पत्रिका

निर्वाचन आयोगले आगामी २१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनमा फौजदारी अभियोग लागेका व्यक्तिलाई जवाफदेही बनाउने तयारी थालेको छ। फौजदारी कसुर तथा भ्रष्टाचारसम्बन्धी मुद्दा लागेका व्यक्तिलाई उम्मेदवारी दिन निरुत्साहित गर्न आयोगले प्रतिनिधिसभा तथा प्रदेश सभा निर्वाचन निर्देशिका संशोधन गर्न थालेको छ। निर्देशिकामा सहकारी हिनामिनामा संलग्न व्यक्तिलाई पनि समेट्न खोजिएको छ।

हाल मुद्दा अन्तिम अदालतबाट किनारा नलागेसम्म उम्मेदवार बन्न पाउने कानुनी

» पृष्ठ २ मा क्रमशः

## ११ सय स्वचालित क्यामेराको निगरानीमा पाटेबाघ

पाँच निकुञ्ज र आसपासका क्षेत्रमा थालियो पाटेबाघ गणना, आगामी २९ जुलाई अर्थात् बाघ दिवसका दिन संख्या सार्वजनिक गर्ने सरकारको लक्ष्य

**यम बम**/नयाँ पत्रिका

चार वर्षअघिको गणनामा नेपालमा ३५५ पाटेबाघ रहेकोमा अहिले यो संख्या कति होला ? यही प्रश्नको जवाफ खोज्न सरकारले मंगलबारदेखि पाटेबाघ सर्वेक्षण (गणना) सुरु गरेको छ। गणनापछिको यकिन संख्या बाघ दिवस अर्थात् २९ जुलाईमा सार्वजनिक गर्ने सरकारको तयारी छ।

वन तथा वातावरणमन्त्री माधवप्रसाद चौलागाईंले मंगलबार चितवन निकुञ्जको सौराहा क्षेत्रमा स्वचालित क्यामेराको स्विच अन गरेर बाघ गणनाको सुरुवात गरेका छन्। एक हजार एक सय स्वचालित क्यामेरासहित २५० जना बाघ गणनामा

» पृष्ठ २ मा क्रमशः



चितवन राष्ट्रिय निकुञ्जको सौराहामा जडान गरिएको स्वचालित क्यामेरा अवलोकन गर्दै वनमन्त्री माधवप्रसाद चौलागाईं

### ■ यसरी गरिन्छ बाघ गणना

बाघ पाइने तीन कम्प्लेक्स (चितवन-पर्सा, बाँके-बर्दिया र शुक्लाफाँटा-लालझाडी)लाई ब्लकमा विभाजन गरी ब्लकभित्र दुई किलोमिटर लम्बाइ र दुई किलोमिटर चौडाइका वर्गाकार ग्रिड बनाइन्छ। हरेक ग्रिडमा एक जोडी स्वचालित क्यामेरा जडान गरी कम्तीमा १५ दिनसम्म बाघको फोटो खिचेर ती फोटोको विश्लेषण गरी बाघको अनुमान गरिन्छ। 'क्यामेराले खिचेको फोटोमा बाघको पाटा हेरिन्छ, एउटा बाघको पाटा अर्को बाघसँग मेल खाँदैन। त्यही आधारमा संख्या यकिन हुन्छ,' राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका वरिष्ठ इकोलोजिस्ट हरिभद्र आचार्यले भने। उनका अनुसार बाघ गणनाका लागि २५० जनशक्ति र एक हजार एक सय क्यामेरा प्रयोग हुनेछन्। बाघ गणनामा तीन करोड खर्च हुने आकलन गरिएको छ।

## एमाले महाधिवेशन : अन्तिम समयमा मेसिनले दिएन साथ, आज मतदान

तेस्रोपटक समय सारेर साँझ ७ बजेबाट मतदानको तालिका थियो, त्यसैअनुसार प्रतिनिधि दुई घण्टादेखि लाइनमा बसेका थिए, तर अन्तिम समयमा मेसिनको प्राविधिक समस्या र चिसो मौसमको कारण देखाएर अध्यक्षका उम्मेदवार केपी ओली र ईश्वर पोखरेलले सहमतिमै गरे मतदान प्रक्रिया स्थगित

**शुरोजंग पाण्डे**/नयाँ पत्रिका

एमालेको ११औँ राष्ट्रिय महाधिवेशनमा नयाँ नेतृत्व चयनको मतदान प्रक्रिया बुधबार बिहान ८ बजेबाट मात्र हुने भएको छ। मंगलबार बिहान ११ बजेदेखि सुरु गर्ने पूर्वनिर्धारित कार्यतालिकाअनुसारको मतदान चौथोपटक सारिँदै बुधबार बिहान ८ बजे पुर्‍याइएको छ। २९ मंसिरसम्म तय भएको महाधिवेशन कम्तीमा दुई दिन धकेलिएको छ।

अध्यक्षका उम्मेदवार केपी ओली र ईश्वर पोखरेलले मतदान मेसिनमा देखिएको प्राविधिक समस्या तथा चिसो मौसम मध्यनजर गर्दै आपसी परामर्शमा मतदान प्रक्रिया स्थगित गर्ने सहमति गरेका हुन्। महासचिव शंकर पोखरेलका अनुसार मंगलबार साँझ ७ बजेदेखि सुरु गर्ने भनिएको मतदान प्राविधिक समस्याका कारण समयमै सुरु हुन सकेन।

'मेसिनमा देखिएको प्राविधिक समस्या समाधान नभएसम्म चिसो मौसमका कारण राति प्रतीक्षा गरिरहने अवस्था रहेन। त्यसैले बुधबार बिहान ८ बजेबाट मतदान सुरु गर्ने गरी स्थगित गरिएको हो,' ओली, पोखरेललगायत पदाधिकारी सहभागी मञ्चबाट महासचिव पोखरेलले भने।

सचिव पदका उम्मेदवार विनोद ढकालले पनि अन्य कुनै कारण नभई मतदान मेसिनको सर्भरमा देखिएको प्राविधिक समस्याका कारण प्रतिस्पर्धी नेताहरूको समझदारीमा मतदान सरेको स्पष्ट पारे। '६ सयभन्दा बढी उम्मेदवारको नाम मेसिनमा इन्ट्री गरी फोटोसमेत राख्न १५-१६ घण्टा

» पृष्ठ २ मा क्रमशः



### यसरी फर्किए प्रदीप ज्ञवाली

पृष्ठ २



मंगलबार साँझ ७ बजेको लागि मतदानको समय तय भएपछि दुई घण्टादेखि लाइनमा बसेका प्रतिनिधि। तस्विर : **अमुल थापा**/नयाँ पत्रिका

### केपीको लिस्टमा ईश्वर-सुरेन्द्र आउट, ईश्वरकोमा केपी इन

मतदान सजिलो बनाउन अध्यक्षका उम्मेदवार केपी ओली र ईश्वर पोखरेल समूह दुवैले मंगलबार दिउँसो १२ बजेतिरैबाट आ-आफ्नो प्यानलको सूची बाँडेका थिए। तर, ओली पक्षले बाँडेको लिस्टमा अध्यक्षका उम्मेदवार पोखरेलसहित उनी पक्षधर पदाधिकारीलाई खुलातर्फको केन्द्रीय सदस्यमा समेत समेटिएन।



तर, यसको ठिकविपरीत पोखरेल पक्षले भने ओली प्यानलमा रहेका महासचिव शंकर पोखरेल, उपमहसचिव विष्णु रिमाल, सचिवका उम्मेदवारहरू भानुभक्त ढकाल, महेश बस्नेत, डा. राजन भट्टराईबाहेक धेरैको नाम सूचीमा राखेको छ। त्यस्तै, पूर्वमाओवादीको प्रतिनिधित्व गर्ने रामबहादुर थापा 'बादल' र लेखराज भट्टको नाम पनि समेटेको थियो। त्यस्तै, केन्द्रीय सदस्यमा पनि तीन दर्जनभन्दा बढी ओलीको सूचीमा रहेकालाई पोखरेल पक्षले समेटेको छ।

पहिले ओलीनिकट रहेका आनन्दप्रसाद पोखरेललाई पोखरेल प्यानलले उपमहासचिवको उम्मेदवार बनाएको छ। त्यस्तै, गोकुल बाँस्कोटा, कृष्णगोपाल श्रेष्ठहरू पनि पोखरेलकै प्यानलबाट उम्मेदवार बनेका छन्। ओलीको प्यानलमा नपरेकालाई सूचीमा समेट्ने र ओली प्यानलमै परेकालाई पनि राखेर मत चोरेर जित्ने रणनीतिअन्तर्गत त्यस्तो गरिएको पोखरेलपक्षीय नेताहरूको भनाइ छ। तर, ओली पक्षले भने पोखरेल पक्षको कमजोर पोजिसनका कारण भ्रम सिर्जना गर्ने प्रयास मात्र गरेको आरोप लगाएको छ।

# रसुवागढीमा मितेरी पुल निर्माण

## एक सातापछि नाका सञ्चालनको तयारी

नयाँ पत्रिका



२४ असारको बाढीले क्षतिग्रस्त रसुवागढी नाकामा नयाँ बेलिब्रिज जडान भएको छ। पुलको प्राविधिक परीक्षण चलिरहेको र समस्या नदेखिए अर्को सातासम्म नाका सञ्चालनको तयारी छ। रसुवाका प्रमुख जिल्ला अधिकारी राजेश पन्थीले पुल निर्माण सकिएको र परीक्षणपछि अर्को सातासम्म नाका खुल्ने आफूहरूको अपेक्षा रहेको बताए। 'पुल निर्माणको काम सकिएको र प्राविधिक परीक्षण चलिरहेको जानकारी पाएका छौं,' प्रजिअ पन्थी भन्छन्, 'चिनियाँ पक्षले पुलबारे आधिकारिक जानकारी दिइसकेको छैन, एक सातापछि नाका सञ्चालनमा आउने हाम्रो अपेक्षा छ।'

पुल निर्माणको काम सम्पन्न भएपछि नेपाली पक्षले नाका सञ्चालनका लागि आफ्नो तयारी थालेको छ। रसुवागढी भन्सार कार्यालयले दैनिक ५०-६० वटा गाडी जाँचपास गर्न सकिने जानकारी गराएको छ। बाढीले पुलसँगै बगाएको भन्सारको यार्ड पनि बनाउने काम जारी छ। बाढीले पुलसँगै नेपालतर्फ सडकमा पनि ठुलो क्षति पुर्‍याएको छ। हाल ट्र्याक खोलेर सडक कामचलाउ रूपमा सञ्चालन भइरहेको छ। नाका खुलेपछि रसुवागढीदेखि स्याफ्रुबेँसीसम्म एकतर्फी रूपमा सडक सञ्चालन गर्ने योजना रहेको प्रजिअ पन्थी बताउँछन्।

रसुवागढीदेखि स्याफ्रुबेँसीसम्म १६ किलोमिटर सडक पानी परेपछि सञ्चालन गर्न कठिन हुने अवस्था छ। सडक निर्माणको ठेक्का पनि गल्छी–मैलुङ–स्याफ्रुबेँसी–रसुवागढी सडक सुधार आयोजनाले चिनियाँ ठेकदार कम्पनीलाई नै दिइसकेको छ। सो कम्पनीले कामदार राख्न क्यापहरू निर्माण गरिसकेको छ। नाका खुलेलगत्तै थप काम सुरु गर्ने उनीहरूले जानकारी गराएका छन्।

## एमाले महाधिवेशन...

पृष्ठ १ बाट क्रमशः

लाग्ने अनुमान थियो। तयारीकै क्रममा साँझसम्म पनि प्राविधिक समस्या देखिएकाले प्रतीक्षा गरिरहने अवस्था नभएपछि मतदान सारिएको हो,' उनले भने।

मंगलबार बिहान ११ बजेबाट मतदान गर्ने कार्यतालिका रहे पनि पहिलोपटक दिउँसो १२ बजे, दोस्रोपटक साँझ ५ बजे, तेस्रोपटक साँझ ७ बजे र अन्ततः बुधबार बिहान ८ बजेका लागि चौथोपटक सारिएको हो। नेताहरूका अनुसार ६ सयभन्दा बढी उम्मेदवारको विवरण र फोटो मेसिनमा प्रविष्ट गर्न १५ घण्टाभन्दा बढी समय लागेको र मेसिन पूर्ण रूपमा चुस्त रहेको परीक्षणपछि मात्र मतदान सुरु गर्नुपर्ने भएकाले ढिलाइ भएको हो।

बुधबार नेपाल कम्युनिस्ट पार्टीले कार्यक्रमका लागि भृकुटीमण्डपको सभाहल बुक गरेकाले एमाले रातभरि नै भए पनि मतदान गराउनुपर्ने दबाबमा परेको थियो। तर, हाल बन्दसत्र सञ्चालन भइरहेको हल सो पार्टीलाई छोडेर खानाको तयारी गरिएको प्रदर्शनीस्थलको ठुलो हलमा मतदान गराउने तयारी एमाले निर्वाचन आयोगले गरेको छ।

मतदान स्थगित हुनुअघि प्रतिनिधिहरू मतदानका लागि दुई घण्टाअघिदेखि लाइनमा बसेका थिए। स्थगनसँगै प्रतिनिधि तथा उम्मेदवारहरू आ-आफ्नो वासस्थान फर्किएका छन्। यसबिच प्रतिस्पर्धी उम्मेदवारलाई जितका लागि आवश्यक तयारी र प्रतिनिधिलाई मनाउन थप समयसमेत उपलब्ध भएको छ। अध्यक्ष पदका लागि ओली र पोखरेल प्यानलसहित प्रतिस्पर्धामा छन्।

### यसरी फर्किए प्रदीप ज्ञवाली

अध्यक्ष केपी ओलीले शंकर पोखरेललाई दोस्रोपटक महासचिवमा दोहोर्‍याउने निर्णय गरेपछि असन्तुष्ट बनेका उपमहासचिव प्रदीप ज्ञवाली अन्ततः अध्यक्षसहितको टिमलाई जिताउन सक्रिय बनेका छन्। पोखरेललाई महासचिवमै दोहोर्‍याएपछि ज्ञवालीले केन्द्रीय सदस्यमा मात्रै उम्मेदवारी दर्ता गराएका थिए। त्यसलगत्तै, उनी सोमबार घर गएका थिए। ओलीले उनलाई उपाध्यक्षमा उम्मेदवारी दिन आग्रह गरेका थिए। यसमा उनलाई महासचिवका अर्का आकांक्षी पृथ्वीसुब्बा गुरुङदेखि उपाध्यक्ष विष्णु पौडेलसम्मको समर्थन थियो।

तर, महाधिवेशनस्थलको बन्दसत्र हलबाट साँझ बाहिरिएका ज्ञवाली बेलुकी अध्यक्ष ओलीसँगको टेलिफोन संवादपछि असहमति राख्दै पनि टिमलाई जिताउन सहमत भएका थिए। ओलीसँगको संवाद र टिमभित्रकै नेताहरूको दबाबमा परेका ज्ञवालीले अन्ततः मंगलबार बिहान लामै स्टाटस लेखेर ओलीलाई जिताउने प्रतिबद्धता मात्र जनाएनन्। फिल्डमै पुगेर महासचिवका उम्मेदवार पोखरेललाई मत मागे। केन्द्रीय सदस्यमा मात्र उम्मेदवारी दिएर असन्तुष्टि पोखेका ज्ञवालीप्रति महाधिवेशन प्रतिनिधिले सहानुभूति जनाएका थिए। तर, बिहानै अडान परिवर्तन गरेपछि उनका कतिपय समर्थकले भने उनको निर्णयको आलोचना पनि गरेका छन्।

## ११ सय...

पृष्ठ १ बाट क्रमशः

जुटेका छन्। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका अनुसार तीन महिनामा तराई भूपरिधिका पाँचवटा राष्ट्रिय निकुञ्ज (पर्सा, चितवन, बाँके, बर्दिया र शुक्लाफाँटा) वरपरका मध्यवर्ती तथा राष्ट्रिय वन एवं जैविक मार्गमा क्यामेरा ट्र्यापिङमार्फत बाघ गणना हुनेछ। तीन महिनाभित्र बाघको तथ्यांक संकलन गरेर त्यसपछि फोटो विश्लेषण गरी संख्या यकिन गरिनेछ। त्यही संख्यालाई आधिकारिक मानेर सरकारले बाघ दिवसका दिन सार्वजनिक गर्नेछ।

विभागका वरिष्ठ इकोलोजिस्ट हरिभद्र आचार्यका अनुसार निकुञ्ज एवं वरपरका वन क्षेत्र समेटेर चितवन-पर्सा कम्प्लेक्समा मंगलबारबाट गणना सुरु भएको हो। बाँके-बर्दिया कम्प्लेक्समा ५ पुस र अन्तिममा शुक्लाफाँटा-लालझाडी कम्प्लेक्समा क्यामेरा राखेर गणना गरिनेछ।

नेपालमा ०६७ मा १२१, ०७० मा १९८, ०७५ मा २३५ र ०७९ मा ३५५ बाघ थिए। पछिल्लोपटक सन् २०२२ मा भएको गणनामा नेपालमा बाघको संख्या ३५५ पुगेको थियो। चार वर्षअघि तराई-भूपरिधि क्षेत्रमा सर्वेक्षण गरिएको १६ हजार एक सय ६१ वर्गकिलोमिटर क्षेत्रमध्ये ११ हजार ५७ वर्गकिलोमिटर (६८ प्रतिशत) मा बाघको उपस्थिति रहेको देखिएको थियो।

विश्व संरक्षणमा खतरामा रहेको बाघ संकटापन्न प्रजातिमा सूचीकृत छ। नेपाल, भारत, चीन, बंगलादेश, भुटान, कम्बोडिया, इन्डोनेसिया, मलेसिया, म्यानमार, रुस, लाओस, थाइल्यान्ड र भियतनामसहित १३ देशमा बाघको संख्या पाँच हजार दुई सय मात्र छ।

## नेपालको लक्ष्य- बाघको संख्यालाई हालकै अवस्थामा कायम राख्ने

नेपालले ०६७ मा बाघको संख्या दोब्बर पुर्‍याउने अन्तर्राष्ट्रिय प्रतिबद्धता गरेकामा तेब्बर पुर्‍याइसकेको छ। ०६७ मा रुसको सेन्ट पिटर्सबर्गमा भएको बाघ सम्मेलनमा नेपालसहित १३ देशले १२ वर्षमा संख्या दोब्बर बनाउने प्रतिबद्धता जनाएका थिए। त्यतिखेर नेपालमा बाघको संख्या १२१ रहेकामा २५० पुर्‍याउने लक्ष्य थियो। तर, सोहीअनुसार बाघ संरक्षणका कार्यक्रम चलाइएकामा चार वर्षअघि नै ३५५ कायम भइसकेको छ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका वरिष्ठ इकोलोजिस्ट आचार्यले संख्या दोब्बर बनाउने नेपालको लक्ष्य पूरा भइसकेकाले बाघलाई हालकै अवस्थामा कायम राख्ने र निकुञ्जमा घाँसेमैदान, पानीपोखरीसहित आहारा प्रजाति सुनिश्चित गर्ने रहेको बताए। सर्वेक्षणका आधारमा बाघको घनत्व बढी भएका क्षेत्रमा आहारा कम हुन नदिन र स्थानीय बासिन्दालाई वनमाथिको निर्भर कम गर्न जीविकोपार्जनका कार्यक्रममा सघाइने उनले बताए।

'निकुञ्ज तथा वरपरको क्षेत्रमा बाघ र आहारा प्रजातिको अवस्था पत्ता लगाएर मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि कार्यक्रम सञ्चालन गर्न सहयोग पुग्नेछ,' उनले भने, 'त्यसका लागि बाघ संख्या, अवस्था, घनत्व र विचरण कहाँ बढेको छ भनेर थाहा पाउनुपर्ने हुन्छ। आहारा प्रजातिको घट्दो वा बढ्दो के छ भनेर थाहा पाएपछि त्यहीअनुसार कार्यक्रम सञ्चालन गरेर मानव-वन्यजन्तु द्वन्द्व घटाउने गरी नीति, कार्यक्रम सञ्चालन गर्नुपर्ने हुन्छ।'


धनगढी उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

बोलपत्रको आशय पत्र सम्बन्धि सूचना

प्रकाशित मिति २०८२/०९/०२

यस धनगढी उप- महानगरपालिका नगर कार्यपालिका कार्यालयको आ. व. २०८२/०८३ अन्तर्गत तपसिल बमोजिमका कार्यको लागि राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सुचना अनुसार न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिन आएका बोलपत्र स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम सम्बन्धित सबै फर्मको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल:

| ठेक्का न. | कामको विवरण | फर्म/ कम्पनी | कबोल रकम |
|---|---|---|---|
| 29/DSMC/ 2082/083 | Construction of RCC Framed Building of Manab Sewa Aashram at Ward No. 15 DSMC | श्री सैपाल निर्माण सेवा प्रा. लि. धनगढी, कैलाली | रु. ४०,५५,०७१/६६ मु. अ. क. बाहेक |
| 30/DSMC/ 2082/083 | Construction of Irrigation structures at B Gaun Danda and Siddharthnagar Boring at Ward No. 12 DSMC | श्री जि. एम. निर्माण सेवा धनगढी, कैलाली | रु. ४८,५१,५३३/७० मु. अ. क. बाहेक |

नि. प्रमुख प्रशासकीय अधिकृत



Government of Nepal
Ministry of Physical Infrastructure and Transport
Department of Roads
Federal Road Supervision & Monitoring Office, Kathmandu

ROAD DIVISION KATHMANDU

Invitation for Bids No: 10-2082-83

(Date of first publication: 2082/09/02)

Road Division Kathmandu invites electronic bids from eligible bidders for following works:

| Contract Number | Description and Location | Estimated Amount (Without VAT, PS) | Bid Security Amount | Document Fee |
|---|---|---|---|---|
| RDKTM/337310113/ 082/83/030(RE) | Supply of construction material at division yard for recurrent maintenance works | 16,93,242.86 | 47,000.00 | 1,000.00 |
| RDKTM/337310113/ 082/83/031 | Supply of construction material at division yard for recurrent maintenance works | 43,08,191.60 | 1,18,000.00 | 3,000.00 |

Deadline for Bid Submission and Opening:

| C. No. | Submission of Bid | | Opening of Bid | | Revenue a/c No. | 00100106200000 | Office code | 337013512 |
|---|---|---|---|---|---|---|---|---|
| | Date | Time | Date | Time | Revenue Heading No. | 14229 | Bank | Everest Bank Ltd |
| | | | | | Name of Office | Financial Comptroller General Office | | |
| 030(RE) | 2082/09/17 | 12:00 | 2082/09/17 | 13:00 | Deposit A/c No. | 1960100102030000 | Office code | 337013512 |
| | | | | | Name of Office | District Treasury Controller Office, Singhdurbar | | |
| 31 | 2082/10/04 | | 2082/10/04 | | Bank | Rastriya Banijya Bank Ltd, Singhdurbar | | |

Eligible Bidders may obtain further information at Road Division Kathmandu(Tel:014565457, Email: droktm1@gmail.com, rd_kathmandu@dor.gov.np) or may visit PPMO's website http://bolpatra.gov.np/egp.

**Cancellation Notice**

This is to inform all the concerned bidders that the "Procurement of Security Services for Road Division Kathmandu" under Contract No. RDKTM/CONTINGENCY/082/83/008 has been cancelled as per Clause 26(Kha) of Public Procurement Act, 2063.

Division Chief


## अर्बौं लगानी...

पृष्ठ १ बाट क्रमशः

विमानस्थल पूर्वाधारमा जथाभावी लगानी भएको जनाएको छ। विमानस्थल सञ्चालन एवं व्यवस्थापनबारे महालेखाले ०८०/८१ मा गरेको 'कार्यमूलक तथा विशेष लेखा परीक्षण'को निष्कर्ष छ, 'नीति, गुरुयोजना, ठोस सम्भाव्यता यकिन नगरी, दिगोपन, प्रतिफल र प्रभावकारिता नहेरी गरिएको लगानीले विमानस्थल आयोजनाहरूले सरकारको व्ययभार बढाएको छ।'

हवाई नीति, २०६३ अनुसार निकटस्थ विमानस्थलबाट प्रस्तावित विमानस्थलको दूरी हिमाली र पहाडी क्षेत्रमा २० र तराई तथा भित्री मधेशमा कम्तीमा ४० नटिकल माइल हुनुपर्ने उल्लेख छ। नीति लागू भएपछि पनि निर्धारित दूरीभन्दा कम दूरीमा विमानस्थल निर्माण भएको महालेखाको प्रतिवेदनमा उल्लेख छ। ०८० मा २५ करोड लागतमा बनेको गुल्मीको रेसुंगा विमानस्थलदेखि हाल अर्घाखाँचीमा २० करोड लागतमा निर्माणाधीन विमानस्थलको दूरी ७.५ नटिकल माइल मात्रै छ। त्यस्तै, सोलुखुम्बुमा फाप्लु विमानस्थलको ७.११ नटिकल माइल दूरीमै १० करोड खर्चिएर काँगेलडाँडा विमानस्थल निर्माण गरियो। तर, यो विमानस्थल सञ्चालनमा छैन। उता, ३० करोड लागतमा बनाइएको इलामको फाल्गुनन्द सुकिलम्बा विमानस्थल झापाको चन्द्रगढी विमानस्थलबाट २० नटिकल माइलमा मात्रै छ। चन्द्रगढी विमानस्थल हुँदाहुँदै २० नटिकल माइलको दूरीमा फाल्गुनन्द सुकिलम्बा विमानस्थल आवश्यक नपर्ने हवाई नीतिले नै निर्देश गरेको छ।

सप्तरीमा राजविराज विमानस्थल सञ्चालनमै छ। हवाई नीतिविपरीत १५ नटिकल माइल दूरीमै उदयपुरमा पाँच अर्ब रुपैयाँ लागतमा सगरमाथा विमानस्थल निर्माणाधीन छ। त्यस्तै, ओखलढुंगाको खिँजी चण्डेश्वरी र रामेछाप विमानस्थलबिचको दूरी १४ नटिकल माइल मात्र छ। अछामको कमलबजार विमानस्थल र साँफेबगर विमानस्थलबिचको दूरी पनि १३ किलोमिटर मात्र छ।

'नयाँ विमानस्थल निर्माण गर्दा मापदण्ड पालना भएको देखिएन। मापदण्डका आधारमा निर्माण नभएका कारण निर्मित विमानस्थलहरूमा नियमित हवाई यातायात सञ्चालन हुन सकेको छैन,' महालेखाले भनेको छ, 'निर्माण सम्पन्न भए पनि सञ्चालनमा ल्याउन नसक्दा लगानीको अपेक्षित प्रतिफल प्राप्त हुन सकेको देखिएन। विमानस्थल निर्माण गर्दा नीतिगत व्यवस्थाको परिपालना गर्नुपर्छ।'

पूर्वपर्यटनसचिवसमेत रहेका पूर्वाधार मामिलाका जानकार किशोर थापा जथाभावी विमानस्थल बन्नु चुनावी राजनीतिको परिणाम भएको बताउँछन्। 'बहुदलीय प्रजातन्त्र पुनर्स्थापनापछि चुनावमा हरेक राजनीतिक दलले घोषणापत्र र उम्मेदवारले भाषणमा आफ्नो निर्वाचन क्षेत्रमा विमानस्थल बनाउने आश्वासन दिए। जो पर्यटनमन्त्री बने पनि आफ्नो निर्वाचन क्षेत्रमा विमानस्थल लैजाने होडबाजी चल्यो। सरकार हाँकेको दल र आन्दोलनबाट आएका नेताले भनेपछि कर्मचारीले रोक्न सक्ने अवस्था रहेन। उसले विमानस्थल आवश्यक छ कि छैन भनेर प्रश्न गर्न सक्दैन, मात्र प्रक्रिया पूरा गरिदिने भयो। म आफैँ पर्यटनसचिव हुँदा यस्ता दबाब झेलेको हुँ,' उनले भने, 'जनसंख्याको अनुपातमा कति विमानस्थल चाहिन्छ भन्ने नीति र विचार नगरी अनावश्यक पूर्वाधार बनाइयो। सारमा, विमानस्थल पूर्वाधार निर्माणमा चुनावी राजनीति हाबी भएको हो।'

नागरिक उड्डयन प्राधिकरणको वार्षिक प्रतिवेदन 'क्यान रिपोर्ट, २०२४' अनुसार देशभर ५५ विमानस्थल रहेकामा ३५ वटा मात्रै सञ्चालनमा छन्। सञ्चालनमा नरहेका २० आन्तरिक विमानस्थल हुन्। बलेवा (बागलुङ), चौरजहारी (रुकुम), दार्चुला, ढोरपाटन (बागलुङ), पालुङटार (गोरखा), जिरी (दोलखा), कालीकोट, कमल बजार (अछाम), काँगेलडाँडा (सोलुखुम्बु), खिजी चण्डेश्वरी (ओखलढुंगा), लाङटाङ (रसुवा), लामीडाँडा (खोटाङ), महेन्द्रनगर (कञ्चनपुर), मनाङ, मसिनेचौर (डोल्पा), मेघौली (चितवन), रोल्पा, रुम्जाटार (ओखलढुंगा), स्याङ्बोचे (सोलुखुम्बु) र टीकापुर (कैलाली) विमानस्थल सञ्चालनमा छैनन्। यीमध्ये नौ विमानस्थलको धावनमार्ग उडानका लागि योग्य छैनन्। जुन दार्चुला, ढोरपाटन, पालुङटार, जिरी, खिजी चण्डेश्वरी, लाङटाङ, महेन्द्रनगर, रोल्पा र स्याङ्बोचे हुन्। उडानयोग्य भएर पनि उडान नभएका विमानस्थलका नाममा सरकारले नियमित खर्च पनि गरिरहेको छ। सञ्चालनमा नरहेका केही विमानस्थललाई भने सरकारले निजी क्षेत्रको सहकार्यमा प्याराग्लाइडिङ, प्यारासुट, स्काई डाइभिङ, अल्ट्रालाइटजस्ता मनोरञ्जनात्मक तथा साहसिक पर्यटनका लागि उपयोग गर्ने घोषणा गरे पनि योसमेत कार्यान्वयन नभएकोमा महालेखाले प्रश्न गरेको छ।

### चलेका विमानस्थलमा पनि छैनन् पर्याप्त उडान

पहाडी तथा हिमाली क्षेत्रमा नियमित सञ्चालन हुने ताप्लेजुङ, भोजपुर, खानीडाँडा, थामखर्क, लुक्ला, जोमसोम, रेसुङ्गा, दाङ, रुकुम सल्ले, सिमकोट, जुफाल, बझाङ, बैतडीलगायतका विमानस्थलमा उडान तालिकाभन्दा कम संख्यामा उडान भएको महालेखाको प्रतिवेदनमा उल्लेख छ। प्रतिवेदनअनुसार गत वर्ष सन् २०२४ मा ताप्लेजुङ विमानस्थलबाट १७१ उडान हुनुपर्नेमा १२४ मात्र भयो। त्यस्तै, भोजपुर विमानस्थलबाट २२९ हुनुपर्नेमा ९२, खानीडाँडा विमानस्थलबाट १४० हुनुपर्नेमा ३५, थामखर्कबाट ९३ हुनुपर्नेमा ३१ र लुक्ला विमानस्थलबाट आठ हजार ४२१ उडान हुनुपर्नेमा आधाभन्दा कम तीन हजार ९३७ मात्र उडान भयो। त्यस्तै, रेसुङ्गा विमानस्थलबाट १५३ उडान हुनुपर्नेमा ६१, दाङ विमानस्थलबाट १८८ हुनुपर्नेमा ७१, रुकुम सल्लेबाट १९८ उडान हुनुपर्नेमा ९९ र सिमिकोट विमानस्थलबाट एक हजार ५७ उडान हुनुपर्नेमा ६९८ उडान भए।

विमान सेवा प्रदायक कम्पनीहरूले प्राधिकरणबाट स्वीकृत गरेको उडान 'सेड्युल'भन्दा ज्यादै न्यून संख्यामा उडान गरेको महालेखाले औँल्याएको छ। नेपालमा २० वटा विमान सेवाप्रदायक छन्। स्वीकृत उडान योजनाबमोजिम उडान नगर्ने वायुसेवा कम्पनीहरूलाई प्राधिकरणले पनि कुनै नियमन र निर्देशन दिएको नदेखिएको महालेखाले औँल्याएको छ। हवाई सेवा प्रभावकारी बनाउन महालेखाले सुझाएको छ।

### आवश्यकता र लागत प्रभावकारिता हेरेर नयाँ विमानस्थल बनाउन सुझाव

आन्तरिक विमानस्थल निर्माण गर्दा विमानस्थलको रणनीतिक महत्त्व र आवश्यकता, सो ठाउँको जनसंख्या र भौगोलिक स्थिति, वैकल्पिक सडक मार्ग सञ्चालनको अवस्था, विमानस्थल प्रयोगमा लागत प्रभावकारितासमेतलाई मध्यनजर गरी सो सम्बन्धमा सम्भाव्यता अध्ययन गरेर आयोजना छनोट तथा बजेट विनियोजन गर्नुपर्ने महालेखाको सुझाव छ। 'आवश्यकताको वास्तविक मूल्यांकन नगरी विमानस्थल निर्माण गर्दा सञ्चालनको दिगोपनामा चुनौती देखापर्ने हुन्छ। विगतमा निर्माण सम्पन्न भई सञ्चालन भएका विमानस्थलमा नियमित हवाई सेवा सुचारु हुन नसकेको अवस्थामा नयाँ विमानस्थल निर्माण गर्दा राजनीतिक, सामाजिक, आर्थिक एवं वातावरणीय पक्षको विश्लेषण गर्नुपर्दछ,' महालेखाले भनेको छ।

विमानस्थल निर्माण, सञ्चालन, व्यवस्थापन र नियमनका लागि आवश्यक कानुनी र नीतिगत व्यवस्थामा सुधार गर्नुपर्ने, प्राधिकरणलाई सक्षम नागरिक उड्डयन नियमनकारी निकायका रूपमा विकास गर्नुपर्ने, आन्तरिक विमानस्थलमा आवश्यक पूर्वाधार विकास र नवीनतम प्रविधिको व्यवस्था गरी नियमित रूपमा सञ्चालन र व्यवस्थापन गर्नुपर्ने, सुगम क्षेत्रमा मात्र उडान गर्ने वायुसेवा कम्पनीहरूलाई दुर्गममा पनि उडान गर्ने गरी प्राधिकरणले तोकेबमोजिम योगदान गर्नुपर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्नेलगायतका सुझाव महालेखाले दिएको छ। सञ्चालनको सम्भावना भएका विमानस्थलहरूको आर्थिक र प्राविधिक क्षमता विस्तार गरी हवाई सेवालाई नियमित गर्न तथा सञ्चालनमा नरहेकालाई वैकल्पिक रूपमा प्रयोग गर्न गरिएका नीतिगत व्यवस्था कार्यान्वयनमा ध्यान दिनुपर्ने महालेखाको सुझाव छ।

### कर्णालीमा नौमध्ये ६ विमानस्थल मात्र सञ्चालनमा

कर्णालीमा रहेका नौमध्ये सुर्खेत, मुगु, जुम्ला, हुम्ला, डोल्पाको जुफाल र रुकुम पश्चिमको सल्ले गरी ६ विमानस्थल मात्र सञ्चालनमा छन्। डोल्पाको मसिनेचौर, कालिकोटको सुनथराली र रुकुम पश्चिमको चौरजहारी विमानस्थल बन्द छन्। रुकुम पश्चिमको चौरजहारी विमानस्थल ०७४ देखि बन्द छ। त्यस्तै, डोल्पाको त्रिपुरासुन्दरी नगरपालिका- ७ स्थित मसिनेचौर विमानस्थल निर्माण भए पनि सञ्चालनमा आउन सकेको छैन। ०४२ देखि निर्माण सुरु गरिएको कालिकोटको नरहरिनाथ गाउँपालिका- १, कोटबाडास्थित सुनथराली विमानस्थल ३७ वर्षमा तयार भएको छ ।

### कञ्चनपुर र टीकापुरमा विमानस्थल, 'मौसमी वाचा'

सुदूरपश्चिमका दुई तराईका जिल्ला कैलाली र कञ्चनपुरमा एउटा मात्र धनगढीमा विमानस्थल सञ्चालनमा छ। यहाँ नियमित उडान हुन्छ। तर, कैलालीको पूर्वी क्षेत्र टीकापुर र कञ्चनपुरको महेन्द्रनगरमा रहेका विमानस्थल चलाउने मौसमी वाचा हुने गरेका छन्।



कैलालीको टीकापुर विमानस्थल

टीकापुर र महेन्द्रनगरबाट सडक यातायातमार्फत एक घन्टामै धनगढी विमानस्थल पुगिन्छ। यसबाहेक टीकापुर र महेन्द्रनगर दुवै विमानस्थलका धावनमार्ग साना छन्, जसले ठुला जहाज अवतरण हुँदैनन्। तर, सरकारपिच्छे विमानस्थल चलाउने भन्दै केही समय जहाज अवतरण गराउने काम हुँदै आएको छ। महेन्द्रनगरस्थित मझगाउँ विमानस्थलको धावनमार्ग कालोपत्र भइरहेको छ। तर, कान्छाराम केएस उमा एन्ड कम्पनीले ३५ करोड ६६ लाख लागतमा तीन वर्षमा निर्माण सक्ने गरी ०७८ मै ठेक्का लिए पनि पाँच वर्ष पुग्दासम्म सकिएको छैन। पछिल्लोपटक १० माघ ०८२ सम्मका लागि म्याद थप गरिएको छ।

उता, हवाई उडान सुरु भएको पाँच महिनामै टीकापुर विमानस्थल गत वैशाखबाट बन्द छ। तारा एयरलाइन्सले गत वर्ष मंसिर अन्तिम साताबाट काठमाडौं-टीकापुर उडान सुरु गरेको थियो। सातामा तीन दिन उडान भनिए पनि पछि कार्यतालिका अनुसार नियमित उडान संख्या हुन सकेन। 'अहिले उडान बन्द छ, हामी विमानस्थलको धावनमार्ग कालोपत्र गर्न संघ र प्रदेश सरकारसँग पहल गरिरहेका छौं,' टीकापुर नगरपालिकाका मेयर रामलाल डगौरा थारूले भने। यात्रु कम भएपछि नगरपालिकाले प्रतिटिकट चार हजार पाँच सय रुपैयाँ दिने सम्झौता विमान कम्पनीसँग गरेको थियो। निजी कम्पनीले फाइदा खोज्ने भएकाले अन्यत्र फाइदा देखेर यहाँ उडान बन्द गरेको हुन सक्ने थारूले बताए। उनका अनुसार झन्डै तीन दशकपछि विमानस्थलमा उडान सुरु भएको थियो।

कञ्चनपुरमा **मोहन विष्ट**, धनगढीमा **तेजराज भट्ट**, पोखरामा **रोहितराज पराजुली**

## फौजदारी अभियोग...

पृष्ठ १ बाट क्रमशः

व्यवस्था छ। यही व्यवस्थाका कारण फौजदारी अभियोगमा फरार रहेका व्यक्तिसमेत उम्मेदवार बनेर निर्वाचित हुने र त्यसपछि आमनागरिकबाट प्रश्न उठ्ने गरेको छ। नागरिकको चासो सम्बोधन गर्न आयोगले यसअघि कानुन संशोधनको प्रस्ताव पनि गरेको थियो।

१८ असार ०८० मा निर्वाचनसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक गृह मन्त्रालय पठाएको आयोगले 'भ्रष्टाचार मुद्दा लागेको, कर नतिरेको, कालोसूचीमा रहेको, पक्राउ पुर्जी जारी भएको वा पुर्पक्षका लागि थुनामा नबसेर फरार रहेको व्यक्ति' उम्मेदवार बन्न नपाउने प्रस्ताव थियो। आफू र परिवारका सदस्यको सम्पत्ति विवरण पेस गर्नुपर्ने र कुनै फौजदारी अभियोग नलागेको भनेर आफैँ प्रमाणित गर्नुपर्ने प्रस्ताव गरिएको विधेयक तत्कालीन सरकारले अगाडि नबढाएपछि आयोगले आफ्नो स्वायत्त अधिकार प्रयोग गरी निर्वाचन निर्देशिका संशोधन गर्न लागेको हो।

निर्देशिकामा आयोगले फौजदारी कसुर र भ्रष्टाचार मुद्दा लागेको छ भने उम्मेदवारी दिँदा स्वघोषणा गर्नुपर्ने उल्लेख गर्न लागेको हो। यद्यपि, यो व्यवस्थाले कानुनी रूपमा फौजदारी अभियोग लागेकालाई उम्मेदवारी दिन रोक्दैन। तर, स्वघोषणाले अभियोगबारे मतदाताले जानकारी पाउने र उम्मेदवारी दिनेलाई नैतिक जिम्मेवार बनाउने आयोगको बुझाइ छ।

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीका अनुसार फौजदारी अभियोग लागेका व्यक्तिले उम्मेदवारी दिँदा आफूविरुद्ध मुद्दा छ वा छैन भन्ने स्वघोषणा गर्नुपर्ने व्यवस्था गरिँदै छ। 'यस विषयलाई सुशासनसँग जोडेर आयोगमाथि सधैँ प्रश्न उठ्ने गरेको छ। उम्मेदवारी दिँदा मुद्दा लागेको वा फरार भएको किन नहेरेको भन्ने प्रश्न आउँछ। यसलाई व्यवस्थित गर्न हामीले एकीकृत निर्वाचन विधेयकमा पनि प्रस्ताव गरेका थियौँ, तर त्यो अघि बढेन। अब आयोगले आफ्नो स्वायत्त अधिकार प्रयोग गरी स्वघोषणामार्फत उम्मेदवारलाई जवाफदेही बनाउँछ,' उनले भने।

उनका अनुसार यस विषयमा राजनीतिक दलहरूसँग छलफल गर्न बाँकी छ। 'निर्वाचनमा योग्य र नैतिक उम्मेदवार आउन् भन्ने आयोगको धारणा हो। हामीले प्रस्ताव गरेका छौँ। अब दलहरूसँग छलफल गरेर निर्णय गर्छौँ। यसपालि हामी लागू गर्छौँ,' उनले भने।

प्रतिनिधिसभा तथा प्रदेश सभा निर्वाचन निर्देशिकाको दफा १८ (६) मा मनोनयनपत्र पेस गर्दा सम्बन्धित उम्मेदवारले स्वघोषणा गर्नुपर्ने भनिएको छ। स्वघोषणा के-के गर्ने भन्ने अनुसूची ६ मा १८ वटा विषय उल्लेख छ।

नेपालको संविधानप्रति पूर्ण निष्ठावान रहेको, २५ वर्ष उमेर पूरा भएको नेपाली नागरिक, मतदाता नामावलीमा नाम समावेश भएको, कुनै संघीय कानुनले अयोग्य नभएको, तीन तहको सरकार तथा स्वामित्व वा नियन्त्रणमा रहेको वा अनुदान प्राप्त संस्थामा पारिश्रमिक पाउने गरी बहाल नरहेको, सरकारी कोषबाट पारिश्रमिक वा आर्थिक सुविधा पाउने गरी कुनै लाभको पदधारण नगरेको, प्रतिनिधिसभा सदस्य निर्वाचन ऐनको दफा १३ बमोजिमको अयोग्यता नभएको, निर्वाचन आयोग ऐनको दफा २६(३) बमोजिम कारबाही नभएको, अघिल्लो निर्वाचनको समानुपातिक बन्दसूचीमा नाम नरहेको, प्रत्यक्षतर्फ उम्मेदवारका लागि मनोनयनपत्र पेस नगरेको, कुनै पनि सरकारी निकायलाई कुनै जिन्सी वा नगदी बुझाउन बाँकी नरहेको, सरकारी पेस्की तथा बेरुजु तिर्न बाँकी नरहेको, विदेशको स्थायी आवासीय अनुमतिपत्र (डिभी पिआर) नलिएको, न्यायिक वा अर्धन्यायिक निकायबाट लागेको कैद सजाय तथा जरिवाना तिर्न बाँकी नरहेको, कुनै सरकारी निकायलाई बुझाउनुपर्ने कर, राजस्व, शुल्क, दस्तुर तिर्न बाँकी नरहेको, निर्वाचन आचारसंहिता पूर्ण रूपमा पालना गर्ने प्रतिबद्ध रहेको, नेपालको संविधान, कानुन र निर्वाचन ऐन नियमभित्र रही निर्वाचनमा भाग लिन प्रतिबद्ध रहेको, उम्मेदवार भएको पदमा निर्वाचित भएको अवस्थामा मनोनयनपत्रसाथ सिलबन्दी रूपमा पेस गरेको सम्पत्ति विवरण निर्वाचन आयोगबाट सार्वजनिक गर्न मञ्जुरी रहेको स्वघोषणा गर्नुपर्ने उल्लेख छ।

यसमा अब आयोगले ६ वटा विषय थप्न मस्यौदा बनाएको छ।

पहिलो, 'कुनै भ्रष्टाचारजन्य कसुरमा अनुसन्धानमा नरहेको तथा सो कसुरमा मुद्दा दायर नभएको वा सुरु अदालतबाट भ्रष्टाचार ठहर भई पुनरावेदनको रोहमा मुद्दा विचाराधीन नरहेको' स्वघोषणा गर्नुपर्नेछ।

दोस्रो, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहद्वारा कार्यान्वयन हुने वा भइरहेका विकास निर्माणका कार्यमा बोल-कबोल भई ठेक्का सम्झौता भएको अवस्थामा तोकिएको समयमा कार्य सम्पन्न नगरी त्यस्तो निर्माणको काममा बाधा व्यवधान नपुर्‍याएको छ।

तेस्रो, प्रचलित कानुनबमोजिम कुनै कम्पनी वा संस्था कालोसूचीमा रहेकामा त्यस्तो सूची कायम रहँदाका बखत त्यस्तो कम्पनी वा संस्थाको सञ्चालक, पदाधिकारी वा प्रमुख कार्यकारी अधिकृतको पदमा बहाल नरहेको भन्ने छ।

चौथो, कुनै सहकारी संस्थाको सञ्चालक पदमा रही प्रचलित कानुनविपरीत आर्थिक हिनामिना गरी त्यस्तो सहकारी संस्थालाई हानि-नोक्सानी नपुर्‍याएको भन्ने छ।

पाँचौँ, प्रचलित कानुनबमोजिम पक्राउ पुर्जी जारी भएकोमा पक्राउ हुन नसकी फरार नरहेको भनिएको छ।

छैटौँ, अन्तिम लेखा परीक्षणबाट रकम असुल गर्नुपर्ने गरी व्यक्तिगत रूपमा बेरुजु कायम नभएको स्वघोषणा गर्नुपर्ने आयोगको प्रस्ताव छ।

निर्वाचन आयोगका पदाधिकारी यो प्रावधानले अभियोग लागेका व्यक्तिलाई नैतिक रूपमा जवाफदेही बनाउने र निर्वाचन सुशासनमा टेवा पुग्ने बताउँछन्। ती आयुक्तले सबै कुरा कानुनले मात्र नरोक्ने र नैतिकता पनि महत्त्वपूर्ण विषय भएको टिप्पणी गरे।

### तीन मन्त्रीसँग छलफल, चुनाव खर्च नियन्त्रण गर्न सुझाव

निर्वाचन आयोगले सरकारका तीनजना मन्त्रीसँग छलफल गरेको छ। मंगलबार आयोगमा भएको छलफलमा मन्त्रीहरूले निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष र भयरहित बनाउन सरकार प्रतिबद्ध रहेको र आवश्यक कानुनी सुधार गरिने प्रतिबद्धता जनाएका छन्। कानुनमन्त्री अनिल सिन्हाले समानुपातिक समावेशीको आधार ०७८ को जनगणनाबमोजिम हेरफेर गर्नुपर्ने देखिएको भन्दै मन्त्रालयले अध्ययन गरेर हेरफेर गर्ने बताए। कार्यवाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारीले समानुपातिक समावेशी प्रतिनिधित्व सवालमा नयाँ प्रतिशत निर्धारण नहुँदा आयोगको कार्यक्रम नै प्रभावित भइरहेको बताएका थिए। 'आयोग कुरेर बसेको छ। समानुपातिक निर्वाचन कार्यक्रमबमोजिमको गतिविधि अगाडि बढाउन सकेको छैन,' उनले भनेका थिए।

सञ्चारमन्त्री जगदीश खरेलले निर्वाचनमा हुने अनावश्यक खर्च नियन्त्रणका लागि आयोगको ध्यानाकर्षण गराए। कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले खर्च नियन्त्रणका लागि आयोग कठोर हुने बताए।

महिला तथा बालबालिकामन्त्री श्रद्धा श्रेष्ठले आगामी निर्वाचनमा मतदानस्थलहरू अपांगमैत्री हुनुपर्ने, बालबालिकालाई प्रयोग नगराउन कडा निगरानी हुनुपर्ने बताइन्। निर्वाचन आयुक्त सगुनशमशेर जबराले निर्वाचनको दिन सवारी आवागमनमा रोक नलगाउने गरी निर्वाचन आयोग तयारीमा जुटेको बताए।

# क्रमसंख्याविनाका क्रियाशील सदस्यता फाराम वितरणपछि कांग्रेसमा विवाद

## महामन्त्री गगन थापा नेतृत्वको क्रियाशील सदस्यता व्यवस्थापन समितिले जिल्ला पठाएका चार लाख फाराम रद्द, नयाँ पठाइने

- कांग्रेसको क्रियाशील सदस्यता व्यवस्थापन समिति सदस्य **प्रकाश स्नेही** भन्छन्-



जेन-जी आन्दोलनभन्दा पहिला २५ प्रतिशत फाराम पठाएका थियौँ । त्यसको काम गर्दै गर्ने, केन्द्रबाट पछिल्लो समय पठाइएका सबै फाइल रद्द हुने भए । २४ घण्टाभित्र जिल्ला-जिल्लामा फाराम उपलब्ध गराउने निर्णय भएको छ । फारम प्रेसमा पठाइसकेका छौँ ।

**प्रेम गौतम**/नयाँ पत्रिका

महाधिवेशनको मिति नजिकिँदै जाँदा कांग्रेसमा क्रियाशील सदस्यताको विषयमा फेरि विवाद भएको छ । क्रमसंख्या नभएका क्रियाशील सदस्यता फाराम वितरण भएपछि विवाद भएको हो । विवादपछि कांग्रेसको क्रियाशील सदस्यताका लागि वितरण भएका क्रमसंख्या नभएका सबै फाराम रद्द भएका छन् । क्रमसंख्या नराखी जिल्ला-जिल्लामा पठाइएका चार लाख फाराम रद्द भएका हुन् ।

कांग्रेस केन्द्रीय कार्यालयले जेन-जी आन्दोलनअघि २५ प्रतिशत नयाँ क्रियाशील फाराम जिल्लामा पठाएको थियो । गत केन्द्रीय समिति बैठकपछि ७५ प्रतिशत फाराम पठाइएको थियो । फाराम सिधै क्षेत्रीय कार्यसमितिमा पठाइएका थिए । केन्द्रले ६ लाख फाराम पठाइएकोमा चार लाख फाराममा क्रमसंख्या थिएन । कांग्रेसको क्रियाशील सदस्यता व्यवस्थापन समितिले क्रमसंख्या नराखी जिल्ला-जिल्लामा पठाइएका फाराम रद्द गर्ने निर्णय गरेको समितिका सदस्य प्रकाश स्नेहीले जानकारी दिए । क्रियाशील सदस्यता फाराममा क्रमसंख्या नभएको भन्दै विरोध भएपछि पार्टी केन्द्रीय कार्यालय सानेपामा मंगलबार समितिको बैठक बसेर नयाँ फाराम पठाउने निर्णय गरेको हो ।

क्रमसंख्या नभएका पुराना फाइल रद्द गरेर नयाँ फाराम छपाइका लागि प्रेसमा पठाइसकिएको छ । अब २४ घण्टाभित्र क्रमसंख्या भएका फाराम जिल्ला-जिल्लामा पठाइने स्नेहीले बताए । 'जेन-जी आन्दोलनभन्दा पहिला २५ प्रतिशत फाराम पठाएका थियौँ । त्यसको काम गर्दै गर्ने, केन्द्रबाट पछिल्लो समय पठाइएका सबै फाइल रद्द हुने भए । २४ घण्टाभित्र जिल्ला-जिल्लामा फाराम उपलब्ध गराउने निर्णय भएको छ । फाराम प्रेसमा पठाइसकेका छौँ,' उनले भने ।



### क्रियाशील सदस्यता वितरणमा देउवासँग शेखरको आपत्ति



क्रमसंख्याविनाका क्रियाशील सदस्यता फारामले समस्या निम्त्याउने भन्दै नेता शेखर कोइरालाले मंगलबार नै सभापति शेरबहादुर देउवाको ध्यानाकर्षण गराएका थिए । नेता मीनेन्द्र रिजालसहित देउवानिवास महाराजगन्ज पुगेर कोइरालाले क्रमसंख्याविनाका फाराम फिर्ता लिन र नयाँ फारम पठाउन माग गरेका थिए । क्रमसंख्याविनाका फारामले जटिल समस्या निम्त्याउने कोइरालाको चेतावनी थियो । कोइरालाका स्वकीय सचिव दिनेश थपलियाले क्रमसंख्याविनाका फाराम फिर्ता गरी नयाँ पठाउन सभापतिलाई आग्रह गरिएको बताए । क्रमसंख्याविनाका फारामका आधारमा महाधिवेशन प्रक्रिया सुरु हुनै नसक्ने कोइरालाको चेतावनी थियो । देउवाले समस्या नआउने गरी अघि बढ्नुपर्ने बताएका थिए । 'साथीहरूसँग कुरा गरेर मिलाउनुपर्छ । भोलि समस्या नआओस्, म कुरा गर्छु,' देउवाको भनाइ उद्धृत गर्दै एक नेताले भने ।

महामन्त्री गगन थापा नेतृत्वको व्यवस्थापन समितिमा क्रमसंख्या नभएका क्रियाशील सदस्यताका फाराम फिर्ता लिने कि त्यसैलाई कायम गर्ने भन्ने विषयमा विवाद भएको थियो । महामन्त्री थापा र सदस्य स्नेही त्यही फाराम भर्न लगाउने पक्षमा थिए । तर, समितिका सदस्यहरू संस्थापन पक्षका योगेन्द्र चौधरी र सीता गुरुङले ती फाइल फिर्ता गरेर क्रमसंख्यासहितको नयाँ फाराम पठाउनुपर्ने अडान लिएका थिए । थापाले भेरिफाई गर्ने क्रममा क्रमसंख्या मिल्ने भन्दै त्यसैलाई मान्यता दिएर जान आग्रह गरेका थिए । 'भेरिफाई गर्ने वेला क्रमसंख्या भइहाल्छ । अहिले त्यसैमा जाऔँ,' थापाको भनाइ उद्धृत गर्दै एक सदस्यले भने । तर, चौधरी र गुरुङले अडान नछाडेपछि क्रमसंख्या नभएका फाराम रद्द गर्न थापा लचिलो बनेका हुन् । संयोजक थापाले सोमबारको बैठकमा शीर्ष नेताहरूसँग छलफल गरेर मंगलबार टुंग्याउने बताएका थिए ।

### नवीकरण अपडेट गर्ने समय थप

क्रियाशील सदस्यता नवीकरणको विवरण अपडेट गर्ने समय थप भएको छ । व्यवस्थापन समितिले अपडेटको क्रममा रहेका जिल्लालाई पूरै विवरण अपडेट गर्न समय दिने निर्णय गरेको हो । 'नवीकरणको विवरण अपडेट हुँदै छ । पैसा बुझाइसके, संगठनको खातामा आइसक्यो, त्यस्ताको अपडेट गर्न समय दिइएको छ,' स्नेहीले भने । व्यवस्थापन समितिले अस्ट्रेलिया, क्यानडा र बेलायतमा क्रियाशील सदस्यता सहज ढंगले वितरण नभएको निष्कर्ष निकाल्दै ५ पुससम्म सदस्यता खुला राख्न निर्देशन दिएको छ । ती देशमा अनलाइन फाराम सबैका लागि खुला गर्ने निर्णय समितिले गरेको छ । समितिले खम्मबहादुर खाती नेतृत्वको निर्वाचन समितिसँग पनि छलफल मंगलबार नै छलफल गरेको छ । 'निर्वाचन समितिका गाह्रा-अप्ठेरा, समयको पदचाप, निर्वाचन प्रतिनिधि खटाउनुपर्ने विषय, कार्यालय व्यवस्थापन, निर्देशिकालगायत विषयमा छलफल भयो,' स्नेहीले भने । कांग्रेसको महाधिवेशन आगामी २६ देखि २८ पुसमा काठमाडौंमा हुँदै छ । त्यसअघि क्रियाशील सदस्यता टुंग्याएर १६ पुसमा वडा अधिवेशन गर्ने कार्यतालिका छ ।

### राष्ट्रपतिका राजनीतिक विज्ञ थापाले दिए राजीनामा

राष्ट्रपति रामचन्द्र पौडेलका राजनीतिक विज्ञ सुनीलबहादुर थापा पदबाट राजीनामा दिएर सक्रिय राजनीतिमा फर्केका छन् । कांग्रेसका पूर्वसहमहामन्त्री थापा गत निर्वाचनमा धनकुटाबाट पराजित भएपछि १४ चैत ०७९ मा राष्ट्रपतिको राजनीतिक विज्ञ नियुक्त भएका थिए । 'मैले दिएको राजीनामा राष्ट्रपतिबाट स्वीकृत भइसकेको छ । म पार्टीको सक्रिय राजनीतिमा फर्केको छु,' थापाले नयाँ पत्रिकासँग भने । उनले पदबाट राजीनामा दिएको मंगलबारै सार्वजनिक गरेका थिए । उनी राष्ट्रपति कार्यालयबाट बिदावारीसमेत भइसकेका छन् ।



थापा राष्ट्रिय सभाको आसन्न निर्वाचनमा कांग्रेसबाट उम्मेदवार सिफारिस भएका छन् । उनले राजीनामापत्रमा हालको राजनीतिक परिस्थितिमा आउँदै गरेको प्रतिनिधिसभा र राष्ट्रिय सभाको निर्वाचन तथा कांग्रेसको महाधिवेशनलाई समेत ध्यानमा राखेर पद छाडेको उल्लेख गरेका छन् । कांग्रेस सभापति शेरबहादुर देउवासँगको सल्लाहमा राष्ट्रपति पौडेलले थापालाई राजनीतिक विज्ञ नियुक्त गरेका थिए ।

---

■ ज्योति विकास बैंकका कर्मचारीमाथि कुटपिट प्रकरण

# सप्तकोशीकी उपमेयर फरार, पति पक्राउ

**ज्योति विकास बैंक प्रादेशिक कार्यालय बर्दीबासका उपप्रबन्धक सुमित श्रेष्ठ र रूपनी शाखाका कर्मचारी सविन श्रेष्ठमाथि उपमेयर चौधरीसहित कम्पनीका सेयरधनी तथा आफन्तले गत बुधबार घेराबन्दी गर्दै मोसो दल्ने, जुत्ताको माला लगाउने, गालीगलौज गर्ने र लट्ठीले कुटपिट गरेको भिडियो सार्वजनिक भएको थियो**

राजविराजमा **सौरभ यादव**

सप्तरीमा ऋण असुलीका लागि पुगेका ज्योति विकास बैंकका कर्मचारीलाई मोसो दल्नुका साथै कुटपिट घटनाका आरोपित सप्तकोशी नगरपालिकाका उपमेयर रीताकुमारी चौधरीसहित पाँचजना फरार भएका छन् । उपमेयर चौधरीसहित उनका छोरा सिरज तथा सप्तकोशी इन्टिग्रेटेड एग्रो फार्मका सेयरधनीहरू प्रभुनारायण चौधरी र पञ्चदेव चौधरी तथा स्थानीय रवीन्द्र स्वर्णकार फरार भएका हुन् ।

उपमेयरका पतिसमेत रहेका कम्पनीका सेयरधनी सञ्जीवकुमार चौधरी र उमाकान्त चौधरी भने पक्राउ परेका छन् । इलाका प्रहरी कार्यालय, कञ्चनपुरका डिएसपी माधवप्रसाद काफ्लेले दुईजना पक्राउ परे पनि उपमेयरसहित पाँचजना फरार रहेको बताए । पक्राउ परेका दुवैजनालाई सप्तरी जिल्ला अदालत सप्तरीबाट पाँच दिनको म्याद थप भएर अनुसन्धान भइरहेको उनले बताए । 'फरारको हकमा खोजी भइरहेको छ,' उनले भने । सप्तकोशीका मेयर कृष्णप्रसाद ढकालले पनि उपमेयर सम्पर्कविहीन रहेको र आफूलाई थप जानकारी नरहेको बताए ।



उपमेयर रीताकुमारी चौधरी

ज्योति विकास बैंक प्रादेशिक कार्यालय बर्दीवासका उपप्रबन्धक सुमित श्रेष्ठ र रूपनी शाखाका कर्मचारी सविन श्रेष्ठमाथि उपमेयर चौधरीसहित कम्पनीका सेयरधनी तथा आफन्तले गत बुधबार घेराबन्दी गर्दै मोसो दल्ने, जुत्ताको माला लगाउने, गालीगलौज गर्ने र लट्ठीले कुटपिट गरेको भिडियो सार्वजनिक भएको थियो । त्यसपछि बैंकले उपमेयर चौधरीसहित सातजनाविरुद्ध अपहरण, शरीर बन्धक, कुटपिट र लुटपाटसम्बन्धी कसुरमा जाहेरी दिएको थियो ।

बैंकका अनुसार सप्तकोशी नगरपालिका- ७ ओद्राहास्थित सप्तकोशी इन्टिग्रेटेड एग्रो फार्म प्रालिले २३ वैशाख ०७८ मा बैंकबाट चार करोड ५० लाख रुपैयाँ ऋण लिएको थियो । ऋण लिँदा कम्पनीको नाममा रहेको ओद्राहास्थित तीन बिघा १४ कट्ठा र कञ्चनरूप नगरपालिका- १२ मा रहेको १६ कट्ठा आठ धुर जग्गा धितो राखिएको थियो । तर, २८ चैत ०८१ यता किस्ता नतिरेपछि बैंकले अघिल्लो शुक्रबार धितो लिलामीको सूचना निकालेको थियो ।

सूचनाको म्याद पूरा हुन नपाउँदै बैंकले टिकटकमार्फत जग्गा बिक्रीसम्बन्धी विज्ञापन गरेको भन्दै प्रालिका सेयरधनी आक्रोशित बनेका थिए । गत बुधबार फिल्डमा पुगेका बैंक कर्मचारीमाथि आक्रमण भएको बताइन्छ ।

सप्तरीमा ऋण असुलीका लागि पुगेका ज्योति विकास बैंकका कर्मचारीलाई मोसो दल्नुका साथै कुटपिट घटनापछि बैंकले उपमेयर रीताकुमारी चौधरीसहित सातजनाविरुद्ध प्रहरीमा अपहरण, शरीर बन्धक, कुटपिट र लुटपाटसम्बन्धी कसुरमा जाहेरी दिएको थियो । उपमेयर चौधरी, उनका पतिसमेत रहेका सेयरधनी सञ्जीवकुमार चौधरी  र छोराहरू सिरज र पञ्चदेवविरुद्ध इलाका प्रहरी कार्यालय कञ्चनपुरमा जाहेरी दर्ता भएको थियो । यसबाहेक सेयरधनी प्रभुनारायण चौधरी, ऋणी तथा सेयरधनी उमाकान्त चौधरी र रवीन्द्र स्वर्णकारको नाम पनि जाहेरीमा उल्लेख छ ।

---

## संक्षेप

### लिङ्देन र खड्काले भेटे रवि

**काठमाडौं**/ राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देन र कलाकार प्रदीप खड्काले रास्वपा सभापति रवि लामिछानेसँग भेट गरेका छन् । लिङ्देन र खड्काले मंगलबार नक्खु कारागार पुगेर लामिछानेलाई भेटेका हुन् । राप्रपा अध्यक्ष लिङ्देनले लामिछानेसँग सन्चो-बिसन्चो र समसामयिक राजनीतिबारे कुरा भएको बताए । उनी यसअघि लामिछानेलाई भेट्न भैरहवा कारागार पनि पुगेका थिए । यसैगरी कलाकार खड्काले लामिछानेमाथि पुरानो सरकारले साँधेको प्रतिशोध अहिलेको सरकारले सच्याउनुपर्ने बताए । 'पुरानो सरकारको नियत थियो, आशा गरौँ अहिले ठिक हुन्छ । यो सरकारले सच्याउँछ,' उनले भने, 'अन्याय-अत्याचार हुँदा आवाज उठाउनुपर्छ भन्ने धारणा राख्छु । अन्याय किन भइरहेको छ भनेर भेट्न आएको हुँ ।' पुरानो सरकारले लामिछानेमाथि एकदमै कुदृष्टि राखेको खड्काले टिप्पणी गरे ।

### श्रम संस्कृति पार्टीका उपाध्यक्ष तामाङ पक्राउ

**काठमाडौं**/ श्रम संस्कृति पार्टीका उपाध्यक्ष विश्वक्रान्ति, देवराज भनिने राजकुमार तामाङ लामा पक्राउ परेका छन् । विस्फोटक पदार्थसम्बन्धी कसुरमा फरार देखिएपछि केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले मंगलबार काठमाडौंको कपनबाट उनलाई पक्राउ गरेको हो । लामा बबरमहल बम विस्फोटका मुख्य नाइके हुन् । १५ फागुन ०६८ मा बबरमहलस्थित नेपाल आयल निगमको गेटमा भएको विस्फोटमा तीनजनाको ज्यान गएको थियो । सो मुद्दामा सजाय भुक्तान गरी उनी ०७६ को प्रजातन्त्र दिवसमा छुटेका थिए । जेलबाट छुट्नुअघि नै उनीविरुद्ध पाँचथरमा विस्फोटक पदार्थसम्बन्धी कसुरमा मुद्दा दर्ता भएको थियो ।

### ट्र्याक्टर दुर्घटनामा तीनको मृत्यु

**मकवानपुर**/ मंगलबार मकवानपुरमा ट्र्याक्टर दुर्घटना हुँदा तीन जनाको मृत्यु भएको छ । जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार मंगलबार दिउँसो बकैया गाउँपालिकाको अँधेरीस्थित भित्री सडकखण्डमा लु.५त १७४ नम्बरको ट्र्याक्टर दुर्घटना हुँदा काठमाडौं-तराई/मधेश द्रुतमार्ग (फास्ट ट्र्याक)मा काम गर्ने तीन मजदुरको मृत्यु भएको हो । मृत्यु हुनेमा बकैया गाउँपालिका- ७ अँधेरीका ५५ वर्षीय केशव माझी, ५५ वर्षीय युवराज माझी र ४५ वर्षीय सन्तलाल माझी छन् । दुर्घटनामा १९ जना घाइते भएका छन् । घाइतेमध्ये एकजनाको अवस्था गम्भीर रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक पुष्कर बोगटीले बताए । उनका अनुसार फास्ट ट्र्याकमा काम गर्ने मजदुर खाना खाएर काममा फर्कने समयमा ट्र्याक्टर अनियन्त्रित भएर दुर्घटना भएको थियो ।

---

■ भत्काइएका संरचना व्यवस्थापनमा बेवास्ता

# हेटौंडा बजार क्षेत्रमा दुर्घटनाको जोखिम

मकवानपुरमा **पोष्टराज अधिकारी**



हेटौंडा बजारको मुख्य सडक विस्तारका क्रममा सडक डिभिजन कार्यालयले डोजर प्रयोग गरी भत्काएका भौतिक संरचनाको उचित व्यवस्थापन हुन सकेको छैन । भत्काइएका संरचनाका भग्नावशेष, आधा भत्किएका घरका ढलान, झुन्डिएका रड-तार तथा इँटाका थुप्राले कुनै पनि वेला ठुलो दुर्घटना निम्त्याउन सक्ने अवस्था छ ।

सडक किनार र फुटपाथमै थुप्रिएका ढलानका टुक्रा, इँटा, रड, ढलेका विद्युत् पोल तथा झुन्डिएका बिजुली र इन्टरनेटका तारका कारण पैदलयात्री मुख्य सडकमै हिँड्न बाध्य छन् । यसले सवारी दुर्घटनाको जोखिमसमेत बढाएको छ । भग्नावशेषकै बिचमा व्यापार गरिरहेका व्यवसायी र किनमेल गर्न आउने ग्राहकहरू पनि जोखिममा परेका छन् ।

मुख्य बजार क्षेत्रमा विद्यार्थी, बालबालिका, बिरामी, ज्येष्ठ नागरिक तथा अपांगता भएका व्यक्तिलाई आवतजावत गर्न झनै कठिन बनेको छ । कतिपय स्थानमा डोजर चलाइएपछि संरचना थप कमजोर बनेका छन् । घरको अगाडिको भाग मात्र भत्काइएकाले बाँकी संरचना जुनसुकै वेला ढल्न सक्ने अवस्थामा रहेको स्थानीयले बताएका छन् । २० मंसिरमा सडक डिभिजन कार्यालय हेटौंडाले पूर्व-पश्चिम राजमार्गअन्तर्गत रातोमाटेदेखि बुद्धचोक हुँदै राप्ती पुलसम्म तथा त्रिभुवन राजपथअन्तर्गत बुद्धचोकदेखि चौकीटोल ओरालोसम्मका सडक किनारका घरटहरा डोजर लगाएर भत्काएको थियो ।

### ■ एक सातामै पाँच मजदुर घाइते

सडक विस्तारका क्रममा डोजर चलाएर धराप बनाइएका घर समयमै सुरक्षित नगर्दा र न्यूनतम स्वास्थ्य सुरक्षा मापदण्ड नअपनाउँदा दुर्घटनाको शृंखला बढेको छ । एक सातामा धराप अवस्थामा छाडिएका घर सफाइ गर्ने क्रममा पाँचजना मजदुर घाइते भएका छन् । आइतबार हेटौंडा उपमहानगरपालिका- १ उद्योग वाणिज्य संघ अगाडि रहेको बिकी जैसवालको घर सफाइ गर्ने क्रममा तीनजना मजदुर घाइते भए । घाइते हुनेमा मकवानपुरगढी गाउँपालिका- १ रानीसेरा बस्ने २२ वर्षीय सन्तोष भ्लोन, उदयपुर गाईघाट नगरपालिका- ९ का २६ वर्षीय दिनेश चौधरी र उदयपुर बेलका नगरपालिका- १ पुरन्दाका ३० वर्षीय अरुण चौधरी छन् । यसअघि शुक्रबार हेटौंडा उपमहानगरपालिका- २ मा घर सफाइ गर्ने क्रममा पर्सा कालिकामाई गाउँपालिका- ९ जानकीटोलका १८ वर्षीय द्वारिका यादव घरबाट खसेर घाइते भएका थिए । बुधबार हेटौंडा उपमहानगरपालिका- १ मै सडक डिभिजनले धराप पारेर छाडेको घर सफाइ गर्ने क्रममा दुईतले माथिल्लो ढलान खस्दा रौतहट माधवनारायण नगरपालिका- ७ का १९ वर्षीय जितेन्द्र माझी घाइते भएका थिए ।

### ■ प्रशासन भन्छ- भग्नावशेष हटाउन समन्वय गरिरहेका छौँ

मकवानपुरका सहायक प्रमुख जिल्ला अधिकारी मोहनराज जोशीले सडक विस्तारका क्रममा भत्किएका संरचना र सडकपेटीमा थुप्रिएका सामग्री व्यवस्थापनका लागि प्रशासन निरन्तर समन्वयमा रहेको बताए । सडक डिभिजन कार्यालयको मुख्य जिम्मेवारी भए पनि प्रशासनले सुरक्षा र सहजीकरणको भूमिका निर्वाह गरिरहेको उनको भनाइ छ ।


**लहान नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
लहान, सिरहा
मधेश प्रदेश, सिरहा

**करार सेवामा कर्मचारी आवश्यकता सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८२/०९/०२**

लहान नगरपालिका नगर कार्यपालिकाको कार्यालय लहान, सिरहा अन्तर्गत विभिन्न स्वास्थ्य संस्थाहरूमा चालु आ.व.२०८२/०८३ को असार मसान्त सम्मका लागि तपसिल बमोजिमको पदहरूमा करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिक उम्मेदवारहरूले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्रमा तोकिएको शैक्षिक योग्यता प्रमाण-पत्रको प्रतिलिपी र राजस्व तिरेको रसिदसहित यस कार्यालयमा दरखास्त पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | सेवा/समूह | पद संख्या | न्यूनतम् शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | ०१/२०८२/०८३ | चिकित्सक | अधिकृत आठौं | स्वास्थ्य /ज.हे.स. | २ | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह एम.बी.बी.एस.उत्तिर्ण | स्थानीय स्रोत |
| २. | ०२/२०८२/०८३ | हे.अ. | सहायक पाँचौं | स्वास्थ्य / हे.ई. | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सामान्य चिकित्सामा प्रमाण-पत्र तह (हेल्थ असिस्टेन्ट) उत्तिर्ण | स्थानीय स्रोत |
| ३. | ०३/२०८२/०८३ | स्टाफ नर्स | सहायक पाँचौ | स्वास्थ्य/ क.न.प.हे.न. | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट प.हे.न.वा नर्सिङ् विपयमा प्रमाण-पत्र तह (स्टाफ नर्स) उत्तिर्ण | स्थानीय स्रोत |
| ४ | ०४/२०८२/०८३ | अ.न.मी. | सहायक चौथो | स्वास्थ्य/ क.न. प.हे.न. | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी. कोर्ष उत्तिर्ण | संघीय सरकार |
| | | | | | २ | | स्थानीय स्रोत |

- **सेवाको किसिम :** करार
- **उम्मेदवारको छनोट विधि :** लिखित तथा अन्तरवार्ता
- **लिखित र अन्तरवार्ता परीक्षा संचालन हुने मिति :** नगरपालिकाबाट पछि प्रकाशन भए बमोजिम हुनेछ ।
- **परीक्षा दस्तुर :** अधिकृत स्तरको लागि रु. १,२००।- (बाह्र सय) मात्र, सहायक स्तर पाँचौंको लागि रु. ७००।- (सात सय) मात्र र सहायक स्तर चौथोको लागि रु ५००।- (पाँच सय) मात्र ।
- **दरखास्त दस्तुर बुझाउने :** लहान नगरपालिकाको राजस्व शाखामा बुझाउनु पर्नेछ ।
- **दरखास्त फारम बुझाउने :** लहान नगरपालिकाको राजश्व शाखामा बुझाउनु पर्नेछ ।
- **दरखास्त फारम बुझाउने स्थान/ अन्तिम मिति :** लहान नगरपालिकाको प्रशासन शाखामा मिति २०८२/०९/१६ गतेसम्म कार्यालय समयभित्र । उक्त दिन सार्वजनिक विदा भएमा त्यसको भोलिपल्ट पनि दरखास्त फारम बुझाउन सकिनेछ ।
- **तलब तथा सेवा सुविधा :** नगरपालिकाले तोकिए बमोजिम ।
- **उम्मेदवारको उमेर हद :** दरखास्त बुझाउने अन्तिम मितिसम्म १८ वर्ष पूरा भइ ४० वर्ष ननाघेको हुनु पर्नेछ ।
- **सेवा करारको अवधि :** मिति २०८३ साल असार मसान्तसम्म ।
- **दरखास्त फारम प्राप्त गर्ने स्थान :** लहान नगरपालिकाको प्रशासन शाखाबाट उपलब्ध हुनेछ ।
- **पेश गर्नुपर्ने आवश्यक कागजातहरू :**
  - नेपाली नागरिकताको प्रतिलिपी,
  - न्यूनतम् शैक्षिक योग्यताको ट्रान्सक्रिप्ट तथा चारीत्रिक प्रमाण-पत्र,
  - सम्बन्धित काउन्सिलको दर्ता प्रमाण-पत्र (नवीकरण भएको), सम्बन्धित विषयमा अनुभव हासिल गरेको भए सो को प्रमाण-पत्र,
  - नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सो को साथमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाण-पत्र समेत पेश गर्नु पर्नेछ ।
- तोकिएको आवश्यक न्यूनतम् शैक्षिक योग्यता नभएको दरखास्त उपर कुनै कारबाही हुने छैन । साथै, झुट्टा विवरण उल्लेख गरी दरखास्त फारम भरेमा सो को जवाफदेही दरखास्तवाला स्वयम् हुनु पर्नेछ ।
- आवेदन स्वीकृत/अस्वीकृत गर्ने तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार लहान नगरपालिका नगर कार्यपालिकाको कार्यालय, लहान, सिरहालाई हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# परिवर्तनमा बौद्धिक वर्गको दायित्व

## बौद्धिक वर्गले सामाजिक सन्दर्भमा नयाँ चेतना या दृष्टिकोण सिर्जना गरी पुरानामा नयाँको आधार निर्माण गर्छन्



● प्राडा पारसनाथ यादव

अग्रलेख

बौद्धिक या प्राज्ञिक हुनु र शिक्षित हुनु फरक विषय हो। शिक्षित व्यक्तिले निश्चित पाठ्यक्रमका दायरामा रहेर ज्ञानको विस्तार गर्छ। शिक्षित व्यक्तिको प्राथमिकता पाठ्यक्रममा मात्र सीमित हुनुहुँदैन। उसको भूमिका या व्याख्या समाजमा कसैका लागि सामान्य र कसैका लागि बौद्धिक आधार हुन सक्छ। बौद्धिक या प्राज्ञिक व्यक्ति भने आफ्नो विद्वता समाजका विशेष मुद्दामा केन्द्रित गर्दै आलोचनात्मक नयाँ दृष्टिकोण दिन उद्यत हुन्छ। शिक्षित व्यक्ति व्याख्यामा सीमित हुन्छ। तर, प्राज्ञिक व्यक्तिले आलोचनात्मक सोचको दक्षता विकास गर्छ। बौद्धिक व्यक्तिको दक्षता संकटका वेलामै बोध हुने गर्छ। प्राज्ञिक व्यक्तिले कार्यकारण र आलोचनात्मक चिन्तनको आफ्नो दक्षता उपयोग गर्दै जटिल परिस्थिति र अवधारणासहित सूत्रबद्ध गर्ने विशेष सोच विकास गर्छ। शिक्षित शब्दको प्रयोग मापनीय परीक्षणका व्याख्यामा सीमित हुन्छ भने प्राज्ञिकता एउटा दृष्टिकोण र विमर्शको तरिका हो। यसमा व्यक्तिलाई दक्षतासहित विश्वदृष्टिकोणको अवधारणा बोध गर्न सहज हुन्छ। अर्थात्, शिक्षित शब्द मापनीय आधारमा बोध गरिन्छ भने बौद्धिकता संसारको वास्तविकता बोध गराउने सन्दर्भमा आएको हुन्छ। उसको वैचारिकता र परिस्थितिको व्याख्या उल्लेख्य र मार्गदर्शक हुन्छ। समाजको पठन या ज्ञानको खानी नै प्राज्ञिकताको दक्षताको आधार हो र यो शैक्षणिक या सिकाइ प्रक्रियाबाट प्रदत्त हुन्छ। यसले व्यक्तिको बौद्धिक उचाइ र प्रतिनिधित्वलाई देखाएको हुन्छ। बौद्धिक या प्राज्ञिक व्यक्ति समाजको निष्क्रिय उपभोक्ता होइन, बरु वर्ग अन्तर्विरोध र यसका विषयमा सधैँ वकालत गर्ने सजग व्यक्ति हो।

अमेरिकाको हार्वर्ड विश्वविद्यालयका प्राध्यापक नोम चोम्स्कीले सन् १९६७ मा सामाजिक विज्ञ तथा प्राविधिकका हैसियतले भियतनाम युद्धका सन्दर्भमा गरेको समसामयिक आलोचना विशेष स्मरणीय छ। उनले भियतनाम युद्धमा अमेरिकाद्वारा गरिएको अपराधको भर्त्सना गर्दै सामाजिक या वैज्ञानिक न्यायका विषयमा आवाज उठाएका थिए। यसपछि नै यस विषयमा वैज्ञानिक, गणितज्ञ, औषधिविज्ञ, दार्शनिक सबैको आवाज यस विषयमा उठेको थियो। यसले समसामयिक अवस्थामा विश्वको ध्यान आकर्षित गरेको तथ्य बिर्सन मिल्दैन। दोस्रो विश्वयुद्धपछि म्याकडोनाल्डको जर्मनी र जापानका जनताप्रति त्यहाँको सरकारको उत्तरदायित्वको आधार के थियो भन्ने प्रश्न सामान्य थिएन। अनि, शान्त रूपमा यो प्रश्न हामीतिर पनि फर्कन्छ। वास्तवमा ब्रिटिस र अमेरिकन जनताले जापानी जनतामाथि बम खसालेर के प्राप्त भयो त ? यसैले सत्ताकेन्द्रित सरकारको सफेद झुटविरुद्ध बौद्धिक या प्राज्ञिक आक्रमण हुनपर्ने देखिन्छ। परिस्थितिको विश्लेषण कार्यकारण आधारअनुसार आलोचनात्मक दृष्टिकोण दिन पछि पर्नु भनेको शिक्षित पल्टिनु मात्र हो। यस किसिमका प्राज्ञिक बहसमा विशेष मान्यताको अर्थ रहन्छ। हामीसँग भएको राजनीतिक स्वतन्त्रताको शक्ति र सुसूचित हुने स्वतन्त्रताको अधिकार बिर्सन मिल्दैन। यसलाई बोध गराउने उत्तरदायित्व पनि प्राज्ञिकहरूकै हो। यस किसिमको कर्मले नै प्राज्ञिक हुनुमा आनन्द दिने गर्छ। त्यसैले बौद्धिक व्यक्ति गतिहीन उपभोक्ता नभई समय परिस्थितिको बोध गरी आलोचनात्मक मूल्यांकन गर्ने व्यक्ति हो। आफ्नो ज्ञानको भण्डारबाट समाजलाई गति दिन सक्षम आधार पनि बौद्धिक व्यक्ति नै हो।

**बौद्धिक र उत्तरदायित्व** : बौद्धिक या प्राज्ञिक व्यक्तिले शाब्दिक सहायताले सत्यतथ्यको उद्भाषित गर्छ। समसामयिक यथार्थको उद्घाटन गर्दै जनतामा विचार पुर्‍याउन लागिपर्ने व्यक्ति सामान्तया समाजको शिक्षित सदस्य या बौद्धिक हो। उसको चिन्तन मानवतावादी र प्रजातान्त्रिक पद्धतिका विकासमै रहेको हुन्छ। प्राज्ञिक व्यक्तिले समाज र देशभित्रका परिस्थितिमा मात्र होइन, विश्वमै सत्यका लागि आवाज उठाउँछ। केही समावेशी र अपवादबाहेक सबै मानवता र असल या सत्यका लागि नै बौद्धिक आवाज प्रस्तुत भएको हुन्छ भन्न सकिन्छ। समाजमा जनबौद्धिक आधार बनाउँदै सत्यको प्रतिनिधित्वका लागि होस् या जनताप्रतिको उत्तरदायित्वका विषयमा प्राज्ञिक नेतृत्व स्पष्ट हुनपर्ने देखिन्छ। प्राज्ञिक उत्तरदायित्व सत्यतथ्यपूर्ण पृथक् बौद्धिक आनन्दको एक प्रकार हो। यसमा हाम्रो सामाजिक नीति राष्ट्रिय सम्पदा र राष्ट्रिय सोचको सर्वोच्चता केन्द्रित हुने गर्छ। विचारधाराको सिर्जनात्मक निर्माणमा प्राज्ञिक व्यक्तिको भूमिका विशेष हुने गर्छ। सत्यतथ्यका लागि ऐतिहासिक आधारबाट सामाजिक घटनाको कारण र विश्लेषणमा जोड दिनुपर्ने हुन्छ। समाजप्रतिको नैतिक उत्तरदायित्वबाटै बौद्धिक उत्तरदायित्व मापनीय हुन्छ।

अन्तनियो ग्राम्चीले बौद्धिकता र सांस्कृतिक प्रभुत्वका सिद्धान्तमा सामाजिक वर्गभन्दा भिन्न बौद्धिक या प्राज्ञिकता नहुने दृष्टिकोण प्रस्तुत गरेका छन्। यसो भए पनि प्रत्येक व्यक्ति सामाजिक प्रकार्यमा क्रियाशील हुने र यस क्रममा प्रभुत्व समूह र सीमान्तकृत समूहका रूपमा समाज छुट्टिने उनको मान्यता छ। यस क्रममा उनले बौद्धिकलाई परम्परागत बौद्धिक र जैविक या खाँटी (अर्ग्यानिक) बौद्धिकका रूपमा वर्गीकरण गरेका छन्।



परम्परागत बौद्धिकहरू यथास्थितिको निरन्तरतामै रमाएका हुन्छन् भने खाँटी बौद्धिकहरूले प्रत्यक्ष रूपमा सामाजिक वर्गसँग जोडिएका हुन्छन् र यथास्थितिविरुद्ध सामाजिक मुद्दासँग आलोचनात्मक दृष्टिकोण विकास गरेका हुन्छन्। ग्राम्चीका अनुसार सबै मानिस बौद्धिक हुन्छन् र प्रत्येकमा पृथक्-पृथक् क्षमता र दक्षता हुन्छ। यसो भए पनि सबै व्यक्ति राम्रा बौद्धिक भने हुँदैनन् र बौद्धिकको भूमिका पनि पूरा गर्दैनन्। बौद्धिकले त सामाजिक सन्दर्भमा नयाँ चेतना या दृष्टिकोण सिर्जना गर्छन् र पुरानामा नयाँको आधार निर्माण गर्छन्। यसमा पनि अधिसंरचना र विचारधाराअनुसार समूहगत आधारमा बौद्धिकको धरातल रहेको हुन्छ। समसामयिक या परम्परागत सत्तासँग जोडिएका बौद्धिकहरू अधिसंरचनाकै तहमा रहेका हुन्छन्। उनीहरू सत्ताको हितवरिपरि रहेर बौद्धिक खेती गर्छन्। यो सहज देखिन्छ तर सीमान्तका आवाज खोतल्नु या सर्वहारापक्षीय बौद्धिक पक्षधरता कठिन विषय हो।

> शिक्षा, स्वास्थ्यजस्ता विषयमा सिर्जना भएको असमानताबाट मुक्त हुन समसामयिक विकृतिविरुद्ध नयाँ चिन्तनसहित नयाँ राज्य प्रणालीको खोजीमा सिर्जनशील बौद्धिक वर्ग प्रतिबद्ध देखिनैपर्छ

बौद्धिकहरू समाजका अधिसंरचनाका भाग हुन्। यिनले समाजका अधिसंरचनामा रहेर विचारधारा निर्माण गर्छन्। धेरैजसो बौद्धिक पुँजीवादको श्रेणीगत तहमा रमाउँछन्। पुँजीवाद तथा सत्ताका आपराधिक कार्यविरुद्ध रही सीमान्तीय आवाज उठाउने सबै बौद्धिक जो यस मुद्दामा सचेत र प्रतिबद्ध हुन्छन्, तिनीहरू नै खाँटी वा अर्ग्यानिक बौद्धिक हुन्। सीमान्तकृत समूहको आवाज बुलन्द पार्नमै यो समूह लागिपरेको हुन्छ। सीमान्तकृत वर्गको मानसिक अवस्था र उनीहरूको क्षमता बोध गराउन तथा लुकेको दमित शक्ति प्रस्फुटन गराउन यी बौद्धिकको विशेष भूमिका रहेको हुन्छ। त्यसैले विचारधारामा प्रस्ट भई सीमान्तीय पक्षधरताबाटै बौद्धिक आधार देखाउन सक्नु नै बौद्धिकहरूको वास्तविक उत्तरदायित्व हो।

मार्क्सवादी बौद्धिकहरू वर्गपक्षधरतामै रहेका हुन्छन्। यी बौद्धिकको भूमिका सर्वहारा वर्गपक्षीय आवाजलाई सञ्चार तथा विश्वविद्यालयलगायत ठाउँमा पुर्‍याउन विशिष्ट हुनुपर्ने देखिन्छ। यो सचेतता या जागरणमा सामाजिक संरचना, राजनीति र वर्ग पक्षधरताको उच्च चिन्तनगत आधार र आलोचनात्मक चेत रहेको हुन्छ। वास्तवमा क्रान्तिकारी खाँटी बौद्धिक नै सञ्चार र 'एकेडेमिया'मा प्रवेश गर्न जरुरी छ, किनभने यिनीहरू नै सीमान्तकृत या सर्वहारा वर्गका पक्षमा जागरण या चेतनाको सञ्चरण गर्न सक्षम हुन्छन्। यसर्थ, सञ्चार र विश्वविद्यालय यही बौद्धिक पुस्ताको पर्खाइमा छ।

बौद्धिकको भूमिकामा वर्गसचेत दृष्टि नै उल्लेख्य हुन्छ। विचारको नेतृत्व र सीमान्तीय आवाजका पक्षमा बौद्धिक आवाज स्पष्ट हुनुपर्छ। नयाँ मान्यतामा मार्क्सवादको व्याख्या उच्च वर्गका इलाइटबाटै भएको छ, जुन मार्क्सवादी चिन्तनमा सोचनीय विषय बनेको छ। यी उच्चवर्गीय बौद्धिक मध्यमवर्गीय स्वार्थसँग सम्बद्ध छन्। वास्तविक बौद्धिकहरूले विचारधारा र वर्गसचेतताका विषयमा ध्यान दिन जरुरी छ। छली बौद्धिक र साँचो बौद्धिकबिचको भिन्नता यही चिन्तनगत दृष्टिकोणबाट स्पष्ट हुन जरुरी छ। निम्न वर्गलाई हेर्ने र पक्षधरताको विषयमा यी बौद्धिकबिच भिन्नता देखिन्छ। उच्चवर्गीय बुद्धिजीवीको भूमिका पुँजीवादी विचारधाराकेन्द्रित रहेको छ र पुँजीवादको संवर्द्धनमा विशिष्ट देखिन्छ। यस्तै सच्चा बुद्धिजीवीको भूमिका समाजको वास्तविक संरचना बोध गराउँदै सीमान्त समूह र सर्वहारा वर्गलाई त्यसको दलदलबाट बाहिर निकाल्न सचेत प्रतिबद्धतामै रहेको हुन्छ। त्यसैले, सर्वहारा वर्ग पक्षधरतामा बौद्धिक आधार खोजी गर्दा समाजको वास्तविकतामा प्रवेश गर्दै आलोचनात्मक चेतनाको विकासमा जोड दिनुपर्ने हुन्छ।

दूरदृष्टियुक्त ज्ञान वितरणमा बौद्धिकताको भूमिका रहन्छ। बौद्धिककै कारण समाजको चेतनामा पनि प्रभाव परेको हुन्छ। बौद्धिकहरूले भिडलाई अबौद्धिक क्रियाकलाप र गलत कार्यको भण्डाफोर गर्दै सत्य र असल मार्गको बोध गराउँछन्। समाजको जागरणका लागि बौद्धिकले तत्त्व, ज्ञान, दक्षता र भलाइमा जोड दिन्छन्। नकारात्मकताबाट सोसाइटीलाई सहज मार्गमा ल्याउन बौद्धिकहरूको भूमिका बिर्सन मिल्दैन। सामाजिक मूल्य, मान्यता रक्षाका लागि बौद्धिकहरूको भूमिका नै अग्रणी हुन्छ। यिनीहरू सामाजिक उत्तरदायित्वका साथै नैतिक आदर्शबाट अभिमुख भएका हुन्छन्। आइन्स्टाइनले भनेझैँ संसार खतरामुक्त ठाउँ नभए पनि असल काम गर्न सधैँ लागिपर्नाको विकल्प देखिँदैन। यसर्थ, बौद्धिकहरूले आफ्नो क्षमता उपयोग गर्नैपर्ने हुन्छ। समाजलाई नकारात्मक प्रभावबाट मुक्त पार्न मार्गनिर्देशन गर्नैपर्ने हुन्छ। सामाजिक अभिकर्ताका रूपमा देखिन बौद्धिकहरू पछि पर्नुहुँदैन। समाज परिवर्तनका लागि अर्थपूर्ण आधार दिन बौद्धिकताको भूमिका हिजो थियो र आज पनि उत्तिकै रहिरहेको छ।

**हाम्रो सन्दर्भमा** : नेपालका सन्दर्भमा पनि शिक्षित र बौद्धिकको भूमिका भिन्नभिन्न देखिन्छ। वर्तमानको यथार्थ संश्लेषण र त्यसप्रतिको दृष्टिकोण निर्माणमा बौद्धिकको भूमिका नै उल्लेख्य हुन्छ। नेपालमा संसदीय प्रणालीको असफलता मात्र होइन, यसले सामाजिक स्थितिलाई दलाल र भ्रष्टबाट नियन्त्रित गर्दै नैतिक चरित्रमा संकट सिर्जना गरेको छ। देशमा भ्रष्टाचारमुक्त भई सुशासनका लागि विशेष परिवर्तन आवश्यक छ। सांसदलाई मासिक तलब सुविधा होइन, संसद् बैठक भएको दिनको भत्ता मात्र उपलब्ध गराउने हो भने पनि यसको सामान्य निकास हुन्छ। यस्तै मन्त्रीमण्डल संसद्बाट होइन, विज्ञबाट चयन हुने आधार तय गरिनुपर्छ। यही विकृति बढार्न जेन-जी आन्दोलन भएको र यसले उठाएका भ्रष्टाचारविरोधी सुशासनका मुद्दा उपयुक्त देखिन्छन्। पार्टी प्रणालीमा राजनीतिक रूपमा समानता छैन। पहुँचवाला नै पदमा पुग्न सहज भएको छ। विपन्नले यस अवस्थामा चुनाव लड्न सक्दैन। पूर्ण रूपमा समानुपातिक चुनाव नभएसम्म यसले कुनै निकास पनि दिँदैन। त्यसैले, बुद्धिजीवीको सक्रियता यस किसिमको परिस्थितिको ठोस विश्लेषण गरी दृष्टिकोण निर्माणमा केन्द्रित हुन जरुरी छ। शिक्षा, स्वास्थ्यजस्ता विषयमा असमानता सिर्जना भएको छ। यस असमानताबाट मुक्त हुन दृष्टिकोणका साथै समसामयिक विकृतिविरुद्ध नयाँ चिन्तनसहित नयाँ राज्य प्रणालीको खोजीमा सिर्जनशील बौद्धिकहरू प्रतिबद्ध देखिनैपर्छ।

---

## ३ प्रश्न

राजनीतिक विश्लेषक **पुरञ्जन आचार्य**लाई



**■ जेन-जी आन्दोलनपछि दलहरू कति सच्चिए ?**

यथार्थमा दलहरू सच्चिनुपर्छ भनेर मिडिया, नागरिक समाज, आमजनता आदिले मात्र आवाज उठाएका हुन्। तर, पार्टीभित्रैबाट चाहिँ कहीँ कतै आवाज उठेको देखिएन, सुनिएन। कांग्रेसमा महामन्त्रीहरूले सामाजिक सञ्जालबाट फरक ढंगमा आवाज उठाए पनि दलहरूभित्र सच्चिनुपर्छ भन्ने एजेन्डा नै प्रवेश गरेको छैन। एमाले महाधिवेशनले त जेनजी आन्दोलनलाई 'कन्डेम' नै गरेर आपराधिक करार गर्न खोज्यो। यसले गर्दा दलहरू सच्चिने बाटामा जाने सम्भावना देखिन्न।

**■ दलहरूमा रूपान्तरण र पुस्तान्तरणको सम्भावना कति देख्नुहुन्छ ?**

दलहरूमा रूपान्तरण र पुस्तान्तरण व्यक्तिसँगै एजेन्डामा पनि हुनुपर्ने हो। तर, यहाँ त कुनैमा पनि भएन र हुने सम्भावना पनि देखिँदै छैन। पार्टीमा रूपान्तरणको माग पनि आत्मकेन्द्रित या व्यक्तिकेन्द्रित देखिन्छ। जेनजी आन्दोलनले दलहरूमा आक्रामकता र राजनीतिक अराजकताको संस्कार दिएको छ। दलहरू रूपान्तरण र पुस्तान्तरणको साटो त्यही बाटामा जाने खतरा देखिँदै छ।

**■ कांग्रेसले पुरानै नेतालाई प्राथमिकता दिएर उम्मेदवार सिफारिस गर्नुलाई के भन्नुहुन्छ ?**

जसले जे-जस्ता आदर्शका कुरा गरे पनि आगामी निर्वाचनमा कांग्रेसबाट एक सय ५० जति पुरानै अनुहारले निरन्तरता पाउनेछन्। देशका सबै महत्त्वपूर्ण संस्था पुराना एलिटहरूकै कब्जामा छन्। जेनजी आन्दोलनले अवसर ल्याएको थियो तर, त्यतिखेर सो आन्दोलन नेतृत्वविहीन रह्यो र उनीहरूले आफ्ना एजेन्डा स्थापित गराउन सकेनन्। आन्दोलनको रापतापमा २४ भदौकै राति संविधान संशोधन गरेर तीनभन्दा बढी पटक उम्मेदवार बन्न नपाइने व्यवस्था गरिदिएको भए नयाँ अनुहारले मौका पाउने थिए। तर, त्यो मौका गुमेको हुनाले पुरानै अनुहारले निरन्तरता पाउने र नयाँ पुस्ता जिल्लिने अवस्था यथावत् छ।

---

प्रेरक प्रसंग

## संस्कारी बालक र खाना

एउटा बालक सहरको भव्य भवनको घन्टी बजाइरहेको थियो। घरधनी महिलाले ढोका खोलेपछि बालकले हात जोड्दै भन्यो- अन्टी, म तपाईंको बगैँचा सफा गरिदिऊँ ? घरधनी महिलाले भनिन्- अहँ पर्दैन, हामी आफैँ सफा गर्छौं। बालकले हात जोडेरै भन्यो- प्लिज अन्टी, म निकै राम्रोसँग सफा गर्छु, सफा गर्ने अनुमति दिनुहोस् न !



बालकको कुरा सुनेर मनमा दया पलाएपछि उनले सोधिन्- ठिक छ, तिमी सफा गर्न सक्छौ। तर, कति पैसा लिन्छौ नि ? बालकले भन्यो- मलाई पैसा चाहिँदैन, खाना दिनुभए हुन्छ। महिलालाई बालक निकै भोको रहेछ भन्ने लाग्यो। उनी किचनमा गइन् र उसका लागि खाना ल्याइदिइन् र भनिन्- ल बाबु, तिमी पहिला खाना खाऊ अनि काम गर। बालकले जवाफ दियो- पर्दैन अन्टी, पहिले म काम नै पूरा गर्छु। करिब एक घण्टामा बालकले काम सिध्याएर महिलालाई काम देखायो। काम देखेर उनी निकै खुसी भइन्। उनले बालकलाई खाना ल्याइदिइन्। तर, बालकले खाना खानुको साटो झोलामा खन्याएर पोको पार्‍यो। त्यो देखेपछि ती महिलाले उसलाई त्यसको कारण सोधिन्। बालकले जवाफ दियो- घरमा आमा निकै बिरामी हुनुहुन्छ। औषधि त सरकारी अस्पतालबाट निःशुल्क पाइयो। तर, औषधि खाली पेटमा खान मिल्दैन।

बालकको कुरा सुनेपछि महिलाका आँखा रसाए। उनले आफ्नै हातले बालकलाई खाना खुवाइन्। उसकी आमाका लागि तात्तातो खाना तयार गरेर बालकसँगै उसको घर गइन्। बालककी आमासित भेटेर भनिन्- बहिनी ! तपाईंले आफ्नो सन्तानलाई जुन अमूल्य संस्कार दिनुभएको छ, त्यो हामीले आफ्ना सन्तानलाई दिन कहिल्यै सकेनौँ। तपाईं धन्य हुनुहुन्छ।

---

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

## भ्रष्टाचारको छानबिन कहिले गर्ने ?

अझै पनि तिनकै झन्डा समातेर, भोट तिनै पार्टीलाई दिएर, तिनकै तिनै उम्मेदवारलाई जिताउने दाउमा हामी नेपाली जनता छौँ। किनकि, यो संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नयाँ नेपाल हो। नेपाली राजनीति यस्तो हो कि जता हावा चल्यो, त्यतै पात हल्लियो। चाकडीको पराकाष्ठा देख्न पाइन्छ यहाँ। नेपाली नेताले जति नै भ्रष्टाचार गरे पनि यसो मासुभात, पैसो, दुई लिटर पेट्रोल र लोकल रक्सी दियो भने रातारात भोट परिवर्तन हुन्छ र बिहान यिनै पार्टीका यिनै नेतालाई भोट आउँछ। कसैले रातारात बुथ कब्जा गर्छन्। अनि कसरी हुन्छ परिवर्तन ?

● जनक ओझा

अरू देशका नेताले देश कसरी बनाउने, जनताको जीवनस्तर कसरी माथि लग्ने भनेर राजनीति गर्छन्। हाम्रो देशका नेताचाहिँ कसरी जनतालाई लुट्न सकिन्छ, कसरी धन कमाउन सकिन्छ र कसरी आफ्ना नातागोतालाई धनी बनाउन सकिन्छ भनेर देशै बेच्न तयार हुन्छन्।

● प्राप्ति रेग्मी



■ नेपाल ट्रस्टको जग्गा हिनामिनामा राजनीतिक 'कनेक्सन'

यतीलाई दरबारमार्गमा जग्गा, ओलीका पिएलाई बालकोटमा घर

सकभर आजै मुद्दा दर्ताको तयारी

■ दरबारमार्ग जग्गा लिजमा ६ अर्बको बिगो दाबी

चाँडो गरौँ, समय कम छ। दसी-प्रमाण जुटाई अघि बढौँ। भ्रष्टाचारमुक्त समाज र देश बनाऊँ। सूक्ष्म तरिकाबाट निजामती कर्मचारी, सुरक्षा निकायका पदाधिकरी, नेता र तिनका कार्यकर्ता सबैको सम्पत्ति छानबिनको दायरामा ल्याऔँ।

● केशव ठकुरी

राजाको पालामा देशका नदीनाला बेचेर सके। भ्रष्टाचार पनि गरे। गणतन्त्र आएपछि एमाले र कांग्रेसी नेतालाई आफैँ राजाजस्तो भान हुने गरेको छ। त्यसैले, उनीहरूले चरम भ्रष्टाचार गर्न थाले। राणा र शाही शासनलाई बिदा गरेजसरी नै एमाले र कांग्रेसीलाई बिदा नगरेसम्म यो देश बन्दैन।

● कृष्ण गायक

हुन त सिंगो मुलुक नै एमालेबाट ३६ वर्षदेखि बन्धकजस्तै बनाइएको छ। झन् खड्गप्रसाद शर्मा ओली उदाएपछि त मुलुकभर विषाक्त राजनीति फैलियो। कतिपयले एमाले वा ओलीलाई कति गाली गरेको भन्छन्, तर आज देशभर देखिएको समस्याको जड एकजना ओली मात्र हुन् भन्ने तथ्य अब सबैले बुझ्नैपर्छ। ओलीका कारण माधव नेपाल र वामदेव गौतम मात्र एमालेबाट बाहिरिएका होइनन्, अष्टलक्ष्मी शाक्य, युवराज ज्ञवालीलगायत नेता पनि पार्टी छोड्ने तरखरमा छन्। भीम रावलजस्ता नेता त यसै हटाइएकै छन्। ओलीबाट वाक्क भएर अझै धेरै नेता तथा कार्यकर्ता एमाले छाड्ने क्रममा छन्। एकैचोटि लाखौँ समर्थकले एमाले छाडेको यो नै पहिलोपटक हो। अब एमालेमा केही हजार बिचौलिया मात्र छन्। ती सञ्चार संस्थादेखि बसपार्कका टिकट काउन्टरसम्म फैलिएका छन्। स्पष्ट रूपमा भन्नुपर्दा ११औँ महाधिवेशनपछि या त ओली-एमाले मात्र बाँकी रहनेछ, या ओलीको राजनीति समाप्ति हुनेछ। नभए एमाले स्वयं चकनाचुर हुनेछ। अब एमाले स्थिर भने हुनेछैन।

● आशाकार नेपाली

(नयाँ पत्रिका फेसबुक पेजबाट)

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

---

# चुनाव, एआई, डिपफेक र अचेत राज्य संयन्त्र

## २१ फागुनको निर्वाचनमा आर्टिफिसियल इन्टेलिजेन्स र त्यसको भयावह उपज डिपफेकले सबैभन्दा ठुलो खतरा निम्त्याउन सक्छ



● शम्भुप्रसाद ढुंगाना

नेपाली राजनीतिको परम्परागत वृत्तमाथि हालै भएको 'जेन-जी आन्दोलन'ले एउटा ठुलो हलचल ल्याइदियो। दशकौँदेखि जरा गाडेर बसेका राजनीतिक अस्थिरता, कुशासन र भ्रष्टाचारविरुद्ध युवापुस्ताले प्रविधिको आडमा गरेको त्यो विद्रोहको नतिजास्वरूप देशमा नयाँ सरकार गठन भयो। तर, यो परिवर्तनसँगै उठेका प्रविधिजन्य चुनौती, विशेषगरी आर्टिफिसियल इन्टेलिजेन्स (एआई) र डिपफेकको व्यापक प्रयोगले देशको राजनीतिक प्रणाली र चुनावलाई नै प्रभावमा पार्ने खतरा बढाएको छ।

जेन-जी आन्दोलन प्रत्यक्ष रूपमा कुनै परम्परागत राजनीतिक दल वा संगठनको नेतृत्वमा भएको थिएन। यो डिजिटल पुस्ताको आक्रोश थियो, जसलाई सूचना प्रविधिले संगठित गरेको थियो। आन्दोलनको सम्पूर्ण संरचना र परिचालन टिकटक, फेसबुक, ट्विटर (हाल 'एक्स') जस्ता सामाजिक सञ्जालबाट भएको थियो। शासकको असफलता, विसंगतिपूर्ण हर्कत र घोटालालाई मिम, छोटो भिडियो र भाइरल पोस्टका माध्यमबाट व्यापक रूपमा फैलाइयो। विरोध, भेला र रणनीति बनाउन टेलिग्राम वा अन्य 'एन्क्रिप्टेड मेसेजिङ एप'हरूको भरपूर प्रयोग गरियो। अन्ततः नयाँ राजनीतिक समीकरणसाथ नयाँ सरकार गठन भयो। सरकारले प्रविधिको शक्ति र युवाको अपेक्षा दुवैलाई बोक्नुपर्ने दोहोरो चुनौती लिएर आयो। तर, प्रविधिबाट बनेको यो सरकार आगामी २१ फागुनको निर्वाचनमा यही प्रविधि आर्टिफिसियल इन्टेलिजेन्स र त्यसको भयावह उपज डिपफेकले नै सबैभन्दा ठुलो खतरा निम्त्याउन सक्छ। डिपफेक एउटा यस्तो एआई-आधारित प्रविधि हो, जसले कुनै पनि व्यक्तिको अनुहार, आवाज र शरीरलाई दुरुस्तै नक्कल गरेर भिडियो वा अडियो बनाउन सक्छ, जुन वास्तविक होइन भनेर छुट्याउन साधारण व्यक्तिलाई लगभग असम्भव भइसकेको छ।

निर्वाचनको मुखमा कुनै प्रभावशाली नेतालाई भ्रष्टाचार गरेको, आपत्तिजनक बयान दिएको वा राष्ट्रिय हितविपरीत काम गरेको 'फेक भिडियो' 'भाइरल' बनाइयो भने त्यसले मतदाताको निर्णयलाई क्षणभरमै प्रभावित पार्न सक्छ। जातीय, क्षेत्रीय वा धार्मिक सद्भाव भड्काउने किसिमका डिपफेक सामग्री सिर्जना गरी सामाजिक द्वन्द्व निम्त्याउने काम हुन सक्छ, जसले शान्तिपूर्ण निर्वाचनलाई धुमिल बनाउन सक्छ। र, मतदाता निराधार भ्रममा परेर मतदान गर्न बाध्य हुन्छन्। यसले राजनीतिक चरित्रहत्या र सामाजिक द्वन्द्वको बिउ रोप्न सक्छ। राजधानीमा जारी एमालेको ११औँ महाधिवेशनसँग जोडेर एआईबाट तयार पारिएको एउटा फोटो सामाजिक सञ्जालमा तीव्र रूपमा फैलाइयो। धेरै प्रयोगकर्ताले सो तस्बिरलाई वास्तविक ठानेर विश्वास गरे। यसबाट के बुझ्न सकिन्छ भने डिजिटल युगमा एआई-निर्मित सामग्रीले भोटरलाई भ्रमित गर्न प्रयोग हुन सक्छ भन्ने पुष्टि गर्छ।

एआईले मतदाताको अनलाइन गतिविधि, राजनीतिक रुचि र संवेदनशीलताको बृहत् डाटा विश्लेषण गरेर उनीहरूको व्यक्तिगत विचारलाई लक्षित गरी 'माइक्रोटार्गेटेड' गलत सूचना प्रवाह गर्न सक्छ। उदाहरणका लागि, एक क्षेत्रका नागरिकलाई बेरोजगारीसम्बन्धी झुटो सूचना, अर्को क्षेत्रका नागरिकलाई धार्मिक विभाजनसम्बन्धी उत्तेजक जानकारी मात्र देखाइदिन सक्छ। यस्तोमा मतदाताले तथ्यमा आधारित नभई केवल आफ्ना भावनामा निर्णय लिन्छन्। यसले मतदातालाई तथ्यहीन सूचना पत्याउन प्रेरित गर्छ। विदेशी शक्ति वा लगानी गर्न सक्ने समूहले




आफ्नो स्वार्थ पूरा गर्न कुनै खास दल वा उम्मेदवारलाई जिताउन वा हराउन एआई-उत्पादित सामग्रीको प्रयोग गरी नेपालको आन्तरिक मामिलामा हस्तक्षेप गर्न सक्छन्। डिपफेक मात्र होइन, एआईको समग्र प्रयोगले चुनावको नतिजालाई नै फेरबदल गर्न सक्छ।

एआई-आधारित एल्गोरिदमहरूले सामाजिक सञ्जालमा राजनीतिक सामग्रीलाई यसरी 'र्‍याकिङ' गर्छन् कि प्रयोगकर्ताहरू एकै किसिमको सूचनाको घेराभित्र कैद हुन्छन्। यसले भिन्न विचार र आलोचनात्मक सोचलाई कमजोर बनाउँछ। योसँगै नक्कली एकाउन्टहरूले सामाजिक सञ्जालमा नकारात्मक र भ्रामक टिप्पणीको बाढी ल्याएर स्वस्थ बहसलाई निस्तेज पार्छन्, जसले आमनागरिकको अभिव्यक्ति स्वतन्त्रतालाई मानसिक रूपमा प्रभावमा पार्छ। एआई र डिपफेकले निम्त्याएको यो डिजिटल चुनौती सामना गर्न नेपाल सरकारका संयन्त्र सक्षम छैनन्। त्यसमाथि नेपालमा हालसम्म पनि एआई र डिपफेकको नियमन तथा पर्याप्त कानुनी आधार, नीति र कार्यविधि बनिसकेको छैन। नागरिकको डाटा सुरक्षा र गोपनीयतासम्बन्धी कानुनको अभावले एआईको दुरुपयोगको बाटो झन् उदाङ्ग भएको छ।

निर्वाचन आयोग, सुरक्षा निकाय र कानुनी संस्थामा डिपफेक पत्ता लगाउने र साइबर सुरक्षाका चुनौतीलाई सम्बोधन गर्ने दक्ष जनशक्ति र प्रविधिको समेत अभाव छ। गलत सूचनाको स्रोत पत्ता लगाउन र त्यसलाई तत्काल नियन्त्रणमा लिन एक विश्वव्यापी चुनौती भइरहेको समयमा नेपालजस्तो कमजोर प्राविधिक पूर्वाधार भएको मुलुकका लागि झनै जटिल छ।

जेन-जी आन्दोलनले प्रविधिको प्रयोगबाट कसरी राजनीतिमा परिवर्तन ल्याउन सकिन्छ भन्ने देखाए पनि प्रविधिको शक्ति अब आगामी चुनाव र राज्य संयन्त्रका लागि दुईधारे तरबार बनेर आउँदै छ भन्ने हेक्का राख्न जरुरी छ। एआई र डिपफेकको अनियन्त्रित प्रयोगले नेपालको निर्वाचन प्रक्रियामा अविश्वास र अराजकता ल्याउन सक्छ, जसले राज्य संयन्त्रलाई थप थङथिलो बनाउनेछ। समयमै गम्भीर भएर सचेत नीति, कानुन र जनचेतना निर्माण गरिएन भने लोकतन्त्रको जगमाथि नै डिजिटल हमला हुन सक्छ। अबको लडाइँ परम्परागत राजनीतिक शक्तिसँग मात्र नभई, प्रविधिको भित्री पक्षसँग पनि हो। यसमा नागरिक र राज्य संयन्त्र दुवैले सहकार्य गर्नैपर्छ।

*(ढुंगाना लामो समयदेखि प्रविधि क्षेत्रमा कार्यरत छन्)*

# लक्ष्मी सनराइज बैंक लिमिटेडमा धितो रहेको सम्पत्ति लिलाम बिक्रीको १५ दिने सार्वजनिक सूचना

**(प्रकाशित मिति : २०८२/०९/०२)**

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले उपभोग गर्नु भएको ऋण कर्जाको शर्त-सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने बक्यौता रकम (साँवा, व्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि) चुक्ता भुक्तानी गर्न पटक पटक लिखित तथा मौखिक तरताकेताका अतिरिक्त विभिन्न मितिको राष्ट्रिय दैनिक पत्रिकामा ऋण कर्जा चुक्ता भुक्तानी गर्ने गराउने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तानी नगर्नु नगराउनु भएको हुँदा यो धितो लिलाम बिक्रीको सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः कर्जाको सुरक्षण स्वरुप बैंकसमक्ष धितो रहेको तपसिलमा उल्लेखित चल/अचल सम्पत्ति/सवारी साधन/इक्यूपमेण्ट जहाँ जे जस्तो अवस्थामा रहे भएकोछ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्तिमध्ये कुन सम्पत्ति के, कति मुल्यमा खरिद गरिलिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र बैंकको बैंकको प्रधान कार्यालय, हात्तिसार, काठमाण्डौ स्थित कर्जा असुली विभाग/सम्बन्धित शाखा कार्यालयमा शिलबन्दी बोलपत्र दाखिल गर्नुहुन ईच्छुक महानुभावहरु सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६औं दिन अर्थात मिति २०८२/०९/१७ गते (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) मा बैंकको प्रधान कार्यालय, हात्तिसार, काठमाण्डौ स्थित कर्जा असुली विभाग/सम्बन्धित शाखा कार्यालयमा दिनको ठीक ११:०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, इच्छुक बोलपत्रकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ । कुनै कारणबश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने ब्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै सो सम्पत्तिबाट समेत बैंकको सम्पूर्ण बक्यौता रकम असूल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणी, जमानतकर्ता तथा निजहरुको हकलाग्ने परिवारका सदस्यहरुको अन्य जायजेथाबाट समेत बक्यौता रकम असुल उपर गर्ने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

**तपसिल**

## ऋणी तथा जमानतकर्ताको विवरण

### शाखा कार्यालयः भक्तपुर सुकुलढोका

**१. ऋणीको नाम :** प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग/कार्यालयमा दर्ता नं. १३२३४४/०७३/७४ मिति २०७३/०९/१८ मा रजिष्टर्ड/दर्ता भएको आन्तरिक राजश्व कार्यालय भक्तपुर पान नं. १०१०५४९१३ भएको भक्तपुर जिल्ला मध्यपुर ठिमी म.न.पा. वडा नं. ३ स्थित **डी आर एण्ड एस सप्लायर्स ।**

**प्रोप्राइटरको विवरण:** विष्णु मान श्रेष्ठको नाति, ज्ञान बहादुर श्रेष्ठको छोरा सप्तरी जिल्ला, कल्याणपुर न.पा./गा.पा. वडा नं. ८ भई हाल भक्तपुर जिल्ला मध्यपुर थिमी न.पा. वडा नं. ९, बस्ने **दिनेश कुमार श्रेष्ठ** (ना.प्र.नं. ३४२९।४३८५४८३७ जि.प्र.का. सप्तरी जारी मिति २०४६/०२/२४)

**धितो जमानतकर्ता :** ज्ञान बहादुर श्रेष्ठको बुहारी, दिनेश कुमार श्रेष्ठको पत्नी, सुनसरी जिल्ला, धरान न.पा. वडा नं. १५ भई हाल भक्तपुर जिल्ला मध्यपुर थिमी न.पा. वडा नं. ९, बस्ने **रेखा श्रेष्ठ** (ना.प्र.नं. १६४६/१९०६/०३४ जि.प्र.का. सुनसरी जारी मिति २०५१/१२/२८)

**व्यक्तिगत जमानतकर्ताहरु :**

क) विष्णु मान श्रेष्ठको बुहारी, ज्ञान बहादुर श्रेष्ठको पत्नी, सप्तरी जिल्ला, कल्याणपुर न.पा./गा.पा. वडा नं. ८ भई हाल भक्तपुर जिल्ला मध्यपुर थिमी न.पा. वडा नं. ९, निकोसेरा भक्तपुर बस्ने **शोभा देवी श्रेष्ठ** (ना.प्र.नं. १०७ जि.प्र.का.सप्तरी जारी मिति २०४३/०९/१०)

**लिलाम बिक्री हुने सम्पत्तिको विवरण :**

१. **धितो जमानतकर्ता रेखा श्रेष्ठ**को नाममा मालपोत कार्यालय भक्तपुरको लगतमा दर्ता श्रेष्ता कायम रहेको भक्तपुर जिल्ला, मध्यपुर थिमी न.पा. वडा नं.३ स्थित कित्ता नं. ३४० को क्षेत्रफल ९५.३९ ब.मी. भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

२. बैंकको नाममा हाईपोथिकेशन अर्न्तगत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको सम्पुर्ण स्टकमा रहेका मौज्दातहरु ।

**२. ऋणीको नाम :** विष्णु मान श्रेष्ठको नाति, ज्ञान बहादुर श्रेष्ठको छोरा सप्तरी जिल्ला, कल्याणपुर न.पा./गा.पा. वडा नं. ८ भई हाल भक्तपुर जिल्ला मध्यपुर थिमी न.पा. वडा नं. ९, बस्ने **दिनेश कुमार श्रेष्ठ** (ना.प्र.नं.३४२९।४३८५४८३७ जि.प्र.का. सप्तरी जारी मिति २०४६/०२/२४)

**धितो जमानतकर्ता :** ज्ञान बहादुर श्रेष्ठको बुहारी, दिनेश कुमार श्रेष्ठको पत्नी, सुनसरी जिल्ला, धरान न.पा. वडा नं. १५ भई हाल भक्तपुर जिल्ला मध्यपुर थिमी न.पा. वडा नं. ९, बस्ने **रेखा श्रेष्ठ** (ना.प्र.नं. १६४६/१९०६/०३४ जि.प्र.का. सुनसरी जारी मिति २०५१/१२/२८)

**व्यक्तिगत जमानतकर्ताहरु :** विष्णु मान श्रेष्ठको बुहारी, ज्ञान बहादुर श्रेष्ठको पत्नी, सप्तरी जिल्ला, कल्याणपुर न.पा./गा.पा. वडा नं. ८ भई हाल भक्तपुर जिल्ला मध्यपुर थिमी न.पा. वडा नं. ९, निकोसेरा भक्तपुर बस्ने **श्रीमती शोभा देवी श्रेष्ठ** (ना.प्र.नं. १०७ जि.प्र.का.सप्तरी जारी मिति २०४३/०९/१०)

**धितो सुरक्षणको विवरण : धितो जमानतकर्ता रेखा श्रेष्ठ**को नाममा मालपोत कार्यालय भक्तपुरको लगतमा दर्ता श्रेष्ता कायम रहेको भक्तपुर जिल्ला, मध्यपुर थिमी न.पा. वडा नं.३ स्थित कित्ता नं. ३४० को क्षेत्रफल ९५.३९ ब.मी. भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

### शाखा कार्यालयः सुरुङ्गा, झापा

**१. ऋणीको नाम :** प्रदेश नं. १ निजी तथा साझेदारी फर्म दर्ता ऐन, २०७७ बमोजिम प्रदेश सरकार, प्रदेश नं.१, उद्योग श्रम तथा रोजगार मन्त्रालय, उधोग वाणिजय तथा उपभोक्ता हित संरक्षण निर्देशनालय घरेलु तथा साना उद्योग कार्यालय भद्रपुर, झापामा दर्ता नं. ७९-१७५७९ अन्तर्गत मिति २०७९/०५/०१ मा रजिष्टर्ड/दर्ता भएको आन्तरिक राजश्व कार्यालय भद्रपुर पान नं. ६१३५४४३३७ भएको झापा जिल्ला कन्काई न.पा. वडा नं. ३ स्थित **दियाशा ट्रेडर्स ।**

**प्रोप्राइटर तथा व्यक्तिगत जमानतकर्ता:** शेर बहादुर पौडेलको नाती लोहित बहादुर पौडेलको छोरा झापा जिल्ला कन्काई न.पा. वडा नं. ६ बस्ने **दिपक पौडेल** (ना.प्र.नं. ०४१०३०/२२२० जि.प्र.का. झापा जारी मिति २०६७/११/२९)

**व्यक्तिगत तथा धितो जमानतकर्ता :** करवीर पौडेलको नाती शेर बहादुर पौडेलको छोरा झापा जिल्ला घैलाडुबा गा.बि.स. वडा नं. १ भई हाल कन्काई न.पा. वडा नं. ६ बस्ने **लोहित बहादुर पौडेल** (ना.प्र.नं. ३२३५५६९४ जि.प्र.का. झापा जारी मिति २०५२/०८/२१)

**व्यक्तिगत जमानतकर्ताहरुः**

क) लोहित बहादुर पौडेलको बुहारी दिपक पौडेलको पत्नी पाँचथर जिल्ला आङना गा.वि.स./न.पा. वडा नं. ४ भई हाल कन्काई न.पा. वडा नं. ६ बस्ने **मनुषा भण्डारी** (ना.प्र.नं. ०२०१०६६०६२६१ जि.प्र.का. पाँचथर जारी मिति २०६७/११/३० )

ख) शेर बहादुर पौडेलको बुहारी लोहित बहादुर पौडेलको पत्नी झापा जिल्ला कन्काई न.पा. वडा नं. ६ बस्ने **तारा पौडेल** (ना.प्र.नं. ०४-१३-७५-०००१९ जि.प्र.का. झापा जारी मिति २०७५/०९/२२ )

ग) शेर बहादुर पौडेलको नाती लोहित बहादुर पौडेलको छोरा झापा जिल्ला कन्काई न.पा. वडा नं. ६ बस्ने **सुगम पौडेल** (ना.प्र.नं. ०४-०१-७७-०७०७६ जि.प्र.का. झापा जारी मिति २०७७/१०/०७)

**लिलाम बिक्री हुने सम्पत्तिको विवरण :**

१. जग्गाधनी **लोहित बहादुर पौडेल**को नाममा मालपोत कार्यालय भद्रपुर, झापा को लगतमा दर्ता श्रेष्ता कायम रहेको झापा जिल्ला घैलाडुब्बा गा.वि.स/न.पा वडा नं/नक्सा सिट नं. ४ स्थित कित्ता नं. ३१७० को क्षेत्रफल ०-५-६ ३/४ (वि.क.धु) भएको घर/जग्गा तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत

२. बैंकको नाममा हाईपोथिकेशन अर्न्तगत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको सम्पुर्ण स्टकमा रहेका मौज्दातहरु ।

**२. ऋणीको नाम :** पुष्प बहादुर थापाको नाती दल बहादुर थापाको छोरा झापा जिल्ला सुरुङ्गा गा.वि.स. वडा नं. ०२ भई हाल कन्काई न.पा. वडा नं. ०१ बस्ने **मनोज थापा** (ना.प्र.नं. ६४३८६७४८ जि.प्र.का. झापा जारी मिति २०५५/०१/०८)

**धितो तथा व्यक्तिगत जमानतकर्ताहरु :**

क) नर बहादुर थापाको नाती पुष्प बहादुर थापाको छोरा मोरङ जिल्ला मधुमल्ला गा.वि.स. वडा नं. ०९ भई हाल झापा जिल्ला कन्काई न.पा. वडा नं. ०१ बस्ने **दल बहादुर थापा** (ना.प्र.नं. १०६७/०३२/३३ जि.प्र.का. मोरङ जारी मिति २०४१/०१/१०) ।

ख) पुष्प बहादुर थापाको बुहारी दल बहादुर थापाको पत्नी मोरङ जिल्ला मधुमल्ला गा.वि.स. वडा नं. ०९ भई हाल झापा जिल्ला कन्काई न.पा. वडा नं. ०१ बस्ने **पिपला देवी थापा** (ना.प्र.नं. ५७७६ जि.प्र.का. मोरङ जारी मिति २०३७/१२/०४) ।

**व्यक्तिगत जमानतकर्ता :** दल बहादुर थापाको बुहारी मनोज थापाको पत्नी झापा जिल्ला बुधबारे गा.वि.स. वडा नं. ०१ भई हाल कन्काई न.पा. वडा नं. ०१ बस्ने **ज्ञानु माया चापागाई** (ना.प्र.नं. ४०४१४८०३ जि.प्र.का. झापा जारी मिति २०५२/०१/०३)।

**लिलाम बिक्री हुने सम्पत्तिको विवरण :**

१. **धितो जमानतकर्ता दल बहादुर थापा**को नाममा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता श्रेष्ता कायम रहेको झापा जिल्ला सुरुङ्गा गा.वि.स वडा नं. ०२ स्थित कित्ता नं. ६५८ को क्षेत्रफल ०-२-० बि-क-धु भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

२. **धितो जमानतकर्ता पिपला देवी थापा**को नाममा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता श्रेष्ता कायम रहेको झापा जिल्ला सुरुङ्गा गा.वि.स वडा नं. ०२ स्थित कित्ता नं. ९८७ को क्षेत्रफल ०-१-५ बि-क-धु भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

## ऋणी तथा जमानतकर्ताको विवरण

**३. ऋणीको नाम :** प्राइभेट फर्म राजिष्ट्रेशन ऐन, २०१४ बमोजिम प्रदेश सरकार, प्रदेश नं ०१ उधोग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उधोग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता नं. ९८१/१७९/१६००७९ मिति २०७६/०२/१२ मा रजिष्टर्ड/दर्ता भएको आन्तरिक राजश्व कार्यालय भद्रपुर, झापामा पान नं. ६१०७०९२९२ भएको झापा जिल्ला कन्काई न.पा. वडा नं. ०१, स्थित **पाथीभरा पोलि पाइप ।**

**प्रोप्राइटर तथा व्यक्तिगत जमानतकर्ता :** पुष्प बहादुर थापाको नाती दल वहादुर थापाको छोरा झापा जिल्ला सुरुङ्गा गा.वि.स. वडा नं. ०२ भई हाल कन्काई न.पा. वडा नं. ०१ बस्ने **मनोज थापा** (ना.प्र.नं. ६४३८६७४८ जि.प्र.का. झापा जारी मिति २०५५/०१/०८)

**धितो तथा व्यक्तिगत जमानतकर्ताहरु :**

क) नर बहादुर थापाको नाती पुष्प बहादुर थापाको छोरा मोरङ जिल्ला मधुमल्ला गा.वि.स. वडा नं. ०९ भई हाल झापा जिल्ला कन्काई न.पा. वडा नं. ०१ बस्ने **दल बहादुर थापा** (ना.प्र.नं. १०६७/०३२/३३ जि.प्र.का. मोरङ जारी मिति २०४१/०१/१०)

ख) पुष्प बहादुर थापाको बुहारी दल बहादुर थापाको पत्नी मोरङ जिल्ला मधुमल्ला गा.वि.स. वडा नं. ०९ भई हाल झापा जिल्ला कन्काई न.पा. वडा नं. ०१ बस्ने **पिपला देवी थापा** (ना.प्र.नं. ५७७६ जि.प्र.का. मोरङ जारी मिति २०३७/१२/०४) ।

**व्यक्तिगत जमानतकर्ता :** दल बहादुर थापाको बुहारी मनोज थापाको पत्नी झापा जिल्ला बुधबारे गा.वि.स. वडा नं. ०१ भई हाल कन्काई न.पा. वडा नं. ०१ बस्ने **ज्ञानु माया चापागाई** (ना.प्र.नं. ४०४१४८०३ जि.प्र.का. झापा जारी मिति २०५२/०१/०३) ।

**लिलाम बिक्री हुने सम्पत्तिको विवरण :**

१. **धितो जमानतकर्ता दल बहादुर थापा**को नाममा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता श्रेष्ता कायम रहेको झापा जिल्ला सुरुङ्गा गा.वि.स वडा नं. ०२ स्थित कित्ता नं. ६५८ को क्षेत्रफल ०-२-० बि-क-धु भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

२. **धितो जमानतकर्ता पिपला देवी थापा**को नाममा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता श्रेष्ता कायम रहेको झापा जिल्ला सुरुङ्गा गा.वि.स वडा नं. ०२ स्थित कित्ता नं. ९८७ को क्षेत्रफल ०-१-५ बि-क-धु भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

३. यस बैंकको नाममा दर्ता कायम रही ऋणी **पाथीभरा पोलि पाइप** जनिएको मोडेल LCV TRUTIP च्यासिस नं. MAT505227K8R10428 इन्जिन नं. 4SPCR11EPY621060 भएको सवारी दर्ता नं. **प्र.१.०१.००१ क ९८५** को भाडा/निजी सवारी साधन थान १ ।

४. बैंकको नाममा हाईपोथिकेशन अर्न्तगत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको सम्पुर्ण स्टकमा रहेका मौज्दातहरु ।

**४. ऋणी तथा धितो जमानतकर्ताको नाम :** डिल्लीराम विश्वकर्माको नाति, पदम बहादुर विश्वकर्माको छोरा, झापा जिल्ला घैलाडुब्बा वडा नं.४ भई हाल कनकाई न.पा. वडा नं. ०६ बस्ने **चक बहादुर विश्वकर्मा** (ना.प्र.न ३२३५२०२१ जि.प्र.का. झापा जारी मिति २०५२/०९/२४)

**व्यक्तिगत जमानतकर्ताहरु :**

क) पदम बहादुर विश्वकर्माको नातिनी, चक बहादुर विश्वकर्माको छोरी, झापा जिल्ला कन्काई वडा नं.६ भई हाल झापा न.पा. वडा नं. ०६ बस्ने **प्रमिला विश्वकर्मा** (ना.प्र.न.०४-०१-७५-०६२०६ जि.प्र.का. झापा जारी मिति २०७५/०६/०२)

ख) पदम बहादुर विश्वकर्माको बुहारी, चक बहादुर विश्वकर्माको पत्नी, झापा जिल्ला घैलाडुब्बा वडा नं.४ भई हाल कनकाई न.पा. वडा नं. ०६ बस्ने **इन्द्र कुमारी विश्वकर्मा** (ना.प्र.न. ०४३०३०/५७ जि.प्र.का. झापा जारी मिति २०६३/१०/१५)

**लिलाम बिक्री हुने सम्पत्तिको विवरण : ऋणी चक बहादुर विश्वकर्मा**को नाममा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता श्रेष्ता कायम रहेको झापा जिल्ला घैलाडुब्बा गा.वि.स वडा नं. ०४ स्थित कित्ता नं. २०३९ र २०४४ को क्षेत्रफल ०-०-६.७५ र ०-१-१३.२५ बि-क-धु जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**५. ऋणीको नाम :** प्राइभेट फर्म राजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभागमा दर्ता नं. ६६३/१०६६९/१०/२२ मिति २०७४/१०/२२ मा रजिष्टर्ड/दर्ता भएको आन्तरिक राजश्व कार्यालय भद्रपुर, झापामा पान नं. ६०५०४०६५८ भएको झापा जिल्ला झापा न.पा./गा.पा. वडा नं. ०७, स्थित **सामसुल हार्डवेयर पसल ।**

**प्रोप्राइटर व्यक्तिगत जमानतकर्ता:** फैजुलदिन मियाको नाती अब्दुल मियाको छोरा झापा जिल्ला शरणामति गा.वि.स. वडा नं. ०२ भई हाल झापा न.पा./गा.पा. वडा नं. ०५ बस्ने **सामसुल हक मिया** (ना.प्र.नं. ०४३०३५/९७ जि.प्र.का. झापा जारी मिति २०६३/१२/१४)

**धितो जमानतकर्ता :** सुलेमान मियाको नाती फैजुलदिन मियाको छोरा झापा जिल्ला शरणामति गा.वि.स. वडा नं. ०२ भई हाल झापा न.पा./गा.पा. वडा नं. ०५ बस्ने **अब्दुल मिया** (ना.प्र.नं. ८५०६१७५२ जि.प्र.का. झापा जारी मिति २०५०/१०/१४)

**व्यक्तिगत जमानतकर्ताहरु :**

क) फैजुलदिन मियाको नाती अब्दुल मियाको छोरा झापा जिल्ला शरणामति गा.वि.स. वडा नं. ०२ भई हाल झापा न.पा./गा.पा. वडा नं. ०५ बस्ने **साइदुर मिया** (ना.प्र.नं. ८५०६६१५७ जि.प्र.का. झापा जारी मिति २०५८/०५/२७)

ख) सुलेमान मियाको नाती, फैजुलदिन मियाको छोरा, झापा जिल्ला शरणामति गा.वि.स. वडा नं. ०२ भई हाल झापा न.पा./गा.पा. वडा नं. ०५ बस्ने **अब्दुल मिया** (ना.प्र.नं. ८५०६१७५२ जि.प्र.का. झापा जारी मिति २०५०/१०/१४

ग) फैजुलदिन मियाको नाती अब्दुल मियाको छोरा झापा जिल्ला शरणामति गा.वि.स. वडा नं. ०२ भई हाल झापा न.पा./गा.पा. वडा नं. ०५ बस्ने **दोस महमद** (ना.प्र.नं. ८५०६१३२४ जि.प्र.का. झापा जारी मिति २०६०/१०/२७)

**लिलाम बिक्री हुने सम्पत्तिको विवरण :**

१. **धितो जमानतकर्ता अब्दुल मियाको** नाममा मालपोत कार्यालय झापाको लगतमा दर्ता श्रेष्ता कायम रहेको झापा जिल्ला टाघनडुब्बा गा.वि.स/न.पा वडा नं. ०३, नक्सा सीट नं. १७९०६६९ स्थित कित्ता नं. ६४ को क्षेत्रफल २१६.५४ वर्ग.मि जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

२. बैंकको नाममा हाईपोथिकेशन अर्न्तगत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको सम्पुर्ण स्टकमा रहेका मौज्दातहरु ।

**६. ऋणी तथा धितो जमानतकर्ता:** डिल्लीराम विश्वकर्माको नाती पदम बहादुर विश्वकर्माको छोरा खोटाङ जिल्ला दिक्तेल गा.वि.स. वडा नं. ०४ भई हाल कनकाई न.पा. वडा नं. ०६ बस्ने **नारायण विश्वकर्मा** (ना.प्र.नं. १४१९/२३२२ जि.प्र.का. खोटाङ जारी मिति २०४४/११/२९ )

**व्यक्तिगत जमानतकर्ता :** पदम बहादुर विश्वकर्माको बुहारी, नारायण विश्वकर्माको पत्नी, भोजपुर जिल्ला अन्नपुर्ण वडा नं. ०८ भई हाल झापा जिल्ला कनकाई न.पा. वडा नं. ०६ बस्ने **शिव देवी विश्वकर्मा** (ना.प्र.न २७९२ जि.प्र.का. भोजपुर जारी मिति २०४६/०२/०७)

**लिलाम बिक्री हुने सम्पत्तिको विवरण :**

**ऋणी नारायण विश्वकर्माको** नाममा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता श्रेष्ता कायम रहेको झापा जिल्ला घैलाडुब्बा गा.वि.स वडा नं. ०४ स्थित कित्ता नं. २०३८ र २०४३ को क्षेत्रफल क्रमशः ०-०-७.२५ र ०-१-१२.७५ बि-क-धु जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**७. ऋणी तथा धितो जमानतकर्ताको नाम :** कुबेर चौधरीको बुहारी, सुरज चौधरीको पत्नी, मोरङ जिल्ला मधुमल्ला वडा नं. ०८ भई हाल कनकाई न.पा. वडा नं. ०४ बस्ने **कुमारी दनुवार** (ना.प्र.न ६०८९ जि.प्र.का. मोरङ जारी मिति २०५९/०१/०२)

**व्यक्तिगत जमानतकर्ता :** दुखीलाल चौधरीको नाति कुबेर चौंधरीको छोरा झापा जिल्ला सुरुङ्गा न.पा./गा.वि.स. वडा नं. ४ भई हाल कनकाई न.पा. वडा नं. ०४ बस्ने **सुरज चौधरी** (ना.प्र.न ०४३०३१/४८५ जि.प्र.का. झापा जारी मिति २०६३/११/११)

**लिलाम बिक्री हुने सम्पत्तिको विवरण : ऋणी कुमारी दनुवारको** नाममा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता श्रेष्ता कायम रहेको झापा जिल्ला सुरुङ्गा गा.वि.स वडा नं. ४क स्थित कित्ता नं. ४२९१ को क्षेत्रफल कमश ०-१-० बि-क-धु जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**८. ऋणीको नाम :** भोगेन्द्र प्रसाद ताजपुरियाको बुहारी राकेश ताजपुरियाको पत्नी झापा जिल्ला शिवगन्ज गा.वि.स. वडा नं. ०३ भई हाल झापा जिल्ला शिवसताक्षी न.पा. वडा नं.०४ बस्ने **निलम ताजपुरिया** (ना.प्र.नं. ०४३०३३/६८८ जि.प्र.का. झापा जारी मिति (२०६३/१०/१२ )

**व्यक्तिगत तथा धितो जमानतकर्ता :** टुप्ना ताजपुरियाको बुहारी भोगेन्द्र प्रसाद ताजपुरियाको पत्नी झापा जिल्ला पाँचगाछी गा.वि.स. वडा नं.०१ भई हाल शिवसताक्षी न.पा. वडा नं.०४ बस्ने **पार्वती ताजपुरिया** (ना.प्र.नं. ६९१२०६५८ जि.प्र.का. झापा जारी मिति (२०४३/०९/१५)

**व्यक्तिगत जमानतकर्ताहरु :**

क) टुप्ना ताजपुरियाको नाती भोगेन्द्र प्रसाद ताजपुरियाको छोरा झापा जिल्ला पाँचगाछी गा.वि.स. वडा नं.०८ भई हाल शिवसताक्षी न.पा. वडा नं.०४ बस्ने **मुकेश ताजपुरिया** (ना.प्र.नं. ६४७१२०८ जि.प्र.का. झापा जारी मिति (२०६२/०३/१०)

ख) टुप्ना ताजपुरियाको नाती भोगेन्द्र प्रसाद ताजपुरियाको छोरा झापा जिल्ला शिवसताक्षी गा.वि.स. वडा नं. ०५ भई हाल शिवसताक्षी न.पा. वडा नं. ०४ बस्ने **राकेश ताजपुरिया** (ना.प्र.नं. ६९७११४१६ जि.प्र.का. झापा जारी मिति (२०६०/०३/१९)

**लिलाम बिक्री हुने सम्पत्तिको विवरण : धितो जमानतकर्ता पार्वती ताजपुरिया**को नाममा मालपोत कार्यालय दमक, झापाको लगतमा दर्ता श्रेष्ता कायम रहेको झापा जिल्ला पाँचगाछी गा.वि.स वडा नं. ०८ स्थित कित्ता नं. ११९४ को क्षेत्रफल ०-९-० बि-क-धु भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

## ऋणी तथा जमानतकर्ताको विवरण

**९. ऋणीको नाम :** भक्त बहादुर सार्कीको नाती खड्ग बहादुर सार्कीको छोरा झापा जिल्ला सुरुङ्गा गा.वि.स. वडा नं. ०७ भई हाल कन्काई न.पा. वडा नं.०५ बस्ने **मदन सार्की** (ना.प्र.नं. ९१५२१७४४ जि.प्र.का. झापा जारी मिति २०५९/०३/२६)

**व्यक्तिगत जमानतकर्ता :**खड्ग बहादुर सार्कीको बुहारी मदन सार्कीको पत्नी झापा जिल्ला कन्काई न.पा वडा नं. ०५ भई हाल कन्काई न.पा. वडा नं. ०५ बस्ने **देवीका बसेल साकी** (ना.प्र.नं. ०४-०१-७५-०७१७३ जि.प्र.का. झापा जारी मिति २०७५/०७/१३)।

**लिलाम बिक्री हुने सम्पत्तिको विवरण : जग्गाधनी मदन सार्की**को नाममा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता श्रेष्ता कायम रहेको झापा जिल्ला सुरुङ्गा गा.वि.स वडा नं. ०७ स्थित कित्ता नं. ३१५० को क्षेत्रफल ०-६-५ (बि-क-धु) भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**१०. ऋणीको नाम** : मन नारायण श्रेष्ठको नाति, हर्क बहादुर श्रेष्ठको छोरा, झापा जिल्ला, शिवगन्ज गा.वि.स. वडा नं. ५ भई हाल शिवसताक्षी न.पा. वडा नं. ७ बस्ने **कुमार श्रेष्ठ** (ना.प्र.नं. ८५२४१९९३५, जि.प्र.का. झापा, जारी मिति २०४५/०८/१४) ।

**व्यक्तिगत जमानतकर्ताहरु :**

क. रत्न मान श्रेष्ठको नाति, लाल बहादुर श्रेष्ठको छोरा, झापा जिल्ला, सुरुङ्गा गा.वि.स. वडा नं. ५ भई हाल कन्काई न.पा. वडा नं. ३ बस्ने **प्रेम कुमार श्रेष्ठ** (ना.प्र.नं. ९१५२४०८०, जि.प्र.का. झापा, जारी मिति २०४१/०७/१३) ।

ख. हर्क बहादुर श्रेष्ठको बुहारी, कुमार श्रेष्ठको पत्नी, झापा जिल्ला, शिवगन्ज गा.वि.स. वडा नं. ५ भई हाल शिवसताक्षी न.पा. वडा नं. ७ बस्ने **दुर्गा श्रेष्ठ** (ना.प्र.नं. ०४३०३३/२०३, जि.प्र.का. झापा, जारी मिति २०६३/१०/०५) ।

ग. हर्क बहादुर श्रेष्ठको नाति, कुमार श्रेष्ठको छोरा, झापा जिल्ला, शिवसताक्षी न.पा. वडा नं. ४ भई हाल शिवसताक्षी न.पा. वडा नं. ७ बस्ने **सागर श्रेष्ठ** (ना.प्र.नं. ०४-०२-७३-०४६७६, जि.प्र.का. झापा, जारी मिति २०७३/११/०९) ।

**लिलाम बिक्री हुने सम्पत्तिको विवरण : धितो जमानतकर्ता कुमार श्रेष्ठ**को नाममा मालपोत कार्यालय दमक, झापाको लगतमा दर्ता श्रेष्ता कायम रहेको झापा जिल्ला शिवगन्ज गा.वि.स. वडा नं. ५ख स्थित कित्ता नं. १८८९ को क्षेत्रफल ०-१३-० (बि.क.धु.) भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

### शाखा कार्यालयः धनकुटा

**१. ऋणीको नाम :** प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार वाणिज्य मन्त्रालय, वाणिज्य विभाग/कार्यालय धनकुटामा दर्ता नं. ८२७/०७३/०७४ मिति २०७३/१२/१५ मा रजिष्टर्ड/दर्ता भएको आन्तरिक राजश्व कार्यालय धरान पान नं. ६०१०७५११३ भएको धनकुटा जिल्ला धनकुटा न.पा. वडा नं. ४, स्थित **एन. पी. सप्लायर्स ।**

**प्रोप्राइटर तथा व्यक्तिगत जमानतकर्ता:** कृष्ण प्रसाद आचार्यको नातीनी, पदम प्रसाद आचार्यको छोरी, खिरेन्द्र घिमिरेको पत्नी धनकुटा जिल्ला धनकुटा न.पा. वडा नं. ४ बस्ने **प्रतिभा घिमिरे** (ना.प्र.नं. ०७३०२१/४७३ जि.प्र.का. धनकुटा जारी मिति २०६३/११/१०)

**धितो तथा व्यक्तिगत जमानतकर्ता :** नन्द राज घिमिरेको नाती, झपट प्रसाद घिमिरेको छोरा, धनकुटा जिल्ला धनकुटा न.पा. बस्ने **खिरेन्द्र घिमिरे** (ना.प्र.नं. ३४४९ जि.प्र.का. धनकुटा जारी मिति २०५६/११/४)

**लिलाम बिक्री हुने सम्पत्तिको विवरण :**

१. **धितो जमानतकर्ता खिरेन्द्र घिमिरे**को नाममा मालपोत कार्यालय धनकुटाको लगतमा दर्ता कायम रहेको धनकुटा जिल्ला, धनकुटा न.पा./गा.वि.स. वडा नं./नक्सा सिट नं. १ स्थित कित्ता नं. २३१९, २३२३, २३११, र २३१७ को क्षेत्रफल क्रमशः ०-३-०-२, ०-६-३-३, ०-६-१-० र ०-२-३-३ (रोपनि) भएको घर/जग्गा र सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

२. बैंकको नाममा हाईपोथिकेशन अर्न्तगत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको सम्पुर्ण स्टकमा रहेका मौज्दातहरु ।

**२. ऋणी तथा धितो जमानतकर्ताः** सुरेन्द्र बहादुर लिम्बुको छोरी, धन बहादुर लिम्बुको बुहारी, राज कुमार लिम्बुको पत्नी, धनकुटा जिल्ला, तांखुवा गा.वि.स. वडा नं. ३ भई हाल धनकुटा न.पा. वडा नं. ५ बस्ने **शशीकला लिम्बु** (ना.प्र. नं. १७७, जि.प्र.का. धनकुटा, जारी मिति २०५९ १२ ११) ।

**धितो तथा व्यक्तिगत जमानतकर्ता :** गुमानध्वज राईको छोरी, पुनहाङ लिम्बुको बुहारी, धन बहादुर लिम्वुको पत्नी, धनकुटा जिल्ला, तांखुवा गा.वि.स. वडा नं. ३ भई हाल धनकुटा न.पा. वडा नं. ५ बस्ने **सामती राई** (ना.प्र.नं. ५९४५, जि.प्र.का. धनकुटा, जारी मिति २०४५ ०२१६) ।

**व्यक्तिगत जमानतकर्ता :** बहुराज लिम्बुको नाति, पुनहाङ लिम्बुको छोरा, धनकुटा जिल्ला, तांखुवा गा.वि.स. वडा नं. ३ भई हाल धनकुटा न.पा. वडा नं. ५ बस्ने **धन बहादुर लिम्बु** (ना.प्र.नं. २३८५१, जि.प्र.का. धनकुटा, जारी मिति २०४५ १० १६) ।

**लिलाम बिक्री हुने सम्पत्तिको विवरण :**

**१. धितो जमानतकर्ता शशीकला लिम्बु**को नाममा मालपोत कार्यालय बेलबारी, मोरङको लगतमा दर्ता श्रेष्ता कायम रहेको मोरङ जिल्ला, याशिला गा.वि.स न.पा. वडा नं. ५ स्थित कित्ता नं. ३१७ को क्षेत्रफल ०-५-१-१ (रोपनी) भएको घर जग्गा तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**२. धितो तथा व्यक्तिगत जमानतकर्ता सामती राई**को नाममा मालपोत कार्यालय धनकुटाको लगतमा दर्ता श्रेष्ता कायम रहेको धनकुटा जिल्ला, तांखुवा गा.वि.स/न.पा. वडा नं. ३ स्थित कित्ता नं. २४ र ३९४ को क्षेत्रफल ५-८-०-० र ७-८-३-० (रोपनी) भएको घर जग्गा तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

### शाखा कार्यालयः मिर्चैया, सिराहा

**१. ऋणीको नाम :** प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम प्रदेश सरकार प्रदेश नं २ उद्योग पर्यटन वन तथा बातारण मन्त्रालय वाणिज्य तथा आपूर्ति मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित निर्देशनालय अन्तर्गत घरेलु तथा साना उद्योग कार्यालय लहान सिराहामा दर्ता नं. ११६६८ /२०७६/०७७ मिति २०७६।१०।२७ मा रजिष्टर्ड/दर्ता भएको आन्तरिक राजश्व कार्यालय लहानमा पान नं. ६१३०१९७६९ भएको सिराहा जिल्ला कर्जन्हा न.पा. वडा नं ०२, स्थित **राशी टेड्रर्स एण्ड सप्लायर्स ।**

**प्रोप्राईटरको विवरण:** महन्थी मण्डल को बुहारी राज किशोर मण्डल को पत्नी धनुषा जिल्ला जनकपुर न.पा वडा न ०४ भई हाल कर्जन्हा न.पा. वडा नं. ०२ बस्ने **सिमा कुमारी मण्डल** (ना.प्र.नं. १७३१०२/क६४१ जि.प्र.का. धनुषा जारी मिति २०६३।१२।२५

**धितो जमानतकर्ताहरु :**

क) महन्थी मण्डलको बुहारी राज किशोर मण्डलको पत्नी धनुषा जिल्ला जनकपुर न.पा वडा न ०४ भई हाल कर्जन्हा न.पा. वडा नं. ०२ बस्ने **सिमा कुमारी मण्डल** (ना.प्र.नं. १७३१०२/क६४१ जि.प्र.का. धनुषा जारी मिति २०६३।१२।२५

ख) असर्फि मण्डलको नाती महन्थी मण्डलको छोरा धनुषा जिल्ला दुबरकोट हथलेटवा गा.वि.स वडा न ०८ भई हाल कर्जन्हा न.पा. वडा नं. ०२ बस्ने **राज किशोर मण्डल** (ना.प्र.नं. २९१२४०७१ जि.प्र.का. धनुषा जारी मिति २०५८।१०।१४

**लिलाम बिक्री हुने सम्पत्तिको विवरण :**

१. यस बैंकको नाममा दर्ता कायम रही ऋणी **राशी टेड्रर्स एण्ड सप्लायर्स** कायम रहेको मोडेल NEXON XM 1.5 RTR भएको टाटाको ५ सिटर डिजल ईन्जिन कार, च्यासिस नं. MAT627121KLF28669 इन्जिन नं. 1.5CRAIL01FPYW16547 भएको सवारी दर्ता न. प्र.३-०१.०२२च ८७२३ को निजी सवारी साधन थान १ ।

२. **धितो जमानतकर्ता राज किशोर मण्डल**को नाममा मालपोत कार्यालय सिराहाको लगतमा दर्ता श्रेष्ता कायम रहेको सिराहा जिल्ला लबटोली गा.वि.स/न.पा वडा नं. ५ख स्थित कित्ता नं. ४९६४ को क्षेत्रफल (०-०-३-०) बि.क.धु जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

३. **धितो जमानतकर्ता सिमा कुमारी मण्डल**को नाममा मालपोत कार्यालय सिराहा को लगतमा दर्ता श्रेष्ता कायम रहेको सिराहा जिल्ला लबटोली गा.वि.स/न.पा वडा नं. ५ख स्थित कित्ता नं. ४३०८, ४३१०, ४३११, ४३०७ को क्षेत्रफल क्रमशः (०-०-१-०), (०-०-१-०), (०-०-०-८), (०-०-२-०) बि.क.धु जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**२. संयुक्त ऋणीको नामः**

क) मनि भंडारीको नाती गंगाई भण्डारी मालीको छोरा सिराहा जिल्ला फुलकाहाकट्टी गा.वि.स वडा नं. ९ भई हाल धनगढिमाई वडा नं. ०४ बस्ने **दिनेश कुमार भण्डारी** (ना.प्र.न ९४३०/६३ जि. प्र. का. सिराहा जारी मिति २०६३।०३।०९)

ख) धुनाई भंडारीको नाती मनि भंडारीको छोरा सिराहा जिल्ला सुखिपुर गा.वि.स वडा नं. ६ भई हाल धनगढिमाई वडा नं. ०४ बस्ने **गंगाई भण्डारी माली** (ना.प्र.न ९०८३१५३५/५०६० जि.प्र.का. सिराहा जारी मिति २०५३।०२।२०)

**व्यक्तिगत जमानतकर्ता :**गंगाई भण्डारी मालीको बुहारी दिनेश कुमार भण्डारीको पत्नी सिराहा जिल्ला फुलकाहाकट्टी गा.वि.स वडा नं. ९ भई हाल धनगढिमाई वडा नं. ०४ बस्ने **ककुलती दे. भण्डारी** (ना.प्र.नं. १५३०४६/३२८ जि.प्र.का. सिराहा जारी मिति २०६३।१२।०७)

**लिलाम बिक्री हुने सम्पत्तिको विवरण : संयुक्त ऋणीमध्येको जग्गाधनी गंगाई भण्डारी माली**को नाममा मालपोत कार्यालय सिराहामा दर्ता कायम रहेको सिराहा जिल्ला, फुलकाहाकट्टी न.पा./गा.वि.स. वडा नं./नक्सा सीट नं. ९क स्थित कित्ता नं. १०७४ को क्षेत्रफल ०-१-२-० (बिगाहा) भएको घर/जग्गा र सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**नोटः ऋणी बाहेकका व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्तालाई चिनाउने प्रयोजनका लागि मात्र राखिएको हो । जमानतकर्ताको हकमा जानकारीको लागि मात्र यो सूचना प्रकाशित गरिएको हो ।**

**पुनश्च :** बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय, हात्तिसार, काठमाण्डौ स्थित कर्जा असुली विभाग/सम्बन्धित शाखा कार्यालयबाट प्राप्त गर्न सकिनेछ । साथै बोलपत्र फारममा उल्लेखित शर्तबन्देजहरु समेत यसै सूचनाको अभिन्न अंङ्गको रुपमा रहनेछ ।

**अन्य जानकारीको लागि यस बैंकको प्रधान कार्यालय हात्तिसार स्थित कर्जा असूली विभाग वा सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राख्न सकिने छ ।**

लक्ष्मी सनराइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited

लक्ष्मी कम्प्लेक्स, हातीसार, काठमाडौं
फोन नं.: ५९७०६८४, ४२१७०७०
Email: info@laxmisunrise.com
URL : www.laxmisunrise.com

# विपत् संकटग्रस्त इलामको सडक पुनर्निर्माण गर्न आएन बजेट

झापामा **चिरञ्जीवी घिमिरे**

१८ र १९ असोजमा आएको बाढीपहिरोले इलाममा मानवीयसँगै ठुलो भौतिक क्षति भएपछि संघीय सरकारले २३ असोजमा इलामलाई विपत् संकटग्रस्त जिल्ला घोषणा गऱ्यो । तर, संकटकाल घोषणा गरेको दुई महिना बित्दा पनि पुनर्निर्माण तथा पुनर्स्थापनाको काम अघि बढाइएको छैन ।

क्षतिग्रस्त सडक पुनर्निर्माणका लागि मात्र ६ अर्ब ९५ करोड लाग्ने प्रारम्भिक मूल्यांकन गरेर सडक डिभिजन इलामले सडक विभागमार्फत बजेट माग गरेको थियो । तर, सरकारले बजेट नपठाउँदा पहिरोले क्षतविक्षत भएका सडक तथा पुल पुनर्निर्माण गर्न नसकिएको सडक डिभिजन कार्यालय इलामका प्रमुख पवन भट्टराईले जानकारी दिए ।

विभागअन्तर्गत मेची राजमार्ग, मेची करिडोर, फिक्कल-श्रीअन्तु सडक र मेची राजमार्गको वैकल्पिक सडक सिमल गोलाई-तिल्केनी सडक पर्छन् । पाँचथरमा मेची राजमार्ग र मध्यपहाडी राजमार्ग हेर्दै आएका डिभिजन प्रमुख भट्टराईले जानकारी दिए । प्राकृतिक विपत्पछि १३ दिन लगाएर मूल्यांकन गर्दा ६ अर्ब ९५ करोडको क्षति भएको प्रारम्भिक मूल्यांकन गरेर विभाग पठाएको उनले बताए । तर, विभागले भने अर्थ मन्त्रालयमा एक अर्ब ५० करोड क्षतिको विवरण मात्र पठाएको छ ।

अर्थ मन्त्रालयले ८ मंसिरमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई पत्र लेख्दै राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट सिफारिस भएका आयोजनामध्ये यसपटकको प्राकृतिक विपत्का कारण प्रभावित भएका आयोजना मात्र छन् भन्ने सुनिश्चितता गर्न आग्रह गरेको थियो । त्यस्तै, पत्रमा विपत्बाट प्रभावित भएका आयोजनाको चालू आर्थिक वर्षमा निर्माण सम्पन्न हुन सक्ने कामको लागत अनुमान गरेर मात्र बजेट आवश्यकता उल्लेख गर्न आग्रह गरेको थियो । यहीबमोजिम तत्काल आवश्यक र चालू आर्थिक वर्षमा काम हुन सक्ने गरी ७५ करोड रुपैयाँको



प्रारम्भिक बजेट अनुमान गरेर पठाइएको सडक डिभिजन इलामका प्रमुख भट्टराईले जानकारी दिए । '७५ करोडले तत्काल रोकथाम गर्न सकिन्छ,' उनले भने, 'तर, यही पैसा फागुनमा आउँदा काम गर्न सक्ने अवस्था छैन । जति ढिला हुन्छ, त्यति खर्च गर्न सक्ने, खर्च गर्ने अवस्था रहँदैन ।' यद्यपि, हालसम्म बजेट नआउँदा पुनर्निर्माणका ठेक्का प्रक्रिया अघि बढ्न नसकेको उनले बताए ।

यो वर्ष काम अघि नबढे बर्खामा सडक सञ्जाल टुट्नुका साथै मानवीय क्षतिको पनि सम्भावना रहेको उनको भनाइ छ । राजदुवाली खण्डको वैकल्पिक सडक समलगोलाई-तिलकेनीको १२ किलोमिटर सडक हुने उनले बताए । जोगमाई खोलामा बेलिब्रिज निर्माण गर्नुपर्ने उनको भनाइ छ । यद्यपि, यहाँ पनि साना तथा मझौला सवारी मात्र आवतजावत हुन सक्छ । यस्तै, मेची करिडोर पनि वैकल्पिक सडक बन्न सक्ने उनले बताए । त्यसका लागि पहिरोले क्षति पुऱ्याएका विभिन्न ठाउँमा पुनर्निर्माणसँगै पुवा खोलामा तत्काल बेलिब्रिज जडान गर्नुपर्ने सडक डिभिजन इलाम प्रमुख भट्टराईले जानकारी दिए । मेची करिडोरको बेलासे पुलसमेत बाढीले भाँचिएको छ ।

## सिँचाइका २२ रुग्ण ठेक्का तोडियो

**काठमाडौं**/ सम्झौता गरेर काम नगरी वर्षौंदेखि अलपत्र पारी रुग्ण बनाइएका सिँचाइतर्फका २२ वटा ठेक्का तोडिएको छ । ठेक्का तोडिएका आयोजनाको कुल रकम १४ अर्ब २३ करोड रहेको छ ।

बबई सिँचाइ आयोजनाका ६, सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना जनकपुरधाम धनुषाअन्तर्गतका १५ र सुनकोशी-मरिनको एक गरी २२ वटा रुग्ण ठेक्का तोडिएको हो । भेरी बबईको एक करोड ७६ लाख, जनकपुरधाम कार्यालयअन्तर्गतका १३ करोड १७ लाखको ठेक्का तोडिएको छ ।

## सरकारीस्तरबाट समेत सिपयुक्त श्रमिक कोरिया पठाउन मन्त्रालयको पहल

**काठमाडौं**/ म्यानपावरबाट कामदार पठाउन तयार गरेको 'गणतन्त्र कोरियामा सिपयुक्त श्रमिक पठाउनेसम्बन्धी कार्यविधि, ०८०' कार्यान्वयनमा ल्याएको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले सरकारीस्तरबाटै दक्ष युवालाई कोरिया पठाउन पनि पहल भइरहेको दाबी गरेको छ ।

मन्त्रालयका सचिव कृष्णहरि पुष्करले कोरियासँग सरकारीस्तरमै सम्झौता गरेर दक्ष जनशक्ति पठाउन पहल भइरहे पनि नतिजा नआइसकेको र यसबिचमा निजी क्षेत्रबाट पनि सिपयुक्त कामदार पठाउन कार्यविधि बनाएको बताए । 'अहिले अदक्ष र अर्धदक्ष कामदार सरकारीस्तरमै सम्झौता भएर रोजगारीका लागि कोरिया पठाइरहेका छौं । यस्तै प्रक्रियाबाट सिपयुक्त श्रमिक पठाउन हामीले पहल गरिरहे पनि सार्थक हुन सकेको छैन,' उनले भने, 'यसबिचमा निजी क्षेत्रबाट पनि पठाउन मिल्ने गरी कार्यविधि तयार भएको हो ।'

श्रम मन्त्रालयले ८ पुसबाट 'हेल्प टु हेल्प १० सेल' नामको श्रमिकमैत्री संयन्त्र लागू गर्ने जनाएको छ । विदेश जाने श्रमिकलाई ठगीबाट जोगिन र तोकिएको रोजगारी पाउने सुनिश्चितता कायम गर्न सो संयन्त्रले सहयोग पुग्ने सचिव पुष्करले बताए । 'विदेश जानुअघि नै श्रमिकलाई आवश्यक जानकारी दिन एउटा संयन्त्र बनाएका छौं,' उनले भने । सो संयन्त्रमार्फत श्रम गन्तव्य, सम्बन्धित म्यानपावर, उमेर र तालिमको अवस्था, शुल्क लाग्ने हो वा होइन, कुल लागत, भुक्तानी प्रणाली, र सम्भावित ठगीबाट जोगाउन मद्दत पुग्छ ।

# बजेट रोक्काले विकासे मन्त्रालय प्रभावित
# पुँजीगत खर्चमा १७% गिरावट

**मिलन विश्वकर्मा**/नयाँ पत्रिका

चालू आर्थिक वर्ष ०८२/८३ को पहिलो पाँच महिनामा पुँजीगत खर्चमा १७ प्रतिशतको गिरावट आएको छ । चालू आवमा पुँजीगततर्फ चार खर्ब सात अर्ब ८८ करोड ८० लाख बजेट छुट्याइएको छ । तर, मंसिर मसान्तसम्म ३३ अर्ब ८७ करोड ४३ लाख मात्रै खर्च भएको छ, यो लक्ष्यको ८.३० प्रतिशत हो । यो गत आवको यसै अवधिको लक्ष्य प्राप्तिभन्दा पनि कम हो । साथै, रकमका आधारमा पनि १७ प्रतिशतले कम हो । गत आव ०८१/८२ को मंसिर मसान्तसम्म लक्ष्यको ११.५८ प्रतिशत अर्थात् ४० अर्ब ८० करोड ६ लाख रुपैयाँ खर्च भएको महालेखा नियन्त्रक कार्यालयको तथ्यांक छ । गत आवमा सरकारले तीन खर्ब ५२ अर्ब ३५ करोड ४० लाख रुपैयाँ पुँजीगत बजेट विनियोजन गरेको थियो

जेन-जी आन्दोलन र त्यसपछि गठित अन्तरिम सरकारले गरेको बजेट रोक्काको असर पुँजीगत खर्चमा देखिएको हो । पुँजीगत बजेट धेरै खर्च गर्ने मन्त्रालय सहरी विकास र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय हुन् ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव केशवकुमार शर्माले जेन-जी आन्दोलन र बजेट रोक्काका कारण खर्च प्रभावित भएको बताए । 'आन्दोलनमा सडक विभाग र यातायात व्यवस्था विभाग जल्यो । त्यसले गर्दा पुँजीगत भुक्तानी पनि गर्न सकिएन । त्यसले गर्दा पनि खर्च कम देखियो,' उनले भने, 'यसैगरी, बजेट रोक्काले पनि पुँजीगत खर्च प्रभावित भयो ।'

त्यसका बाबजुत पनि भौतिकतर्फको पुँजीगत खर्च राम्रो भएको उनको भनाइ छ । 'पहिलो त्रैमासमा राष्ट्रिय पुँजीगत खर्च ४.५ प्रतिशत थियो । त्यसमा हाम्रो मन्त्रालयको भने ८.५ प्रतिशत पुँजीगत खर्च भएको थियो । गत आवको पहिलो त्रैमास भने ९.५ प्रतिशतभन्दा बढी खर्च भएको थियो । मंसिर मसान्तसम्मको तथ्यांक भने अध्ययन गरिसकेको छैन,' उनले भने, 'गत आवको तुलनामा घटे पनि यो परिस्थितिमा पनि पुँजीगत खर्च जति भएको छ, त्यो आफैँमा राम्रो हो । यो आवमा पनि गत आवकै हाराहारीमा पुँजीगत खर्च गर्ने गरी काम गरेका छौं ।'

गत आवमा भौतिक मन्त्रालयले ७५ प्रतिशत हाराहारीमा पुँजीगत खर्च गरेको थियो । चालू आवमा पनि सोही हाराहारीमा खर्च हुने उनको भनाइ छ । 'साना-साना आयोजनाको बजेट फुकुवा हुन थालेको छ । त्यो अवस्थामा अब पुँजीगत खर्च बढ्न सक्छ,' उनले भने, 'तर, चुनावमा कर्मचारी परिचालन गर्नुपर्ने अवस्था आयो भने पुँजीगत खर्च प्रभावित हुन सक्छ ।' थप बजेट फुकुवामा अर्थ मन्त्रालय सकारात्मक देखिएका कारण आशावादी रहेको उनले बताए ।

चालू आवमा भौतिक पूर्वाधारलाई एक खर्ब ५२ अर्ब बजेट छ । त्यसमा सरकारले २० अर्ब रुपैयाँ हाराहारीमा बजेट रोक्का गरेको थियो । यद्यपि, केही बजेट फुकुवा भइसकेको सचिव



शर्माले बताए । यस्तै, सहरी विकास मन्त्रालयका सचिव गोपाल सिग्देलले बजेट रोक्काकै कारण पुँजीगत खर्च प्रभावित भएको बताए । 'मुख्य कारण नै बजेट रोक्का हो । सहरी विकासको ठुलो रकम रोक्का गरिएको छ,' उनले भने, 'बजेट नै नभएपछि काम गर्न पाइएको छैन । काम नभएपछि पुँजीगत खर्च हुने भएन ।'

सहरी विकासलाई यो वर्ष एक खर्ब १८ अर्बभन्दा धेरै बजेट विनियोजन गरिएको थियो । त्यसमा ६१ अर्ब ७६ करोड ३१ रुपैयाँ बजेट रोक्का भएको छ । बजेट फुकुवा गर्न प्रयास भइरहेको उनले बताए ।




जेन-जी आन्दोलनपछि बनेको अन्तरिम सरकारले खर्चमा मितव्ययिता अपनाउने भन्दै ठुलो बजेट रोक्का गरेको छ । विशेष गरी साना र राजनीतिक पहुँचमा समावेश गरिएको परियोजनाको बजेट रोक्का तथा कटौती गरिएको छ । त्यसमा कतिपय अत्यावश्यक बजेट रोक्का हुँदा पनि काम प्रभावित भइरहेको बताइन्छ ।

### चालू खर्चमा भने वृद्धि

समीक्षा अवधिमा चालू खर्चमा भने वृद्धि देखिएको छ । गत आवको सरकारले ११ खर्ब ४० अर्ब ६६ करोड ४५ लाख रुपैयाँ खर्च गर्न लक्ष्य लिएकोमा मंसिर मसान्तसम्म तीन खर्ब ६३ अर्ब ५५ करोड १४ लाख खर्च भएको थियो, जुन लक्ष्यको ३१.८७ प्रतिशत थियो ।

चालू आवमा सरकारले चालूतर्फ ११ खर्ब ८० अर्ब ९८ करोड बजेट ल्याएको थियो । त्यसमा मंसिर मसान्तसम्म तीन खर्ब ९८ अर्ब चार करोड ७२ लाख रुपैयाँ खर्च भएको छ, जुन लक्ष्यको ३३.७० प्रतिशत हो । गत आवको यसै अवधिको तुलनामा ९.४८ प्रतिशतले बढी हो ।

### सरकारको कुल खर्च पाँच खर्ब ६४ अर्ब

एक खर्ब ५१ अर्ब ७६ करोड ५७ लाख वित्तीय व्यवस्थापनसहित समीक्षा अवधिमा सरकारको कुल खर्च पाँच खर्ब ६४ अर्ब ४६ करोड १२ लाख रुपैयाँ देखिएको छ । जुन लक्ष्यको २८.७४ प्रतिशत हो । यो वर्ष १९ खर्ब ६४ अर्ब ११ करोड खर्च गर्ने सरकारको लक्ष्य छ । गत आवको पाँच महिनामा सरकारले पाँच खर्ब ५६ अर्ब ११ करोड ७७ लाख रुपैयाँ खर्च गरेको थियो ।

### राजस्व संकलनमा ०.९९ प्रतिशतको मात्रै वृद्धि

चालू आर्थिक वर्ष ०८२/८३ को पहिलो पाँच महिनामा सरकारले लक्ष्यको ७८.७४ प्रतिशत राजस्व संकलन गरेको छ । अर्थ मन्त्रालयले तयार गरेको मंसिर मसान्तसम्मको तथ्यांकले यस्तो देखाएको हो । यसमा अनुदान समावेश गरिएको छैन ।

समीक्षा अवधिमा सरकारले पाँच खर्ब २० अर्ब ४३ करोड ६५ लाख रुपैयाँ राजस्व उठाउने लक्ष्य लिएको थियो । त्यसमा मंसिर मसान्तसम्म चार खर्ब नौ अर्ब ७८ करोड १६ लाख रुपैयाँ राजस्व उठेको छ । यो वार्षिक लक्ष्यको तुलनामा २७.६९ प्रतिशत हो । यो वर्ष सरकारले १४ खर्ब ८० अर्ब राजस्व उठाउने लक्ष्य लिएको छ ।

यो गत आवको यसै अवधिको तुलनामा ०.९९ प्रतिशतले बढी हो । गत आवको यसै अवधिमा सरकारले चार खर्ब पाँच अर्ब ७७ करोड ३१ लाख रुपैयाँ राजस्व उठाएको थियो । पछिल्लो आर्थिक शिथिलताले राजस्व संकलन प्रभावित बनाएको देखिन्छ ।

समीक्षा अवधिमा भन्सार महसुल ९४ अर्ब पाँच करोड ८७ लाख रुपैयाँ संकलन भएको छ । मूल्य अभिवृद्धि कर (भ्याट)मार्फत एक खर्ब ३५ अर्ब ४२ करोड ५१ लाख रुपैयाँ राजस्व उठेको छ । अन्तःशुल्कमार्फत ७६ अर्ब ६ करोड २१ लाख रुपैयाँ राजस्व उठेको छ । यसैगरी, आयकरबाट ७४ अर्ब २६ करोड ७० लाख रुपैयाँ राजस्व प्राप्त भएको देखिन्छ ।

### अनुदानसहित चार खर्ब १४ अर्ब आम्दानी

समीक्षा अवधिमा सरकारले अनुदानसहित चार खर्ब १४ अर्ब ९० करोड २७ लाख रुपैयाँ आम्दानी गरेको छ । समीक्षा अवधिमा सरकारले पाँच अर्ब १२ करोड १० लाख रुपैयाँ अनुदान प्राप्ति गरेको छ । यस सरकारले लिएको ऋणको तथ्यांक भने समावेश गरेका छैनन् । आम्दानीबाट नपुगेको दायित्व (खर्च) सरकारले ऋणमार्फत व्यवस्थापन गर्दै आएको छ ।

## बोटलर्स नेपाल (तराई) लिमिटेडका शेयरधनी महानुभावहरूलाई ३९औं वार्षिक साधारण सभाको सूचना

मिति २०८२ साल मंसिर १० गते (तदनुसार नोभेम्बर २६, २०२५), बुधबार बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको ३९औं वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान तथा समयमा तपसिलका विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्बन्धित सबै शेयरधनी महानुभावहरुलाई जानकारी तथा उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**मिति, समय र स्थान**

- मिति : २०८२ साल पुष २३ गते (तदनुसार जनवरी ०७, २०२६)
- समय : दिउँसो ११:३० बजे ।
- स्थान : होटल याक एण्ड यति, दरबारमार्ग, काठमाण्डौं ।

**छलफलका विषय सूची**

**१. सामान्य प्रस्ताव**

क) आर्थिक वर्ष २०८१/८२ को संचालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।

**२. विशेष प्रस्ताव**

क) सम्वत् २०८२ असार ३२ गते सम्मको वासलात, आय विवरण, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण सहितको लेखापरीक्षण भएको वित्तीय विवरण र लेखापरीक्षकको प्रतिवेदन स्वीकृत गर्ने ।

ख) कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०८२।८३ को लेखापरीक्षण गर्नको लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक स्वीकृत गर्ने । *(श्री पि.के.एफ.टि.आर. उपाध्या एण्ड कम्पनी (फर्म रजिष्ट्रेषन नं. ०६) (सुमित्रा रिजाल, पार्टनर) लाई आर्थिक वर्ष २०८२।८३ को लेखापरीक्षण गर्न रु.६८३,०००।- (अक्षरुपी रु छ लाख त्रियासी हजार मात्र) पारिश्रमिक सहित लेखापरीक्षक नियुक्ति गर्ने प्रस्ताव गरिएको) ।*

**३. विविध ।**

दृष्टव्यः ३९औं वार्षिक साधारण सभालाई ध्यानमा राखी मिति २०८२।०९।११ गते कम्पनीको शेयर दाखिल खारेज दर्ता बन्द रहने जानकारी समेत यसै सूचनाद्वारा शेयरधनी महानुभावहरुमा सूचित गरिन्छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८२।०९।१० गते सम्म कारोबार भई म्यादभित्र यस कम्पनीको शेयर रजिष्ट्रार नबिल ईन्भेष्टमेन्ट बैंकिङ लिमिटेडमा प्राप्त हुने शेयरधनीहरुलाई साधारण सभामा सहभागी गराइनेछ ।

**साधारण सभा सम्बन्धी सामान्य जानकारी**

१. कम्पनीको वार्षिक प्रतिवेदन, प्रतिनिधि (प्रोक्सी) फारम तथा वार्षिक साधारण सभासँग सम्बन्धित अन्य कागजातहरु कम्पनीको अभिलेखमा रहेको शेयरधनी महानुभावहरुको ठेगानामा हुलाकबाट छुट्टै प्रेषित गरिनेछ । कुनै कारणवश कुनै शेयरधनी महानुभावले वार्षिक प्रतिवेदन प्राप्त नगरेको खण्डमा कम्पनीको रजिष्टर्ड कार्यालय, बालाजु औद्योगिक क्षेत्र, बालाजु, काठमाडौंमा सम्पर्क गर्न सक्नुहुनेछ वा उक्त वार्षिक प्रतिवेदन कम्पनीको वेवसाईट www.bnl.com.np बाट अध्ययन गर्न सकिने छ । साथै वार्षिक प्रतिवेदन यस सूचनामा उल्लखित QR Code स्क्यान गरी सजिलै अवलोकन गर्न सकिने व्यवस्था गरिएको छ । तपाईलाई वार्षिक प्रतिवेदन खोल्न र पढ्नको लागि PDF Reader Application आवश्यक हुनेछ ।

२. सभामा भाग लिन चाहने महानुभावहरुले प्रवेश पत्र वा शेयर प्रमाणपत्र/BOID (हितग्राही प्रमाण खाता नम्बर) अनिवार्य रुपले लिई आउनु हुन अनुरोध गरिन्छ । कुनै शेयरधनी माहानुभावहरुले कुनै कारणवश सो सूचना नपाउनु भएमा यसैलाई सूचना सरह मानी आफ्नो कुनै एक परिचयपत्र र शेयरको सक्कल प्रमाण पत्र साथमा लिई सभामा भाग लिन आउनु हुन अनुरोध गरिएको छ ।

३. सभामा कुनै प्रश्न/सल्लाह/सुझाव राख्न चाहनुहुने शेयरधनी महानुभावले सभा सुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै investorrelations@coca-cola.com.np मा इमेलमा अनुरोध गर्नु पर्नेछ ।

४. कुनै अर्को शेयरधनीको प्रतिनिधि (प्रोक्सी) को रुपमा भाग लिन र मतदान गर्न चाहने शेयरधनीले सभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै प्रोक्सी फारम इमेल मार्फत sumesh.pandey@nabilinvest.com.np वा नविल इन्भेष्टमेन्ट बैंकिङ लिमिटेड, नारायणचौर, नक्साल (कम्पनीको शेयर रजिष्ट्रार) मा पेश गर्नु पर्नेछ ।

५. सभामा उपस्थित हुनको लागि कुनै एक शेयरधनीको तर्फबाट एक भन्दा बढी व्यक्तिहरुको नाममा प्रोक्सी नियुक्त भएमा सबैभन्दा पछिल्लो मितिमा नियुक्त गरिएको प्रोक्सीले सभामा उपस्थित हुन र मतदान गर्न पाउने छ । कुनै शेयरधनीले एकै मितिमा एक भन्दा बढी प्रोक्सी नियुक्त गरेमा सबै भन्दा पहिले प्रोक्सी कम्पनीको कार्यालयमा दर्ता गर्ने व्यक्तिले सभामा उपस्थित हुन र मतदान गर्न पाउने छ ।

६. नाबालक तथा मानसिक सन्तुलन ठीक नभएका शेयरधनीको तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा दर्ता भएको व्यक्तिले सभामा भाग लिन र मतदान गर्न वा प्रोक्सी नियुक्त गर्न सक्नेछ ।

७. संयुक्त रुपमा धारण गरेको शेयरको हकमा शेयर लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति वा सर्वसम्मतिबाट प्रतिनिधि नियुक्त भएको एक व्यक्तिले मात्र सभामा भाग लिन वा मतदान गर्न पाउने छ ।

८. अन्य कुनै जानकारीको लागि कृपया कम्पनीको रजिष्टर्ड कार्यालय बालाजु, काठमाडौंमा अथवा फोन नं. ४३५२२९४ वा ४३५२९८८ ext. २१६ र २१७ वा हाम्रो शेयर रजिष्ट्रार कार्यालय, नबिल ईन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नारायण चौर नक्साल, फोन नं. ४४११६०४ ext. ११७ वा १५२ मा सम्पर्क गर्नु होला ।

संचालक समितिको निर्णयानुसार

**विश्वप्रकाश पौडेल**
कम्पनी सचिव

## एन आई सी एशिया बैंक लिमिटेड

NIC ASIA
एन आई सी एशिया बैंक लि.

रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

### ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकका तपसिलका ऋणीले लिनुभएको ऋण कर्जा सुविधाको साँवा, व्याज लगायतका अन्य रकम बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त उल्लंघन गर्नुभएकोले कर्जा चुक्ता भुक्तानी गर्न पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत कर्जा चुक्ता नगर्नुभएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी ऋण कर्जाको सम्पूर्ण साँवा, व्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानून तथा बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम ऋणी लगायत सम्वद्ध सबैलाई कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा नाम समावेश गर्न सिफारिस गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितो सुरक्षणबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम जमानीकर्तालाई कर्जा चुक्ता गर्न समय प्रदान गर्दा समेत कर्जा चुक्ता भुक्तानी नगरेमा जमानतकर्तालाई समेत कालोसूचीमा समावेश गर्न सिफारिस गरि बाँकी रहेको कर्जा असूल उपर गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली, २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

| क्र.सं. | ऋणीको विवरण |
|---|---|
| १ | **१) ऋणी : दिप ज्योति ट्रेड लिङ्क, साझेदारीहरु तथा जमानीकर्ता : १) दिपक जोशी, २) सौगात बस्नेत** दर्ता नं.: वाणिज्य कार्यालय विराटनगरमा, सा.फा.नं. ५०२/०६७/०६८, अर्न्तगत मिति: २०६७/०७/३०, ठेगाना : जिल्ला मोरङ, विराटनगर म.न.पा. वडा नं. १४ |
| | **२) ऋणी : सायरा खड्का**, स्थायी ठेगाना : मोरङ जिल्ला, विराटनगर गा.वि.स. वडा नं. १०, हालको ठेगाना : मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. १४, बाबु : देवराज खड्का, सुसुरा : नर बहादुर बस्नेत, पति : सौगात बस्नेत |
| | **३) ऋणी : सौगात बस्नेत**, स्थायी ठेगाना : मोरङ जिल्ला, कासेनी गा.वि.स. वडा नं. ४, हालको ठेगाना : मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. १४, बाबु : नर बहादुर बस्नेत, बाजे : कृपासुर बस्नेत |
| | **कर्जा किसिम : व्यक्तिगत कर्जा** **४) ऋणी : सुरेन्द्र बस्नेत**, स्थायी ठेगाना : खोटाङ जिल्ला, चिसापानी गा.वि.स. वडा नं. ९, हालको ठेगाना : मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. १४, बाबु : नर बहादुर बस्नेत, बाजे : कृपासुर बस्नेत |
| | **जमानीकर्ताहरु : १) कुलदिप बस्नेत**, स्थायी ठेगाना : मोरङ जिल्ला, कासेनी गा.वि.स. वडा नं. ४, हालको ठेगाना : मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. १४, बाबु : नर बहादुर बस्नेत, बाजे : कृपासुर बस्नेत **२) सावित्रा थापा**, स्थायी ठेगाना : मोरङ जिल्ला, कसेनी गा.वि.स. वडा नं. ४, हालको ठेगाना : मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. १४, बाबु : राजेन्द्र कुमार थापा, सुसुरा : नर बहादुर बस्नेत, पति : सुरेन्द्र बस्नेत |
| | **कर्जा किसिम : व्यक्तिगत कर्जा** **५) ऋणी : कुलदिप बस्नेत**, स्थायी ठेगाना : मोरङ जिल्ला, कासेनी गा.वि.स. वडा नं. ४, हालको ठेगाना : मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. १४, बाबु : नर बहादुर बस्नेत, बाजे : कृपासुर बस्नेत |
| | **जमानीकर्ता : सुरेन्द्र बस्नेत**, स्थायी ठेगाना : खोटाङ जिल्ला, चिसापानी गा.वि.स. वडा नं. ९, हालको ठेगाना : मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. १४, बाबु : नर बहादुर बस्नेत, बाजे : कृपासुर बस्नेत |
| २ | **१) ऋणी फर्म : साईमन फेन्सी ट्रेडर्स, प्रोप्राईटर तथा जमानीकर्ता : अन्जु कुमारी चौधरी** दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, उदयपुरमा द.प्र.नं. ८९९/०७९/०८० अन्तर्गत मिति २०७९/०५/२१, ठेगाना : जिल्ला उदयपुर, त्रियुगा न.पा. वडा नं. ३ |
| | **२) ऋणी : अन्जु कुमारी चौधरी** स्थायी ठेगाना : उदयपुर जिल्ला, त्रियुगा गा.वि.स. वडा नं. ७, हालको ठेगाना : उदयपुर जिल्ला, त्रियुगा न.पा. वडा नं. ३ बाबु : अबधेश प्रसाद चौधरी, ससुरा : सुक देव चौधरी, पति : अन्जनी कुमार चौधरी |
| ३ | **ऋणी फर्म : काल्प मेडिकल हल, प्रोप्राईटर तथा जमानीकर्ता : कल्पना बिष्ट** **दर्ता नं.:** वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, बबर महल काठमाडौंमा प्रा.फ.र.नं.: ३-३५-३८६-१५९०८०/२०७७/७८, दर्ता मिति: २०७७/११/१०, **ठेगाना:** जिल्ला काठमाडौं, चन्द्रागिरी न.पा. वडा नं. १२ |

**नोटः** ऋणी तथा प्रोप्राइटरबाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानीकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

# कुमारी बैंकले ल्यायो ग्रिन हायर पर्चेज कर्जा योजना





**काठमाडौं**/ कुमारी बैंक लिमिटेडले ग्रिन हायर पर्चेज कर्जा योजना सञ्चालनमा ल्याएको छ। बैंकले जिआइजेड, ग्लोबल ग्रिन ग्रोथ इन्स्टिच्युटजस्ता संस्थाहरूद्वारा व्यवस्थापन तथा प्रवर्द्धन गरिएको सस्टेनेबल इलेक्ट्रिक ट्रान्सपोर्ट नेपाल परियोजनाअन्तर्गत साझेदारी गर्दै यो योजना सञ्चालनमा ल्याएको जनाएको छ।

योजनाअन्तर्गत सार्वजनिक यातायात सेवा प्रवाहमा आबद्ध व्यक्तिले विद्युतीय बस तथा माइक्रो बस खरिद गर्न बैंकबाट कर्जा लिँदा, आकर्षक ब्याजदरमा कर्जा सुविधा प्राप्त गर्नेछन्। साथै, ऋणीले भुक्तानी गर्नुपर्ने सुरुवाती रकम (डाउन पेमेन्ट)मा परियोजनाबाट निर्धारित अनुदानसमेत पाउने बैंकले जनाएको छ।

त्यसैगरी, इन्धनमा आधारित सार्वजनिक सवारीसाधन सञ्चालन गरिरहेका व्यक्तिले आफ्ना सवारीसाधन विद्युतीय बस तथा माइक्रो बसमा बदल्नका लागि कर्जा लिन चाहेमा समेत थप अनुदान प्राप्त गर्न सक्ने बैंकले जनाएको छ। यसका लागि ऋणीले परियोजनामा आबद्ध सवारीसाधन आपूर्तिकर्ताबाट विद्युतीय बस तथा माइक्रो बस खरिद गर्न आवश्यक कागजातसहित कुमारी बैंकका शाखामा सम्पर्क गर्नुपर्ने बताइएको छ।

यस योजनाअन्तर्गत समावेश गरिएको अनुदानले ऋणीको सुरुवाती पुँजीको व्यवस्थापनमा सहुलियत हुनेछ। त्यस्तै, सार्वजनिक यातायातमा विद्युतीय सवारीसाधनको प्रयोगसँगै प्रदूषणसमेत कम गर्न सकिनेजस्ता बहुआयामिक लाभ प्राप्त हुने बैंकको दिगो बैंकिङ विकास विभागका प्रमुख अर्पण पौडेलले जानकारी दिए।

# सिद्धार्थका ग्राहकलाई सोल्टी होटेलमा २० प्रतिशतसम्म छुट



**काठमाडौं**/ सिद्धार्थ बैंक र द सोल्टी होटेल्स एन्ड रिसोर्टबिच एकआपसमा छुट प्रदान गर्ने सम्झौता भएको छ। सम्झौताले ग्राहकलाई छुट सुविधा उपलब्ध गराउनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारमा जान पनि उत्प्रेरित गर्ने विश्वास बैंकले लिएको छ।

सम्झौताअनुसार द सोल्टी काठमाडौं, सोल्टी वेस्टइन्ड प्रिमिएर नेपालगन्ज, सोल्टी वेस्टइन्ड इटहरी, सोल्टी वेस्टइन्ड रिसोर्ट चितवनमा बैंकका ग्राहकले उल्लिखित छुट पाउनेछन्। त्यस्तै, सोल्टी वेस्टइन्ड रिसोर्ट नगरकोट, सोल्टी वेस्टइन्ड लेकसाइड पोखरा, टाइगर प्यालेस बाई सोल्टी भैरहवा, मिथिला यात्री निवास जनकपुर, अन्तर्राष्ट्रिय विमानस्थलस्थित होराइजन लाउन्ज र आन्तरिक विमानस्थलस्थित होराइजन क्याफेमा समेत बैंकका ग्राहकले २० प्रतिशतसम्म छुट पाउने भएका हुन्। बैंकका अनुसार डेबिट कार्ड वा मोबाइल बैंकिङबाट भुक्तानी गर्दा १० वा प्लेटिनम क्रेडिट कार्ड वा नारी डेबिट कार्डमार्फत भुक्तानी गर्दा २० प्रतिशतसम्म छुट हुनेछ।

# केन्टका वाटर प्युरिफायर किन्दा आइसिसी टी-२० प्रत्यक्ष हेर्ने अवसर




**काठमाडौं**/ पानी शुद्धीकरण ब्रान्ड केन्ट मिनरल आइसिसी टी-२० विश्वकप २०२६ लाई लक्षित गर्दै विशेष उपहार योजना सार्वजनिक गरेको छ। 'म्याच रेडी विद प्योर वाटर' नारासहित ल्याइएको यस योजनामार्फत केन्टका ग्राहकले शुद्ध पानीसँगै प्रत्यक्ष क्रिकेट हेर्ने अवसर पाउनेछन्।

योजनाअन्तर्गत केन्टका वाटर प्युरिफायर खरिद गर्ने भाग्यशाली ग्राहकले नेपाल-इंग्ल्यान्डको टी-२० विश्वकप खेलको टिकट निःशुल्क पाउनेछन्। ८ फेब्रुअरीमा मुम्बईको वानखेडे स्टेडियममा नेपाल-इंग्ल्यान्डबिच खेल हुँदै छ। साथै, भाग्यशाली विजेताले चार रात पाँच दिनको मुम्बई भ्रमण प्याकेजसमेत जित्न सक्ने कम्पनीले जनाएको छ।

# इनफरमेटिक्स कलेजको दीक्षान्त

**काठमाडौं**/ इनफरमेटिक्स कलेज, पोखराले वार्षिक दीक्षान्त समारोह आयोजना गरेको छ। डिसेम्बर १२ मा आयोजित समारोहमा बिएससी (अनर्स) कम्प्युटिङ तथा बिए (अनर्स) बिजनेस एडमिनिस्ट्रेसन कार्यक्रममा स्नातक विद्यार्थीको सहभागिता थियो।

इनोभेट नेपाल ग्रुपद्वारा सञ्चालित कलेजले आफ्नो परम्पराअनुसार यस वर्ष पनि उत्कृष्ट शैक्षिक उपलब्धि हासिल गर्ने विद्यार्थीलाई इनोभेट नेपाल ग्रुप पोस्टग्राजुएट छात्रवृत्तिद्वारा सम्मान गरेको छ। उक्त छात्रवृत्ति यस वर्ष मनीष धमलालाई प्रदान गरिएको कलेजले जनाएको छ। धमलाले इस्लिङ्टन कलेजमा एमएससी आइटी अध्ययनलाई निरन्तरता दिनेछन्। छात्रवृत्तिसँगै उनले इनोभेट नेपाल ग्रुपअन्तर्गतका संस्थामध्ये कुनै एकमा काम गर्ने अवसर पाउनेछन्। कार्यक्रममा इनोभेट नेपाल ग्रुप (आइएनजी)का संस्थापक तथा अध्यक्ष सुलभ बुढाथोकीलगायतको उपस्थिति थियो।

# स्वावलम्बनको वित्तीय साक्षरता



**काठमाडौं**/ स्वावलम्बन लघुवित्तले शाखा कार्यालय कमलविनायक, भक्तपुरको आयोजनामा एकदिने वित्तीय साक्षरता कार्यक्रम आयोजना गरेको छ। वित्तीय संस्थामा आबद्ध सदस्य, अभिभावक तथा स्थानीय सरोकारवालालाई वित्तीय कारोबार, बचत तथा उद्यमशीलताका विषयमा जानकारी दिने उद्देश्यले सोमबार उक्त कार्यक्रम आयोजना गरिएको हो।

केन्द्र नं ४३ की केन्द्र प्रमुख चम्पा आलेमगरको अध्यक्षतामा भएको कार्यक्रममा लघुवित्तका सञ्चालक समितिका सदस्य रविनकुमार श्रेष्ठ, प्राडा कुसुम शाक्यको उपस्थिति थियो। सोही कार्यक्रममा कमलविनायक शाखाअन्तर्गतका उत्कृष्ट केन्द्रलाई पुरस्कृत गर्नुका साथै बिमा सुविधा पनि प्रदान गरिएको लघुवित्तले जनाएको छ। कमलविनायक कार्यालय प्रमुख सुनीता काफ्लेले कार्यक्रमको महत्त्वबारे प्रकाश पारिन्।

कार्यक्रममा संस्थाको केन्द्रीय कार्यालय, कमलपोखरी काठमाडौंका प्रबन्धक सुमन श्रेष्ठले स्वावलम्बन लघुवित्तको परिचय, यसले प्रदान गर्ने सेवा-सुविधाबारे सहभागीलाई जानकारी गराए। वित्तीय साक्षरता कक्षा सञ्चालन गर्दै बचत, ऋणको सही सदुपयोग, पारिवारिक बजेट निर्माण र वित्तीय अनुशासनका विषयमा सहभागीलाई प्रशिक्षणसमेत दिएका थिए।

# स्ट्यान्डर्ड चार्टर्डको लाभांश पारित



**काठमाडौं**/ स्ट्यान्डर्ड बैंक नेपाल लिमिटेडको ३९औँ वार्षिक साधारणसभाले लाभांश पारित गरेको छ। बैंकको सञ्चालक समितिले आफ्ना सेयरधनीलाई गत आर्थिक वर्षको मुनाफाबाट १९ प्रतिशत नगद लाभांश दिने प्रस्ताव गरेको थियो। मंगलबार आर्मी अफिसर्स क्लबमा बसेको साधारणसभाले लाभांश पारित गरेको हो। सभाको अध्यक्षता बैंक सञ्चाल समिति अध्यक्ष वेणुगोपाल रंगनाथनले गरेका थिए। सभामा गत आवमा भएका वित्तीय प्रगतिबारे प्रकाश पारिएको थियो। अध्यक्ष रंगनाथनले सेयरधनी, ग्राहक, नियामकीय निकाय, कर्मचारीलगायतलाई साथ-सहयोगका लागि धन्यवाद दिए।


## लिलाम विक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०८२/०९/०२**

यस सा व उ स वाट संकलित खयर काठ ३७०.७२ क्यू फिट (हर्ट उड) लिलाम विक्री गर्नु परेकोले सुचीकृत उद्योगहरूलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ। थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ।

**कुकुरगाडे डण्डीखोला सा. वन उपभोक्ता समूह, आँबुखैरेनी २, तनहूँ।**



## पिपुल्स हाइड्रोपावर कम्पनी लिमिटेड

**रजिष्टर्ड कार्यालयः बुद्धनगर, काठमाडौं**

### १८ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**(दोस्रो पटक प्रकाशित मिति : २०८२/०९/०२ गते बुधवार)**

**श्री आदरणीय शेयरधनी महानुभावहरू,**

यस कम्पनीको मिति २०८२ साल मंसिर २९ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार निम्न विषयहरू उपर छलफल तथा निर्णय गर्न कम्पनीको १८ (अठारौं) वार्षिक साधारणसभा देहायको मिति, समय तथा स्थानमा बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारीको लागि कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

**१. सभा हुने मिति, समय र स्थान :**
मिति : बि.सं. २०८२ साल पौष २३ गते (तदनुसार जनवरी ७, २०२६) बुधवार।
समय : विहान ११:०० बजे।
स्थान : क्वालिटी बैंकेट, बुद्धनगर, काठमाण्डौ।

**२. छलफलका विषयहरू:**

**(क) सामान्य प्रस्तावहरू :**
१. सञ्चालक समितिको वार्षिक प्रतिवेदन (आर्थिक वर्ष २०८१/०८२) उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।
२. लेखापरीक्षकद्वारा प्रस्तुत आर्थिक वर्ष २०८१/०८२ को लेखापरीक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायत सोसंग सम्वन्धित अनुसूचीहरू उपर छलफल गरी पारित गर्ने सम्वन्धमा।
३. आर्थिक वर्ष २०८२/०८३ को लागि लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने सम्वन्धमा।

**(ख) विशेष प्रस्तावहरू :**
१. कम्पनीको १७ औं वार्षिक साधारणसभाबाट चुक्ता पूँजीको १:१ अनुपातमा हकप्रद शेयर निष्काशन गरी सो को पचास प्रतिशत बैंक ऋण तिर्न र पचास प्रतिशत अर्को आयोजना निर्माणमा प्रयोग गर्ने सम्बन्धी भएको निर्णय उपर संशोधन गरी प्राप्त हुने सम्पूर्ण रकम बैंक ऋण चुक्ता गर्न प्रयोग गर्ने गरी हकप्रद शेयर निष्काशन गर्ने सम्वन्धमा।
२. प्रवन्ध पत्रको दफा ६ मा आवश्यक संशोधन गर्ने सम्वन्धमा।
३. नियमावलीको नियम २७ (२) तथा ३१ (क) र (ख) संशोधन गर्ने सम्वन्धमा।
४. कम्पनीको नाममा रहेको हिमचुली दोर्दी जलविद्युत आयोजना हिमचुली पावर कम्पनी प्रा.लि.को नाममा हस्तान्तरण/नामसारी गर्ने सम्वन्धमा।
५. पारित प्रस्ताव स्वीकृतिको लागि नियामक निकायमा पेश हुँदा कुनै पनि संशोधन वा परिवर्तन गर्न कुनै निर्देशन वा कैफियत प्राप्त भएमा सो अनुसार संशोधन वा परिवर्तन गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्वन्धमा।

**(ग) विविध :**

### साधारण सभा सम्बन्धी सामान्य जानकारी

१. अठारौं वार्षिक साधारणसभा प्रयोजनका लागि मिति २०८२/०९/११ गते एक दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द गरिनेछ। नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति **२०८२/०९/०९ गतेसम्म** कारोबार भई शेयर खरीद गरी आफ्नो नाममा शेयर नामसारी भई आएका शेयरधनीहरू सो सभामा भाग लिनको लागि योग्य हुनेछन्।
२. सभामा भाग लिन प्रत्येक शेयरधनी महानुभावहरूले सभा हुने स्थानमा उपस्थित भई सभास्थलमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ। हाजिरी पुस्तिका विहान १०:०० बजेदेखि खुल्ला रहनेछ। प्रचलित ऐनको व्यवस्था बमोजिम सभाका लागि आवश्यक गणपूरक संख्या पूरा भए पश्चात् सभाको कार्यवाही अगाडि बढाइनेछ।
३. सभामा आफू उपस्थित नभई प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरूले सभा सुरु हुने समयभन्दा कम्तिमा ४८ घण्टा अगावै यस कम्पनीको रजिष्टर्ड कार्यालयमा प्रोक्सी फारम दर्ता गरिसक्नु पर्नेछ। सभामा भाग लिन र मतदान गर्नका लागि प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्कै मुकरर गर्ने भएमा सोको लिखित सूचना सोही अवधि भित्र कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ। यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत कम्पनीको शेयरधनी हुनु पर्नेछ तर प्रतिनिधि नियुक्त गर्नु भएका शेयरधनी आफैं उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा प्रतिनिधिपत्र स्वतः बदर हुनेछ।
४. कुनै शेयरधनी महानुभावले छलफलका विषयहरू मध्ये विविध शीर्षक अन्तर्गत कम्पनी सम्बन्धी कुनै विषयमा छलफल गर्न गराउन चाहेमा सभा हुनु भन्दा सात (७) दिन अगावै कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव दिनु पर्नेछ। तर त्यस्तो प्रस्ताव साधारण सभामा छलफल वा पारितको रुपमा समावेश गर्ने वा नगर्ने अधिकार सञ्चालक समितिको अध्यक्षमा निहित रहनेछ।
५. कम्पनीको संक्षिप्त आर्थिक विवरण कम्पनीको वेवसाइटमा हेर्न सकिनेछ।
६. वार्षिक साधारण सभा सम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको रजिष्टर्ड कार्यालयमा सम्पर्क राख्न अनुरोध गरिन्छ। साथै, अन्य थप जानकारी कम्पनीको वेवसाइट www.peopleshydro.com.np मार्फत समेत प्राप्त गर्न सक्नु हुनेछ।

**संचालक समितिको निर्णयानुसार**
**कम्पनी सचिव**



## नबिल बैंक लिमिटेड, कुमारीपाटी शाखा, ललितपुर तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

**(प्रकाशित मितिः : २०८२/०९/०२)**

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै बास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

**तपसिल**

**ऋणी कम्पनीको नाम र ठेगानाको विवरण**

कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०५८/१०/१० मा दर्ता नं. १७७३०/०५८/०५९ अन्तर्गत दर्ता भएको **एस एल कन्स्ट्रक्सन प्रा.लि.**।
ठेगानाः काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. १०, बानेश्वर, काठमाडौं।

**ऋणी कम्पनीका संचालक तथा व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. पेचनाथ तिमल्सीनाको नाति टिकाराम तिमल्सीनाको छोरा ललितपुर जिल्ला बुखेल गा.वि.स. वडा नं ९ बस्ने नागरिकता नं. ५८५०६ (जारी मिति : बि.सं. २०४९/०९/०२, स्थान ललितपुर) भएको **भगीरथ तिमल्सिना**।
२. ज्वाई नारायण तिमल्सीनाको नाति गंगाप्रसाद तिमल्सीनाको छोरा ललितपुर जिल्ला लेले गा.वि.स. वडा नं ७ स्थायी घर भई हाल ललितपुर जिल्ला गोदावरी न.पा वडा नं ७ बस्ने नागरिकता नं. १६८६८ (जारी मिति : बि.सं. २०६०/०२/२९, स्थान ललितपुर) भएको **कृष्ण प्रसाद तिमल्सिना**।
३. भवनाथ तिमल्सीनाको नाति पोल प्रसाद तिमल्सीनाको छोरा ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं ८ बस्ने नागरिकता नं. ९१२ (जारी मिति : बि.सं. २०४५/१२/०५, स्थान ललितपुर) भएको **नारायण दत्त तिमल्सिना**।
४. दल बहादुर शाहीकी नातिनी धनविर शाहीकी छोरी जुम्ला जिल्ला ताम्ती गा.वि.स. वडा नं ७ बस्ने, ना.प्र.नं. ६४८९ (जारी मितिः २०६२/०४/०७, स्थान जुम्ला) भएकी **गीता शाही**।
५. वज बहादुर अधिकारीकी छोरी टिकाराम तिमल्सीनाको बुहारी भगिरथ तिमल्सिनाको श्रीमति ललितपुर जिल्ला बुखेल गा.वि.स. वडा नं ९ बस्ने, ना.प्र.नं. ८३२९२ (जारी मितिः २०५३/०५/२५, स्थान ललितपुर) भएकी **ज्ञानु तिमल्सीना**।

**धितोको विवरण**

**धितोमा रहेको घर/जग्गाको विवरणः**
१. ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं ८ बस्ने **नारायण दत्त तिमल्सिना**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको ललितपुर जिल्ला ललितपुर उ.म.न.पा वडा नं. ५ नक्सा सिट नं ५च मा अवस्थित कि.नं. २३४ क्षेत्रफल ०-४-२-० रोपनी घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
२. ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं ८ बस्ने **नारायण दत्त तिमल्सिना**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको ललितपुर जिल्ला ललितपुर उ.म.न.पा वडा नं. ५ नक्सा सिट नं ५च मा अवस्थित कि.नं. ६९२ क्षेत्रफल ०-४-०-३ रोपनी घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
३. जुम्ला जिल्ला ताम्ती गा.वि.स. वडा नं ७ बस्ने **गीता शाही**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको ललितपुर जिल्ला धापाखेल गा.वि.स वडा नं. १ नक्सा सिट नं १क मा अवस्थित कि.नं. ५१८१ क्षेत्रफल ०-४-२-० रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
४. ललितपुर जिल्ला गोदावरी न.पा वडा नं ७ बस्ने **कृष्ण प्रसाद तिमल्सिना**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको ललितपुर जिल्ला सैंबु गा.वि.स वडा नं. ४ नक्सा सिट नं ४ख मा अवस्थित कि.नं. ९४१ क्षेत्रफल ०-९-०-० रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

**सवारी साधनको विवरणः**
१. ऋणी **एस एल कन्स्ट्रक्सन प्रा.लि.** र यस बैंक समेत भएको सवारी साधन दर्ता नं. बा.प्रदेश ०१-००३ क ९९९१ भएको TATA Tipper.
२. ऋणी **एस एल कन्स्ट्रक्सन प्रा.लि.** र यस बैंक समेत भएको सवारी साधन दर्ता नं. बा ३ क १८७२ भएको Case New Holland Roller.
३. ऋणी **एस एल कन्स्ट्रक्सन प्रा.लि.** र यस बैंक समेत भएको सवारी साधन दर्ता नं. बा प्रदेश ०१ ०२६ च ५३४१ भएको Isuzu Hi-Lander Jeep.
४. ऋणी **एस एल कन्स्ट्रक्सन प्रा.लि.** र यस बैंक समेत भएको सवारी साधन दर्ता नं. प्रदेश ३ ०१ ००३ क ५५०२ भएको Motor Grader.
५. ऋणी **एस एल कन्स्ट्रक्सन प्रा.लि.** र यस बैंक समेत भएको सवारी साधन दर्ता नं. प्रदेश ३ ०१ ००३ क ५९६२ भएको Excavator.
६. ऋणी **एस एल कन्स्ट्रक्सन प्रा.लि.** र यस बैंक समेत भएको सवारी साधन दर्ता नं. प्रदेश २ ०३ ००१ क ७३५ भएको Self Loading Mixture.
७. ऋणी **एस एल कन्स्ट्रक्सन प्रा.लि.** र यस बैंक समेत भएको सवारी साधन दर्ता नं. बा १७ च ७४५८ भएको TATA XENON.
८. ऋणी **एस एल कन्स्ट्रक्सन प्रा.लि.** र यस बैंक समेत भएको सवारी साधन दर्ता नं. बा २० च २१७५ भएको Mahindra Bolero Cmper DC 4WD.

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ०१-४९७२४५२, ९८०५६७३४७४



## हकप्रद शेयर निष्काशन सम्बन्धी सूचना

दोस्रो पटक सूचना प्रकाशित मिति : २०८२/०९/०२

सारथी इक्विटी फण्ड लिमिटेडको मिति २०८२/०८/०७ गतेसम्म शेयरधनी दर्ता किताबमा कायम रहेको ४८९१८० थान शेयरका शेयरधनीहरूलाई १:१ (एक शेयर बराबर एक) को अनुपात आधारमा रू. १००/- का दरको ४८९१८० (चार लाख उनानब्बे हजार एक सय अस्सी) कित्ता हकप्रद शेयरहरू र थप २१६४०(एककाइस हजार छ सय चालिस) कित्ता शेयरहरू निष्काशन गर्ने कम्पनीको संचालक समितिको मिति २०८२/०८/०७ गतेको निर्णयानुसार जानकारीका लागी यो सूचना प्रकाशन गरिएको छ। मिति २०८२/०८/०७ सम्म कायम शेयरधनीहरूलाई हकप्रद शेयर खरिद गर्न समयाबधि तथा बैंक विवरण निम्न बमोजिम रहेको व्यहोरा सम्बन्धित सबै शेयरधनी महानुभावहरूको जानकारी लागी अनुरोध गर्दछौ।

मिति २०८२/०८/०७ सम्म कायम शेयरधनीहरूले आफुले धारण गरेको शेयरको १:१ भन्दा बढी संख्यामा शेयर खरिद गर्ने इच्छाभएमा थप खरिद गर्ने शेयर संख्या खुलाइ थप शेयर खरिदका लागि पनि आवेदन दिन सकिने ब्यहोरा समेत अनुरोध छ। थप शेयर बिक्री सम्बन्धमा कम्पनीको निर्णयानुसार हुने समेत जानकारी गराउँदछौ। अन्य विस्तुत जानकारीका लागि कम्पनीको वेबसाइट **https://saarathifund.com.np/** मा हेर्नं हुन अनुरोध गर्दछौ।

**बैंक खाताको नाम** : **Saarathi Equity Fund Limited**
**बैंकको नाम, शाखा** : एन.एम.बी बैंक, बौद्ध
**बैंक खाता नं** : १५१०१४८२१४२०००३०

शेयर निष्काशन तथा बिक्री खुल्ला मिति २०८२/०८/१२ शुक्रबार देखि मिति २०८२/०९/३० बुधबार सम्म



## ठाकुरबाबा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, बर्दिया

### बोलपत्र आह्वानको सूचना

**(प्रथम पटक प्रकाशन मिति : २०८२/०९/०२ गते)**

यस नगरपालिकाको वार्षिक स्वीकृत कार्यक्रम अर्न्तगत E-Bidding मार्फत तपशिल बमोजिमको सार्वजनिक खरिद कार्य गर्नुपर्ने भएकोले तपसिल कार्य गर्न इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनी/संस्थाले रितपूर्वकको बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल :**

| ठेक्का नं. | विवरण | बोलपत्र फारम दस्तुर | जमानत रकम | खाता विवरण |
|---|---|---|---|---|
| TBM/G/NCB-21/082/083 | Baal Bikas Kendra Ka Lagi Khel Samagri Kharid | ३,०००/- | १,३०,०००/- | **१) आन्तरिक राजस्व खाताः** १६१२०५००२८२९६००२ **२) धरौटी खाताः** १६१२०५०५२३८८८०१३ बैकः NIC Asia Bank, Bhurigaun Branch |

यो सूचनाको विस्तृत जानकारी का लागि PPMO को Website : www.bolpatra.gov.np/egp वाट Download गरि प्राप्त गर्न सकिने छ वा यस नगरपालिकाको कार्यालयमा कार्यालय समयभित्र सम्पर्क गर्न सकिने छ।



## सिउरी न्यादी पावर लिमिटेड

केन्द्रिय कार्यालय, काठमाण्डौ। फोन नं.: ०१-५९१७१०६

### बार्षिक साधारण सभा सम्वन्धि सूचना

**श्री शेयरधनी महानुभावहरु,**

मिति २०८२/०८/२४ गते सम्पन्न संचालक समितिको बैठकको निर्णय बमोजिम यस सिउरी न्यादी पावर लिमिटेडको नवौं बार्षिक साधारण सभा निम्न बमोजिम बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनीहरुको समुपस्थितीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति, स्थान र समय :**
स्थान : स्मार्ट दरबार, शंखपार्क, काठमाण्डौं।
मिति : २०८२/०९/२५ गते शुक्रबार (तद्नुसार जवनरी ९, २०२६)
समय : विहान १०:०० वजे।

**छलफलका लागि प्रस्तावित विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**
(१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व.२०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने।
(२) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०८१/०८२ को लेखा परीक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाव र सोहि अवधिको नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरु छलफल गरि पारित गर्ने।
(३) आ.व.२०८२/०८३ को लागि लेखापरीक्षण कार्य गर्न लेखापरीक्षक नियुक्ती गर्ने तथा निजको पारिश्रमिक तोक्ने।
(४) संचालक समितिबाट भए गरेका निर्णय, काम कारवाहीहरु अनुमोदन गर्ने।

**(ख) विशेष प्रस्तावहरु :**
(१) आयोजनाको लागानी व्यवस्थापनको लागि शेयरको प्राथमिक निश्काशन (Initial Public Offering – IPO) गर्न नेपाल धितोपत्र बोर्डमा निवेदन पेश गरिएकोमा सो लाई निरन्तरता दिने।
(२) शेयरको प्राथमिक निश्काशन सम्बन्धमा नियमनकारी निकायबाट कुनै फेरबदल, सुझाव वा निर्देशन प्राप्त भएमा सोलाई सम्बोधनका लागि आवश्यक संसोधन, समायोजन गर्न लगायत सो सम्बन्धमा आवश्यक सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा।

**(ग) विविध**

संचालक समितिको आज्ञाले,
कम्पनी सचिव



## कार्यालय भवनको आवश्यकता

**(प्रथम पटक प्रकाशित मिति : २०८२/०९/०२)**

यस बैंकलाई निम्न प्रस्तावित स्थानहरुको प्रमुख व्यापारिक तथा बजार क्षेत्रमा शाखा कार्यालय संचालानार्थ भूईं तल्ला वा पहिलो तल्लाको निम्नानुसारको क्षेत्रफल भएको भवन भाडामा उपलब्ध गराउन ईच्छुक घरधनीहरुबाट यो शिलबन्दी प्रस्ताव आव्हान गरिएको छ।

**शाखा कार्यालयको प्रस्तावित स्थान**

| प्रस्तावित क्षेत्र | क्षेत्रफल (वर्ग फिट) | प्रदेश |
|---|---|---|
| रुपनदेही जिल्ला, बुटवल उप महानगरपालीका वडा नं. ४, मुख्य बजार क्षेत्र | ४,०००-५,००० | लुम्बिनी |
| काठमाडौं जिल्ला, काठमाडौं महानगरपालीका, वडा नं. १४, मुख्य बजार क्षेत्र | ३,०००-४,००० | बागमती |

**शर्तहरु :**
१) प्रस्तावित भवनमा पानी, बिजुली तथा पार्किङ्गको सुविधासहित घटीमा ६ मिटर चौडाईको मोटर बाटो हुनुपर्नेछ।
२) प्रस्तावित भवन सडक विस्तार योजनामा नपरेको हुनुपर्नेछ।
३) भूकम्प प्रतिरोधात्मक भवनलाई प्राथमिकता दिइनेछ।
४) भवनको भूईं तल्लामा ATM तथा जेनेरेटर राख्नको लागि स्थान उपलब्ध गराउनु पर्नेछ।
५) शाखा कार्यालय संचालानार्थ घटीमा १५ (पन्ध्र) बर्षको लागि भवन उपलब्ध गराउनु पर्नेछ।
६) बैंकले घरभाडा भुक्तानी गर्दा प्रचलित कानून अनुसार सम्पूर्ण कर कट्टी गर्नेछ।

**शिलबन्दी प्रस्तावमा खुलाउनु पर्ने विवरणहरु :**
१) शिलबन्दी बोलपत्र बुझाउँदा चाहिने सम्पुर्ण कागजातहरु कार्यालय भवन भाडामा दिने सम्बन्धी प्रस्ताव फाराममा उल्लेखित छन्। ईच्छुक घरधनीहरुले सो प्रस्ताव फाराम, बैंकको घण्टाघर, काठमाडौं स्थीत प्रशासन विभाग वा सम्बन्धित शाखा कार्यालयबाट निःशुल्क प्राप्त गर्न सक्नुहुनेछ वा बैंकको website: www.nabilbank.com बाट डाउनलोड पनि गर्न सक्नु हुनेछ।
२) शिलबन्दी बोलपत्र खामबन्दी सहित खाम बाहिर **"भवन भाडामा दिने सम्बन्धी शिलबन्दी बोलपत्र प्रस्ताव"** प्रष्ट रुपमा लेखि **प्रस्तावित ठाँउको नाम, सम्पर्क व्यक्तिको नाम र सम्पर्क नम्बर** समेत उल्लेख आफुलाई पाएक पर्ने नबिल बैंकको निम्न लिखित कार्यालयमा मिति **२०८२ पौष १६ गते (तदनुसार 31st December, 2025)** दिनको ३:०० बजे भित्र आई पुग्ने गरि बुझाउनु पर्नेछ।

| प्रदेश | कार्यालय/ शाखा |
|---|---|
| लुम्बिनी | बुटवल शाखा कार्यालय/भैरहवा शाखा स्थित लुम्बिनी केन्द्रिय क्लस्टर कार्यालय |
| बागमती | प्रशासन विभाग, घण्टाघर, काठमाडौं |

३) प्राप्त शिलबन्दी बोलपत्र प्रस्ताबहरु मिति **२०८२ पौष १७ गते बैंकको घण्टाघर, काठमाडौं** स्थीत प्रशासन विभागमा समय बिहान ११:०० बजे बैंक कर्मचारी तथा बोलपत्र दाता र/वा निजका प्रतिनिधीहरुको रोहबरमा खोलिनेछ। तर बोलपत्र दाता वा निजको प्रतिनिधीको उपस्थिति नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
५) म्याद नाघी वा रीत नपुगी आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।
६) कुनै पनि प्रस्ताव स्वीकार गर्ने वा नगर्नेसम्पूर्ण अधिकार बैंकसगं सुरक्षित रहने छ। साथै अस्वीकृत कुनै पनि प्रस्तावमा कारण दिन बैंक बाध्य हुने छैन।

NABIL BANK®
प्रशासन विभाग, घण्टाघर, काठमाडौं फोन नं. ०१-५९७१८७१

# ग्रिन आइपिएलकै महँगा विदेशी खेलाडी

१९औँ संस्करणको आइपिएल मंगलबार भएको अक्सनमा कोलकाता नाइट राइडर्सले क्यामरन ग्रिनलाई २५ करोड २० लाख भारुमा अनुबन्ध गरेको छ। गत सिजन कोलकाताले मिचेल स्टार्कलाई २४ करोड ५० लाख भारु खर्चिएको थियो।

एजेन्सी

अस्ट्रेलियाका क्यामरन ग्रिन इन्डियन प्रिमियर लिग (आइपिएल) इतिहासकै सबैभन्दा महँगा विदेशी खेलाडी बनेका छन्। १९औँ संस्करण आइपिएलको मंगलबार दुबईमा भएको अक्सनमा कोलकाता नाइट राइडर्सले ग्रिनलाई २५ करोड २० लाख भारुमा अनुबन्ध गरेको हो। गत सिजन अस्ट्रेलियन खेलाडी मिचेल स्टार्क आइपिएलकै सबैभन्दा महँगा खेलाडी बन्दा कोलकाताले २४ करोड ५० लाख भारु खर्चिएको थियो। भारतीय क्रिकेट बोर्ड (बिसिसिआई)को नयाँ नियमअनुसार विदेशी खेलाडीले अधिकतम १८ करोड मात्र पारिश्रमिक पाउनेछन्।

अक्सनमा कुनै टोलीले १८ करोड भारुभन्दा बढी बोली लगाए पनि त्यो अतिरिक्त रकम खेलाडीलाई दिइने छैन। सो अतिरिक्त रकम बिसीसीआईले खेलाडी कल्याण कोषका लागि प्रयोग गर्नेछ। यही नियमका कारण ग्रिनले १८ करोड भारु मात्र पाउने भएका हुन्। यो नियमको उद्देश्य अक्सनमा विदेशी खेलाडीका कारण अत्यधिक मूल्यवृद्धि हुन नदिनु भएको हो। तर, बिसिसिआईले भारतीय खेलाडीका हकमा कुनै नियम राखेको छैन। सहभागी टोलीले घरेलु खेलाडीमाथिको बोलीमा कुनै सीमा लागू गरेको छैन। आइपिएलकै सबैभन्दा महँगा खेलाडी भारतकम ऋषभ पन्त हुन्। गत संस्करणमा लखनउ सुपर जायन्टले उनलाई अक्सनमा २७ करोड भारुमा अनुबन्ध गरेको थियो। अक्सनमा ३५० जना मध्ये ७६ खेलाडीमाथि बोली लगाएको थियो।

### ग्रिनको औसत मूल्य दुई करोड भारु

अस्ट्रेलियाका ब्याटिङ अलराउन्डर ग्रिनले अक्सनमा दुई करोड भारु औसत मूल्य राखेका थिए। राजस्थान रोयल्सले सुरुमा दुई करोड ५० लाख भारु बोली लगाएको थियो। त्यसपछि कोलकाताले ग्रिनमाथि दुई करोड ८० लाख भारु खर्चन तयार भयो। राजस्थान रोयल्सले एकैपटक १३ करोड भारु राख्दा ग्रिनको भाउ बढ्यो। ग्रिनलाई भित्र्याउन पूर्वविजेता चेन्नई सुपर किंग्स अग्रसर भएको थियो। चेन्नईले उनलाई अनुबन्ध गर्न २० करोड भारु बोली लगाएको थियो। चेन्नईले पुनः २५ करोड भारु लगानी तयार भयो। अन्तिममा कोलकाताले २५ करोड २० लाख भारु बोली लगाउँदा चेन्नई पछि हट्यो। कोलकाताले श्रीलंकाली खेलाडी मथिषा पथिरानालाई १८ करोड भारुमा अनुबन्ध गरेको छ। आइपिएलको इतिहासमा पथिरना श्रीलंकाली खेलाडीमध्ये सबैभन्दा महँगा बनेका छन्। कोलकाताले अक्सनमा राम्रा विदेशी खेलाडी अनुबन्ध गर्ने क्रममा बंगलादेशका मुस्तफिजुर रहमानलाई नौ करोड २० लाख भारु खर्चेको छ।



• क्यामरन ग्रिन

### समग्रमा ऋषभ नै महँगा खेलाडी



कोलकाताले ग्रिनलाई महँगा विदेशी खेलाडीका रूपमा अनुबन्ध गरे पनि समग्र आइपिएलको इतिहासमा भारतका ऋषभ पन्तको रेकर्ड यथावत् छ। गत सिजनमा लखनउले उनलाई कीर्तिमानी रकम २७ लाख भारुमा भित्र्याएको थियो। आगामी आइपिएलको सिजनमा ऋषभ महँगा खेलाडीकै रूपमा लखनउबाटै प्रतिस्पर्धा गर्नेछन्। लखनउले उनलाई रिटेन गरेको हो। उनीपछि दोस्रो महँगा खेलाडी भारतकै श्रेयश अयर हुन्। उनलाई गत वर्ष पन्जाब किंग्सले २६ करोड ७५ लाख भारुमा अनुबन्ध गरेको थियो। गत सिजनमा ऋषभले १४ खेलमा २ सय ६९ रन जोडेका थिए। उनले एक खेलमा ११८ रन जोडेका थिए।

### चर्चित खेलाडीहरू रिटेन

१९औँ संस्करणको आइपिएलको अक्सनअगाडि सहभागी फ्रेन्चाइज टोलीले प्रमुख खेलाडीलाई रिटेन गरेका छन्। साबिक विजेता रोयल्स च्यालेन्जर्स बेंग्लोरले विराट कोहलीलाई २१ करोड भारु र भुवनेश्वर कुमारलाई १० लाख भारुमा रिटेन गरेको जनाएको छ। यसैगरी, पन्जाबले अर्सदीप सिंह तथा युजभेन्द्र चाहललाई समान १८ करोड भारुमा रिटेन गरेको छ। चेन्नईले रितुराज र सञ्जु सामसनलाई समान १८ करोड भारुमै रिटेन गरेको छ। पूर्वकप्तान महेन्द्रसिंह धोनी चार करोड भारुमा चेन्नईमै रिटेन भएका छन्। दिल्लीले अक्षर पटेललाई १६ करोड ५० लाख भारु, लोकेश राहुललाई १४ करोड भारु र कुलदीप यादवलाई १३ करोड २५ लाख भारुमा रिटेन गरेको जनाएको छ। गुजरातले शुभमन गिललाई १६ करोड ५० लाख भारु र मोहमद सिराजलाई १२ करोड २५ लाख भारुमा रिटेन गरेको छ। मुम्बईले हार्दिक पाण्ड्यालाई १६ करोड ३५ लाख भारु र रोहित शर्मालाई १६ करोड ३० लाख भारुमा रिटेन गरेको हो।

### भारतका प्रशान्त र कार्तिकमाथि १४ करोड २० लाख भारु

आइपिएलको अक्सनमा भारतीय खेलाडीमध्ये प्रशान्त वीर र कार्तिक शर्मा समान १४ करोड २० लाख भारुमा चेन्नईमा पुगेका छन्। यी प्रशान्त र कार्तिकका औसत मूल्य ३० लाख भारु हुन्। चेन्नईले उनीहरूलाई भित्र्याउन ४७ गुना बढी रकम खर्चेको छ। यसैगरी दिल्ली क्यापिट्ल्सले जम्मुका खेलाडी आकिब नवीलाई आठ करोड ४० लाख भारुमा अनुबन्ध गर्‍यो। आइपिएलको साबिक विजेता रोयल्स च्यालेन्जर्स बेंग्लोरले ज्याकब डफीलाई सात करोड २० लाख भारु र वैंकेटेश अयरलाई सात करोग भारु खर्चेको थियो। लखनउले एन्रिक र स्पिनर रवि विस्नोइलाई समान दुई करोड भारु खर्चँदै अनुबन्ध गरेको छ।

वेस्ट इन्डिजका अलराउन्डर ज्यासन होल्डर गुजरात टाइटन्समा पुगेका छन्। गुजरातले अक्सनमा उनलाई सात करोड भारुमा अनुबन्ध गरेको हो। अक्सनमा उनको औसत मूल्य दुई करोड भारु रहेको थियो। यसैगरी, म्याथ्यु सटलाई १ करोड ५० लाख भारु खर्चदै चेन्नईले भित्र्याएको छ। श्रीलंकाका निसांकामाथि दिल्लीले चार करोड भारु खर्चेको छ। उनको औसत मूल्य दुई करोड भारु थियो।

# नेपाली महिला क्रिकेट टोलीको मुख्य प्रशिक्षकमा पाठक

सन् २०२० मा थाइल्यान्डलाई टी-२० विश्वकपमा छनोट गराएका जयन्त पाठकले अब महिला टोली हेर्नेछन्

नयाँ पत्रिका

नेपाली राष्ट्रिय महिला क्रिकेट टोलीले पहिलोपटक विदेशी मुख्य प्रशिक्षक पाएको छ। नेपाल क्रिकेट संघ (क्यान)ले मंगलबार भारतीय मूलका जयन्त पाठकलाई मुख्य टोलीका रूपमा नियुक्त गरेको हो। क्यानका अनुसार पाठक अनुभवी प्रशिक्षक हुन्। उनले थाइल्यान्डलाई पहिलोपटक आइसिसी टी-२० विश्वकपमा छनोट गराएका थिए। यसअघि क्यानले पहिलोपटक महिला टोलीको मुख्य प्रशिक्षक बन्न कम्तीमा इसिबी वा सिए लेभल ३ वा सोसरहको प्रमाणपत्र भएको र कम्तीमा पाँच वर्षको व्यावसायिक क्रिकेट प्रशिक्षण अनुभव भएको आवेदन खुला गरेको थियो।

मुख्य प्रशिक्षक बन्न ७० जनाले आवेदन दिएको क्यान प्रवक्ता छुम्बी लामाले बताएका छन्। क्यानमा आएका निवेदनमध्ये पाठक सबैभन्दा अनुभवी पाठकलाई महिला टोलीका मुख्य प्रशिक्षकमा चयन गरिएको उनले बताएका छन्। पाठकले सात वर्ष निरन्तर थाइल्यान्डको मुख्य प्रशिक्षकका रूपमा गरेका थिए। पाठकले सन् २०१८ मा थाइल्यान्डका प्रशिक्षक नियुक्त भएका थिए। सात वर्षको अवधिमा उनले थाइल्यान्डलाई एसियन र ग्लोबल छनोट पार गराउँदै सन् २०२० को आइसिसी महिला टी-२० विश्वकपमा पहिलोपटक स्थान सुरक्षित गराएका थिए। यसै सिजनमा उनले थाइल्यान्डको मुख्य प्रशिक्षकको जिम्मेवारी छाडेका हुन्।



### खेलाडीभन्दा प्रशिक्षणमा अब्बल

नेपाली महिला राष्ट्रिय टोलीका मुख्य प्रशिक्षकमा नियुक्त भएका पाठकले खेलाडी करिअरमा खासै प्रभावशाली प्रदर्शन गर्न सकेनन्। जुनियर लेभलको एक प्रतियोगिता दौरान उनको आँखामा चोट लागेको थियो। त्यसपछि पाठकले प्रशिक्षण सुरु गरेका हुन्। पुनेबाट व्यावसायिक क्रिकेट खेलेका उनले सोही टोलीलाई प्रशिक्षण दिए। पुनेको काडेन्स क्रिकेट एकेडेमीका सहायक प्रशिक्षकका रूपमा काम गरेका पाठकले बिसिसिआई लेभल २ पास गरेका थिए। सन् २०१४ मा उनकै सहायक प्रशिक्षणमा महाराष्ट्रको सिनियर पुरुष टोलीले भारतको चर्चित घरेलु लिग रणजी ट्रफीमा प्रतिस्पर्धा गरेको थियो। सोही वर्ष महाराष्ट्र रणजी ट्रफीको फाइनलमा पुग्यो।

सन् २०१५-१७ सम्म उनले भारतीय महिला क्रिकेटर हर्मनप्रित कौरका निजी ब्याटिङ प्रशिक्षकमा रूपमा काम गरेका थिए। सन् २०१८ मा उनले पहिलोपटक थाइल्यान्डको राष्ट्रिय महिला टोलीको मुख्य जिम्मेवारी सम्हाल्ने अवसर पाए।

### पहिलोपटक विदेशी प्रशिक्षक

घरेलु प्रशिक्षकहरूमा जगत टमाटा, सामसंगजङ थापा र विनोद दासले नेपाली महिला टोलीका मु ख्यप्रशिक्षकका रूपमा काम गरिसकेका छन्। क्यानले कन्स्ल्ट्यान्ट प्रशिक्षकसँगै ब्याटिङ प्रशिक्षकका रूपमा भारतीय प्रशिक्षकलाई जिम्मेवारी दिँदै आएको छ। तर, क्यानले पहिलोपटक टोलीलाई प्रशिक्षण दिलाउन विदेशी प्रशिक्षक नियुक्त गरेको हो। क्यानले आइसिसी र एसिसीको मापदण्डअनुसारै आवेदन खुलाएको प्रवक्ता छुम्बीले बताएका छन्। 'हामीले आधिकारिक रूपमा पहिलोपटक विदेशी प्रशिक्षक नियुक्त गर्ने भनेर आवेदन खुलाएका हौँ,' लामाले भने, 'पाठक अनुभवी प्रशिक्षक हुन्। उनको आगमनले महिला क्रिकेट राम्रो हुने विश्वास छ।'

### आगामी १२ जनवरीदेखि ग्लोबल छनोट

नेपालले आगामी वर्षको १२ जनवरी देखि १ फेब्रुअरीसम्म आइसिसी टी-२० महिला विश्वकपको ग्लोबल छनोट आयोजना गर्दै छ। क्यानले ग्लोबल छनोटका लागि प्रारम्भिक रूपमा २६ सदस्यीय महिला टोली घोषणा गरिसकेको छ। विश्व छनोटमा १० राष्ट्रले भाग लिनेछन्।

जसमध्ये शीर्ष चार राष्ट्रले सन् २०२६ को जुनमा इंल्यान्डमा हुने विश्वकप खेल्नेछन्। नेपाल ग्लोबल छनोटको समूह 'बी'मा छ। यस समूहमा बंगलादेश, नामिबिया, नेदरल्यान्ड्स र पपुवा न्युगिनी छन्। समूह 'ए'मा आयरल्यान्ड, स्कटल्यान्ड, थाइल्यान्ड, अमेरिका र जिम्बाबे छन् ।

## खेल संक्षेप

### काष्ठमण्डप र दीक्षालय फाइनलमा

**काठमाडौं**/ आयोजक काष्ठमण्डप विद्यालय 'ए' र दीक्षालय तेस्रो काष्ठमण्डप कपअन्तर्गत बास्केटबलको महिलातर्फ मंगलबार फाइनलमा प्रवेश गरेका छन्। मण्डिखटारस्थित घरेलु कोर्टमा काष्ठमण्डप 'ए'ले इम्पेरियल वर्ल्डलाई ३३-७ ले हराउँदै अन्तिम दुई स्थान पक्का गरेको हो। दीक्षालयले दोस्रो सेमिफाइनलमा मातृभूमिलाई १९-१३ ले पराजित गर्‍यो। पुरुषतर्फ टिआइएले बुढानीलकण्ठलाई ४४-२० ले सेमिफाइनलमा पाखा लगायो। मातृभूमिले मल्पी सिटीमाथि ६०-३७ ले हराउदै टिआइएसँगको उपाधि भिडन्त पक्का गरेको छ। यसैगरी, फुटसलको सिनियर पुरुषमा मातृभूमि फाइनलमा पुगेको छ। सेमिफाइनलमा मातृभूमिले द एक्सेल्सियर स्कुललाई टाइब्रेकरमा ३-२ ले पराजित गर्‍यो। निर्धारित समयको खेल १-१ को बराबरीमा टुंगिएको थियो। फाइनलमा मातृभूमिको भेट वेदव्याससँग हुनेछ।

### कास्की स्पोर्टस् मिटको तयारी पूरा

**कास्की**/ १८औँ संस्करणको हिसान कास्की स्पोर्टस् मिटको सम्पूर्ण तयारी पूरा भएको छ। उच्च शिक्षालय तथा माध्यमिक विद्यालय संघ नेपाल (हिसान) कास्कीको आयोजनामा बिहीबारदेखि सुरु हुने मिटको सम्पूर्ण तयारी पूरा भएको आयोजकले जानकारी दिएको छ। स्पोर्टस् मिटमा ४० शिक्षण संस्थाका चार हजारभन्दा बढी विद्यार्थीले प्रतिस्पर्धा गर्ने आयोजक हिसान कास्कीका अध्यक्ष दिवाकर जैशीले जानकारी दिए। पोखरा रंगशालामा ७ पुससम्म हुने प्रतियोगितामा बास्केटबल, भलिबल, ब्याडमिन्टन र टेबलटेनिस खेल समावेश भएको जैसीले बताए।

### चेल्सी वर्ल्डको दोहोरो जित

**काठमाडौं**/ चेल्सी वर्ल्ड स्कुलले दोस्रो मातृभूमि कप अन्तरविद्यालय बास्केटबलको महिलातर्फ दोहोरो जित निकालेको छ। प्रतियोगिताको मंगलबार पहिलो खेलमा चेल्सीले केएमसीलाई ३२-१८ ले पराजित गर्‍यो। चेल्सीको जितमा तेन्जिङ कुसाङ शेर्पाले १४ स्कोर गरिन्। अर्को खेलमा तेन्जिङकै २० स्कोरको सहयोगमा चेल्सीले बौद्ध चिल्ड्रेन हेभेन स्कुललाई ३४-२७ ले हरायो। महिलातर्फ बौद्ध चिल्ड्रेनले बौद्ध इन्टरनेसनल स्कुललाई ४१-१७ ले पाखा लगायो। पुरुषमा आयोजक मातृभूमि 'बी' ले बौद्ध इन्टरनेसनललाई ५५-४५ ले हराएको छ।

# १५औँ अन्तर्राष्ट्रिय तेक्वान्दोमा १४ राष्ट्रको सहभागिता




नयाँ पत्रिका

१५औँ अन्तर्राष्ट्रिय फ्रेन्ड्सिप तेक्वान्दो च्याम्पियनसिपमा नेपालसहित १४ राष्ट्रका एक हजार खेलाडीले प्रतिस्पर्धा गर्ने भएका छन्। राष्ट्रिय खेलकुद परिषद्को कभर्ड हलमा च्याम्पियनसिप ३ देखि ५ पुससम्म सञ्चालन हुने प्रतियोगिताका निर्देशक दिवाकर महर्जनले मंगलबार जानकारी गराएका छन्। प्रतियोगितामा नेपालसहित दक्षिण कोरिया, अमेरिका, फिलिपिन्स, अस्ट्रेलिया, अस्ट्रिया, क्यानडा, पाकिस्तान, भारत, हङकङ, चीन, मेक्सिको, माल्दिभ्स र बंगलादेशलगायत खेलाडीको सहभागिता रहनेछ।

प्रतियोगितामा ६५ स्वर्ण, ६५ रजत र १३० कांस्य पदकका लागि प्रतिस्पर्धा हुनेछ। कुल सात लाख २५ हजार रुपैयाँ पुरस्कार राखिएको उनले बताए। आयोजकका अनुसार प्रतियोगिताको सबै तयारी पूरा भइसकेको छ। आइओएफटिसीको प्रमुख कार्यालय अमेरिकाको पोर्टल्यान्डमा रहेको छ। आइओएफटिसी नेपाल त्यसको सहयोगी संस्था हो। सन् २००० मा सुरु भएको फ्रेन्डसिप तेक्वान्दो च्याम्पियनसिपले २५ वर्षको यात्रा पूरा गरिसकेको छ। २५ वर्ष पुगेको अवसरमा अघिल्ला संस्करणभन्दा भव्य हुने महर्जनले बताए।

आइओएफटिसीले प्रत्येक दुई वर्षमा प्रतियोगिता आयोजना गर्दै आएको छ। अमेरिकाको पोर्टल्यान्डमा पाँच र नेपालमा चार संस्करण भएको छ। भारत, बेलायत, हङकङ, अमेरिकाको मिचिगन र दक्षिण कोरियाको सोलमा एक-एक संस्करण आयोजना गरेका छन्।

नेपालमा हुने यस प्रतियोगिता सन् २०२६ मा अस्ट्रेलियामा आयोजना हुने १६ औं संस्करणमा नेपाली खेलाडीको छनोटका आधारसमेत हो। १६औँ संस्करणको आयोजना गर्ने जिम्मेवारी अस्ट्रेलियाले पाएको छ। विश्व तेक्वान्दोको नियमअनुसार सञ्चालन हुनेछ।

यस प्रतियोगितामा क्यारुगी र पुम्से दुवै विधामा प्रतिस्पर्धा हुनेछ। सिनियर, जुनियर र क्याडेटमा पुरुष र महिलातर्फ विभिन्न तौल समूहमा खेल हुनेछ। पुम्सेतर्फ व्यक्तिगत, जोडी र टिम इभेन्ट समावेश गरिएको महर्जनले बताए।

गण्डकी प्रदेश सरकार
**उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय**
**जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय**
**नवलपरासी (ब.सु.पू.)**
(दफा ९ को उपदफा (१) सँग सम्बन्धित)

**विद्युत महसुलमा अनुदान कार्यक्रम सम्बन्धी ३० (तिस) दिने सूचना**

**प्रकाशन मिति: २०८२।०९।०२**

यस डिभिजन कार्यालयको आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार विद्युत महसुल अनुदान कार्यक्रम प्रारम्भ भएकोले गण्डकी प्रदेश भित्रका भूमिगत लिफ्टिङ प्रविधिबाट एवं नवलपरासी (ब.सु.पू.) जिल्ला भित्रका सतह लिफ्टिङ प्रविधिबाट संचालित सिंचाई आयोजनाका उपभोक्ता संस्थाले चालु आ.व. का लागि "लिफ्टिङ आयोजनामा विद्युत महसुल अनुदान सम्बन्धी मापदण्ड, २०८२" बमोजिम कार्यक्रममा सहभागी हुन ३० (तिस) दिन भित्र तपसिल बमोजिमका कागजातहरु सहित यस डिभिजन कार्यालयमा आवेदन दिनुहुन सूचना आह्वान गरिएको छ।

**तपसिल:**

१. अनुदानग्राही उपभोक्ता संस्थाको नाम र ठेगाना खुल्ने नवीकरण सहितको दर्ता प्रमाणपत्रको प्रतिलिपि।
२. विद्युत महसुल अनुदान आवेदन फारम (अनुसूची-४)।
३. विद्युत महसुल तिरेको विल/भरपाई (सक्कल प्रति)।
४. संस्थाको नाममा रहेको बैंक खाता विवरण।
५. मर्मत सम्भार कोष स्थापना भएको प्रमाण कागजात।
६. संघ तथा स्थानीय सरकारबाट अनुदान नलिएको स्व-घोषणा।
७. अनुदान माग गर्ने उपभोक्ता समितिको निर्णयको प्रतिलिपि।

**थप जानकारीको लागि:**
**कार्यालय: जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, नवलपरासी (ब.सु.पू.)।**
**सम्पर्क नं.: ०७८-५४११५०, ईमेल: irrigation.nawalpur@gmail.com**
**"लिफ्टिङ आयोजनामा विद्युत महसुल अनुदान सम्बन्धी मापदण्ड, २०८२" मन्त्रालयको वेबसाइटमा उपलब्ध रहेको छ।**
**वेबसाईट: http//moewrws.gandaki.gov.np/page/criteria**

Coca-Cola

**बोटलर्स नेपाल लिमिटेडका शेयरधनी महानुभावहरूलाई**
**४७औं वार्षिक साधारण सभाको सूचना**

मिति २०८२ साल मंसिर १० गते, बुधबार (तदनुसार २६ नोभेम्बर, २०२५) बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको ४७औं वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान तथा समयमा तपसिलका विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्बन्धित सबै शेयरधनी महानुभावहरुलाई जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

**मिति, समय र स्थान**

- मिति : २०८२ साल पुस २३ गते (तदनुसार ७ जनवरी, २०२६)
- समय : दिउँसो ३ बजे।
- स्थान : होटल याक एण्ड यति, दरबारमार्ग, काठमाण्डौं।

**छलफलका विषय सूची**

**१. सामान्य प्रस्ताव**

क) आर्थिक वर्ष २०८१।८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने।
ख) प्रबन्ध सञ्चालकको पारिश्रमिक तथा अन्य सुविधा उपर छलफल गरी पारित गर्ने।
ग) सञ्चालक समितिको बैठकबाट निर्णय भएबमोजिम स्वतन्त्र सञ्चालकका रुपमा ४ वर्षका लागि नियुक्त श्री सिद्धान्त राज पाण्डेको नियुक्तिलाई स्वीकृत गर्ने।
घ) सर्वसाधारण शेयरधनीको प्रतिनिधित्व गर्ने सञ्चालक (संख्या १) को निर्वाचन गर्ने।

**२. विशेष प्रस्ताव**

क) यस कम्पनीका सहायक कम्पनीहरु बोटलर्स नेपाल (तराई) लिमिटेड र ट्रोइका ट्रेडर्स प्रा.लि. समेतको सम्वत् २०८२ असार ३२ गते सम्मको वासलात, आ. व २०८१।८२ को आय विवरण, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण सहितको लेखापरीक्षण भएको एकिकृत वित्तीय विवरण स्वीकृत गर्ने।
ख) कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०८२।८३ को लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमिक स्वीकृत गर्ने। *(श्री पि.के.एफ.टि.आर उपाध्या एण्ड कम्पनी (फर्म रजिष्ट्रेषन नं. ०६) (सुमित्रा रिजाल, पार्टनर)लाई आर्थिक वर्ष २०८२।८३ को लेखापरीक्षण गर्न रु. ६३०,०००।- (अक्षरुपी रु छ लाख तीस हजार मात्र) पारिश्रमिक सहित लेखापरीक्षक नियुक्ति गर्ने प्रस्ताव गरिएको)।*

**३. विविध।**

दृष्टव्य: ४७औं वार्षिक साधारण सभालाई ध्यानमा राखी मिति २०८२।०९।११ (तदनुसार २६ डिसेम्बर, २०२५) गते कम्पनीको शेयर दाखिल खारेज दर्ता बन्द रहने जानकारी समेत यसै सूचनाद्वारा शेयरधनी महानुभावहरुमा सूचित गरिन्छ। नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८२।०९।१० (तदनुसार २५ डिसेम्बर, २०२५) गते सम्म कारोबार भई म्यादभित्र यस कम्पनीको शेयर रजिष्ट्रार नबिल ईन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेडमा प्राप्त हुने शेयरधनीहरुलाई साधारण सभामा सहभागी गराइनेछ।

**साधारण सभा सम्बन्धी सामान्य जानकारी**

१. कम्पनीको वार्षिक प्रतिवेदन, प्रतिनिधि (प्रोक्सी) फारम तथा वार्षिक साधारण सभासँग सम्बन्धित अन्य कागजातहरु कम्पनीको अभिलेखमा रहेको शेयरधनी महानुभावहरुको ठेगानामा हुलाकबाट छुट्टै प्रेषित गरिनेछ। कुनै कारणवश कुनै शेयरधनी महानुभावले वार्षिक प्रतिवेदन प्राप्त नगरेको खण्डमा कम्पनीको रजिष्टर्ड कार्यालय, बालाजु औद्योगिक क्षेत्र, बालाजु, काठमाडौंमा सम्पर्क गर्न सक्नुहुनेछ वा उक्त वार्षिक प्रतिवेदन र प्रोक्सी फारम कम्पनीको वेवसाईट www.bnl.com.np बाट अध्ययन गर्न सकिने छ। साथै वार्षिक प्रतिवेदन यस सूचनामा उल्लखित QR Code स्क्यान गरी सजिलै अवलोकन गर्न सकिने व्यवस्था गरिएको छ। तपाईलाई वार्षिक प्रतिवेदन खोल्न र पढ्नको लागि PDF Reader Application आवश्यक हुनेछ।
२. सभामा भाग लिन चाहने महानुभावहरुले प्रवेश पत्र वा शेयर प्रमाणपत्र/BOID (हितग्राही प्रमाण खाता नम्बर) अनिवार्य रुपले लिई आउनु हुन अनुरोध गरिन्छ। कुनै शेयरधनी माहानुभावहरुले कुनै कारणवश सो सूचना नपाउनु भएमा यसैलाई सूचना सरह मानी आफ्नो कुनै एक परिचयपत्र र शेयरको सक्कल प्रमाण पत्र साथमा लिई सभामा भाग लिन आउनु हुन अनुरोध गरिएको छ।
३. सभामा कुनै प्रश्न/सल्लाह/सुझाव राख्न चाहनुहुने शेयरधनी महानुभावले सभा सुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै investorrelations@coca-cola.com.np मा इमेलमा अनुरोध गर्नु पर्नेछ।
४. कुनै अर्को शेयरधनीको प्रतिनिधि (प्रोक्सी) को रुपमा भाग लिन र मतदान गर्न चाहने शेयरधनीले सभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै प्रोक्सी फारम इमेल मार्फत sumesh.pandey@nabilinvest.com.np वा नविल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नारायणचौर, नक्साल (कम्पनीको शेयर रजिष्ट्रार) मा पेश गर्नु पर्नेछ।
५. सभामा उपस्थित हुनको लागि कुनै एक शेयरधनीको तर्फबाट एक भन्दा बढी व्यक्तिहरुको नाममा प्रोक्सी नियुक्त भएमा सबैभन्दा पछिल्लो मितिमा नियुक्त गरिएको प्रोक्सीले सभामा उपस्थित हुन र मतदान गर्न पाउने छ। कुनै शेयरधनीले एकै मितिमा एक भन्दा बढी प्रोक्सी नियुक्त गरेमा सबै भन्दा पहिले प्रोक्सी कम्पनीको कार्यालयमा दर्ता गर्ने व्यक्तिले सभामा उपस्थित हुन र मतदान गर्न पाउने छ।
६. नाबालक तथा मानसिक सन्तुलन ठीक नभएका शेयरधनीको तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा दर्ता भएको व्यक्तिले सभामा भाग लिन र मतदान गर्न वा प्रोक्सी नियुक्त गर्न सक्नेछ।
७. संयुक्त रुपमा धारण गरेको शेयरको हकमा शेयर लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति वा सर्व सम्मतिबाट प्रतिनिधि नियुक्त भएको एक व्यक्तिले मात्र सभामा भाग लिन वा मतदान गर्न पाउने छ।
८. अन्य कुनै जानकारीको लागि कृपया कम्पनीको रजिष्टर्ड कार्यालय बालाजु, काठमाडौंमा अथवा फोन नं. ४३५२२९४ वा ४३५२९८८ ext. २१६ वा २१७ वा हाम्रो शेयर रजिष्ट्रार कार्यालय, नबिल ईन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नारायणचौर, नक्साल, फोन नं. ४५११६०४ ext. ११६ वा १४३ मा सम्पर्क गर्नु होला।

संचालक समितिको निर्णयानुसार

**विश्वप्रकाश पौडेल**
कम्पनी सचिव

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com